# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

२२

पूर्णाङ्क

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलोकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा


६ वर्ष

२ अङ्क


[इतिहास–प्रधान त्रैमासिक पत्रिका]


सम्पादक—

गौतमवज्र वज्राचार्य

महेशराज पन्त

प्रकाशक तथा प्रबन्धक-

धनवज्र वज्राचार्य

(संशोधन–मण्डलद्वारा)

सहयोगीहरू—

राममजी तेवारी

देवीप्रसाद भण्डारी

दिनेशराज पन्त

# विषयसूची


पृष्ठ

१. लिच्छविकालको शासनपद्धति – धनवज्र वज्राचार्य १११-११६

२. श्री ५ पृथ्वीनारायण शाहको मरवट–नीति – दिनेशराज पन्त ११७ ११८

३. आचार्य कौटल्य र श्री ५ पृथ्वीनारायण शाह – गौतमवज्र वज्राचार्य ११८-१२२

४. वीर भक्ति थापा – महेशराज पन्त १२२-१२५

५. पठनपाठनमा केही विचार – नयराज पन्त १२६-१३२

६. प्रधानमन्त्री माथवरसिंह थापाको
वि. सं. १९०१ को शिलापत्र – देवीप्रसाद भण्डारी १३३-१४३

७. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप – रामजी तेवारी १४३-१४५

८. श्री युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको संक्षिप्त जीवनी १४६-१५०
– (श्री ५ को सरकार सूचना तथा प्रसारमन्त्रालय सूचनाविभागबाट प्राप्त)

९. सौभाग्यवती श्री ५ युवराज्ञी ऐश्वर्यराज्यलक्ष्मीदेवी राणाको संक्षिप्त जीवनी १५१-१५३
– (श्री ५ को सरकार सूचना तथा प्रसारमन्त्रालय सूचनाविभागबाट प्राप्त)

१०. हाम्रो वक्तव्य १५४-१६८

(क्रमागत)

# लिच्छविकालको शासनपद्धति

—धनवज्र वज्राचार्य

## मन्त्रिपरिषद्—

शासन एक व्यक्तिबाट चल्न सक्ने कुरा होइन । यसका लागि सहायकहरूको आवश्यकता पर्दछ । यसैले राजालाई शासनसम्बन्धी काममा सल्लाह दिन, सघाउन 'मन्त्रिपरिषद' बनाउनू भन्ने उल्लेख प्राचीन अर्थशास्त्र, स्मृति आदिमा पाइन्छ । मन्त्रिपरिषद् कसरी बनाउने आदि कुराको विस्तृत चर्चा कौटल्यले आफ्नो अर्थशास्त्रमा गरेका छन् । विचारार्थ त्यसको अलिकता अंश यहाँ उद्धृत गरिन्छ—

"सहायसाध्यं राजत्वं चक्रमेकं न वर्तते ।

कुर्वीत सचिवांस्तस्मात्तेषां च शृणुयान्मतम् ।।१५।।

......मन्त्रिपरिषदं द्वादशामात्यान् कुर्वीतेति मानवाः ।।५३।। षोडशेति बार्हस्पत्याः ।।५४।। विंशतिमित्यौशनसाः ।।५५।। यथासामर्थ्यमिति कौटल्यः ।।५६।।"

(कौटलीय अर्थशास्त्र १।७,१५)

[जसरी एक चाङ्ग्राले रथ चल्दैन, त्यसै गरी एक्लैले राज्य चल्दैन । राज्य चलाउन सहायकहरू चाहिन्छन् । यस कारण मन्त्रीहरू बनाउनू । तिनीहरूको राय सुन्नू ।

बाह्र जना अमात्य भएको मन्त्रिपरिषद् बनाउनू भन्ने मनुका अनुयायीहरूको भनाइ छ । सोह्र जना अमात्य भएको मन्त्रिपरिषद बनाउनू भन्ने बृहस्पतिका अनुयायीहरूको भनाइ छ । बीस जना अमात्य भएको मन्त्रिपरिषद् बनाउनू भन्ने शुक्राचार्यका अनुयायीहरूको भनाइ छ । सामर्थ्य हेरी जति आवश्यक हुन्छ, त्यति अमात्य भएको मन्त्रिपरिषद् बनाउनू भन्ने कौटल्यको भनाइ छ ।]

राजालाई राजकाजसम्बन्धी सल्लाह दिने 'मन्त्री' कहलाउँथे । राजालाई राजकाजमा सघाउने कामसमेत गर्ने 'अमात्य' कहलाउँथे[1] । यस कारण शासनव्यवस्थामा मन्त्री, अमात्यको विशिष्ट स्थान रहन्थ्यो भन्ने स्पष्ट छ ।

---

१. मन्त्री र अमात्यमा के फरक थियो भन्ने कुरा कौटलीय अर्थशास्त्रबाट थाहा पाइन्छ । 'अमात्योत्पत्ति' भन्ने प्रकरणमा अमात्य कस्तालाई बनाउने भन्ने प्रश्नलाई लिई धेरै पूर्वाचार्यहरूको मतको उद्धरण कौटल्यले दिएका छन् । त्यसको अलिकता अंश यस प्रकारको छ—

"संख्यातार्थेषु कर्मसु नियुक्ता ये यथादिष्टमर्थं सविशेषं वा कुर्युस्तानमात्यान् कुर्वीत ।।१४।। दृष्टगुणत्वादिति ।।१५।। नेति कौणपदन्तः ।।१६।। अन्यैरमात्यगुणैरयुक्ता ह्येते ।।१७।।

…नीतिविदो नवानमात्यान् कुर्वीत ।।२५।।…नेति बाहुदन्तीपुत्रः ।।२७।। शास्त्रविददृष्टकर्मा कर्मसु विषादं गच्छेत् ।।२८।।

…सर्वमुपपन्नमिति कौटल्यः ।।३१।।

विभज्यामात्यविभवं देशकालौ च कर्म च ।

अमात्याः सर्व एवैते कार्याः स्युर्न तु मन्त्रिणः ।।३३।।"

(कौ. अ. १।८)

[विशिष्ट काम अह्राउँदा जस जसले अह्राएबमोजिम काम पटचाउँछन् अथवा अह्राएको-भन्दा पनि बढी राम्रो गर्छन्, तिनलाई अमात्य बनाउन् । किनभने त्यताबाट तिनीहरूको गुण देखिसकेको हुन्छ । पिशुनको यो भनाइ ठीक छैन भन्ने कौणपदन्तको भनाइ छ । किनभने तिनीहरूसंग अमात्यमा हुनुपर्ने अरू गुण हुँदैनन् ।

…नीति जान्ने नयाँ मानिसलाई अमात्य बनाउनू । वातव्याधिको यो भनाइ ठीक छैन भन्ने बाहुदन्तीपुत्रको मत छ । किनभने काममा अनुभव नभएका शास्त्र मात्र पढेकाहरू काम आइपर्दा अलमल्ल पर्छन् ।

…सबैले भनेको ठीक छ भन्ने कौटल्यको भनाइ छ । सामर्थ्यअनुसार अमात्यको गुण, देश काल र काम हेरेर माथि चर्चा गरिएका सबै किसिमका मानिसलाई अमात्य बनाउनु हुन्छ । मन्त्री बनाउनचाहिं हुँदैन ।]

'उपधाभिः शौचाशौचज्ञानममात्यानाम्' भन्ने प्रकरणमा यस्तो लेखिएको छ—

"मन्त्रिपुरोहितसखः सामान्येष्वधिकरणेषु स्थापयित्वामात्यानुपधाभिः शोधयेत् ।।१।।…सर्वोपधाशुद्धान् मन्त्रिणः कुर्यात् ।।२४।।

(कौ. अ. १।१०)

[मन्त्री र पुरोहितलाई साथमा लिई राजाले साधारण विभागमा अमात्यहरूलाई नियुक्त गरी अनेक किसिमले जाँच गर्नु ।……सबै किसिमबाट जाँची हेर्दा शुद्ध ठहरिएका (अमात्य)लाई 'मन्त्री' बनाउन् ।]

यताबाट मन्त्री र अमात्य भिन्नाभिन्नै हुन्थे । अमात्यको काम शासनसम्बन्धी कार्यमा राजालाई सघाउने हुन्थ्यो भन्ने थाहा पाइन्छ ।

मन्त्रीको काम 'मन्त्राधिकार' प्रकरणका यी वाक्यबाट थाहा पाइन्छ—

"मन्त्रपूर्वाः सर्वारम्भाः ।।२।।…उच्छिद्येत मन्त्रभेदी ।।६।।…तस्माद्गुह्यमेको मन्त्रयेतेति भारद्वाजः ।।१५।। मन्त्रिणामपि हि मन्त्रिणो भवन्ति ।।१६।। तेषामप्यन्ये ।।१७।। सैषा मन्त्रिपरम्परा मन्त्रं भिनत्ति ।।१८।।…नैकस्य मन्त्रसिद्धिरस्तीति विशालाक्षः ।।२०।।…

मन्त्रिभिस्त्रिभिश्चतुर्भिर्वा सह मन्त्रयेत् ।।३७।। मन्त्रयमाणो ह्येकेनार्थकृच्छ्रेषु निश्चयं नाधि-

लिच्छविकालमा हाम्रो यहाँ शासनव्यवस्थामा मन्त्री अमात्यको कुन स्थान थियो, सो स्पष्ट हुन सकेको छैन । लिच्छविकालका अभिलेखमा 'मन्त्री' को उल्लेख त कतै आएकै छैन । अमात्यको उल्लेख पनि थोरै मात्र पाइएको छ । नरेन्द्रदेवको पाटन भन्सारचोकको अभिलेखमा र काठमाडौं यङ्गालहिटीको अभिलेखमा 'कुमारामात्य' को उल्लेख परेको छ । साँखुको एउटा सानो खण्डित अभिलेखमा 'धार्मराजिकामात्य' को उल्लेख आएको छ । लिच्छविकालका अभिलेखमा 'अमात्य' सम्बन्धी उल्लेख पाइएको यति नै हो । यत्तिबाटै अमात्यसम्बन्धी स्थितिको अनुमान गर्नुपरेको छ ।

---

**गच्छेत् ।।३८।। एको मन्त्री यथेष्टमनवग्रहश्चरति ।।३९।। द्वाभ्यां मन्त्रयमाणो द्वाभ्यां संहताभ्यामवगृह्यते ।।४०।। विगृहीताभ्यां विनाश्यते ।।४१।। त्रिषु चतुर्षु वा नैकान्तं कृच्छ्रेणोपपद्यते महादोषम् ।।४२।। उपपन्नं तु भवति ।।४३।। ततः परेषु कृच्छ्रेणार्थनिश्चयो गम्यते ।।४४।। मन्त्रो वा रक्ष्यते ।।४५।। देशकालकार्यवशेन त्वेकेन सह द्वाभ्यामेको वा यथासामर्थ्यं मन्त्रयेत ।।४६।।**

(कौ. अ. १।१५)

[सबै काम थाल्नुभन्दा पहिले सल्लाह गर्नू । सल्लाह गर्दा सो अरूले थाहा पाए भने आफ्नो नाश हुन्छ ।...त्यस कारण गुप्ती कुरोको विचार आफू एक्लैले गर्नू भन्ने भारद्वाजको भनाइ छ । किनभने मन्त्रीका पनि मन्त्री (सल्लाह दिने) हुन्छन् । तिनका पनि अरू मन्त्री हुन्छन् । यो मन्त्रिपरम्पराले गर्दा सल्लाह गरेको कुरा अरूले थाहा पाउँछन् । ..आफू एक्लैले विचार गर्दा काम सफल हुन गाह्रो छ भन्ने विशालाक्षको भनाइ छ ।

तीन वा चार मन्त्रीसंग सल्लाह गर्नू । एक्लैसंग सल्लाह गर्दा गाह्रोसाङ्गो पर्दा निर्णय गर्न गाह्रो हुन्छ । एक्लै मन्त्री भयो भने डरभर नमानी मनपरी गर्छ । दुइ जनासंग सल्लाह गर्दा ती दुइजना मिलिदिए भने राजालाई अंठ्याउँछन् । दुइ जनाले झगडा गरे भने काम बिग्रिन्छ । तीन वा चार जनासंग सल्लाह गर्दा ठूलो दोष प्रायः कम पर्छ; ठीकसंग काम चल्छ । त्यसभन्दा बढीसंग सल्लाह गर्दा कुनै कुरोको टुङ्गो लाउन गाह्रो हुन्छ । मन्त्ररक्षा गर्न पनि गाह्रो हुन्छ । देश, काल र काम हेरी एक्लैसंग, दुइजनासंग वा आफू एक्लैले शक्तिअनुसार विचार गर्नू ।।]

यताबाट मन्त्रीको काम शासनसम्बन्धी आवश्यक कार्यमा सल्लाह दिने हुन्थ्यो भन्ने थाहा पाइन्छ । मन्त्रीहरू र मन्त्रिपरिषद् भिन्नै हुन्थे भन्ने कुरा कौटलीय अर्थशास्त्रको 'मन्त्राधिकार' प्रकरणको यस वाक्यबाट थाहा पाइन्छ—

**' आत्ययिके कार्ये मन्त्रिणो मन्त्रिपरिषदं चाहूय ब्रूयात् ।।६३।। तत्र यद् भूयिष्ठाः कार्यसिद्धिकरं वा ब्रूयुस्तत्कुर्यात् ।।६४।।"**

[संकटपूर्ण ठूलो काज आइपरेमा मन्त्रीहरू र मन्त्रिपरिषद्लाई पनि बोलाएर भन्नू । त्यहाँ धेरैको जुन राय ठहर्छ अथवा काज फत्ते हुने कुरो जसले बोल्छन्, त्योअनुसार काम गर्नू ।]

*कुमारामात्य*–राजतन्त्र–शासन–प्रणालीमा राजापछिको स्थान युवराजको रहन्थ्यो। युवराजले शासनको केही भार पनि बोक्दथे। अतः युवराजलाई शासनमा सघाउने अमात्यको आवश्यकता हुनु स्वाभाविक छ। यस प्रसङ्गमा 'कुमारामात्य' पदको उत्पत्ति भएको हो। पछि कुमार राजा बनेपछि पनि अघिदेखि आफूलाई सहायता गर्द आएका विश्वस्त मानिसलाई यो पदले विभूषित गर्ने चलन चल्यो।

कुमारामात्यको कार्यक्षेत्र निश्चित थिएन। आवश्यकताअनुसार कुमारामात्यले विभिन्न काम गरेको उल्लेख पाइन्छ। नरेन्द्रदेवका उपर्युक्त दुइ अभिलेखमा कुमारामात्य प्रियजीव दूतकका रूपमा उल्लिखित छन्।

पूर्णिमा ११ पूर्णाङ्कका १३–१७ पृष्ठमा 'कुमारामात्य' बारे सप्रमाण विचार गरिसकेको छ। यस कारण यहाँ फेरि दोहऱ्याउनु आवश्यक छैन।

*धार्मराजिकामात्य*–साँखको एउटा अभिलेखमा 'धार्मराजिकामात्य' पदको उल्लेख परेको छ। खण्डित त्यस अभिलेखमा[1]—

१. "देयधर्मोयं श्रीधार्मराजिकामात्यस्य..............."

२. सांघिकभिक्षुसंघस्य..............................

यति अक्षर मात्र बाँकी छन्। यताबाट श्रीधार्मराजिकामात्य.......ले भिक्षुसंघलाई दान गरेको बुझिन्छ। यस पदको अर्थ यताबाट खुल्दैन। अरू अभिलेखमा यस पदको उल्लेख आएको छैन। यसो हुनाले यस पदको अर्थ निश्चित गर्नु अलि गाह्रो छ।

भारतका प्रसिद्ध राजा अशोकले धर्मसम्बन्धी व्यवस्था मिलाउन 'धर्ममहामात्र' नामक अधिकारी नियुक्त गरेको उल्लेख उनका अभिलेखमा ठाउँ ठाउँमा परेको छ। धर्ममा जनताको रुचि बढोस्, एक धर्मले अर्को धर्मको द्वेष नगरोस्, धार्मिक काम कुरा राम्ररी चलून् भन्ने कुराको रेखदेख गर्ने काम 'धर्ममहामात्र'को हुन्थ्यो। अशोकका अभिलेखबाट यो कुरा बुझिन्छ[2]।

---

१. लेभीद्वारा १७ संख्याको रूपमा, नोलीद्वारा ७५ संख्याको रूपमा यो छापिएको छ।

२. "त्रेडशवषभिसितेन मय ध्रममहमत्र कट, ते सवपषडेषु वपुट ध्रमधिथनये च ध्रमवध्रिय हिदसुखये च..."

(मान्सेराको अभिलेखबाट। दिनेशचन्द्र सरकारको 'अभिलेख–संग्रह' को २३ पृ.)

[त्रयोदशवर्षाभिषिक्तेन मया धर्ममहामात्राः कृताः। ते सर्वपाषण्डेषु व्यापृक्ता धर्माधिष्ठानाय च धर्मवृद्धये हितसुखाय च]

(राज्याभिषेक भएको तेह्रौं वर्षमा मैले 'धर्ममहामात्र' हरू नियुक्त गरेको छु। तिनीहरूले धार्मिक विधान चलाउनाको लागि, धर्म फैलाउनाको लागि, हित र सुख हुने कामको लागि सबै धार्मिक सम्प्रदायहरूको हेरचाह गर्नेछन्।)

यसै गरी 'धार्मराजिकामात्य' को काम पनि धार्मिक काम कुराको रेखदेख गर्नु थियो कि भन्ने अनुमान हुन्छ ।

लिच्छविकालको शासनव्यवस्थामा अमात्यको स्थान कस्तो थियो भन्ने स्पष्ट नभए तापनि 'कुमारामात्य' र धार्मराजिकामात्य' यी दुइ अमात्यको उल्लेख पाइएको हुनाले यस विषयमा विचार गर्ने अलिकता आधार पाइएको छ । युवराजलाई शासनसम्बन्धी काममा मद्दत गर्ने 'कुमारामात्य' देखिएका हुँदा राजा वा संयुक्त शासक, सहायक शासकहरूलाई मद्दत गर्ने अरू 'अमात्य' पनि हुँदा हुन् भन्नी अनुमान गर्न सकिन्छ[1] । तर अरू प्रमाण नपाइन्जेल यस विषयमा

---

'"अतप्रषंडपुज व परपषंडगरहन व नो सिय "पुजेतविय व चु परप्रषंड" एवं करतं अत-प्रषंडं वढेति परप्रषंडंस पि च उपकरोति "बहुक च एतये अठये वपट ध्रममहामत्र"'

(शाहबाजगढीको अभिलेखबाट। दिनेशचन्द्र सरकारको 'अभिलेख-संग्रह' को ३४ पृ.)

[ "आत्मपाषण्डपूजा वा परपाषण्डगर्हणं वा नो स्यात् "पूजयितव्याश्च परपाषण्डाः "एवं कुर्वन्नात्मपाषण्डं वर्धयति, परपाषण्डं चोपकरोति "एतस्मा अर्थाय बह्वो धर्ममहामात्रा व्यापृत्ताः" ]

( "आपनो सम्प्रदायको प्रशंसा र अरूको सम्प्रदायको निन्दा नहोस् ।" अरूको सम्प्रदायको पनि कदर गर्नुपर्छ । यसो गर्दा आपनो सम्प्रदायको हित हुन्छ, अरूको सम्प्रदायको पनि हित हुन्छ ।" यसका लागि मैले धेरै धर्ममहामात्रहरू नियुक्त गरेको छु ।")

१ गुप्तकालको भारतको शासनव्यवस्थामा पनि 'मन्त्रिपरिषद्' को स्थिति स्पष्ट हुन सकेको छैन । तर गुप्तकालका अभिलेखमा 'मन्त्री' को फाटफुट उल्लेख पाइन्छ—

"तस्य राजाधिराजर्षेरचिन्त्योज्ज्वलकर्म्मणः ।
अन्वयप्राप्तसाचिव्यो व्यापृतसन्धिविग्रहः ।।
कौत्सश्शाव इति ख्यातो वीरसेनः कुलाख्यया ।"
कृत्स्नपृथ्वीजयार्थेन राज्ञेवेह सहागतः ।
भक्त्या भगवतश्शम्भोर्गुहामेतामकारयत् ।।"

(उदयगिरिको द्वितीय चन्द्रगुप्तको पालाको अभिलेखबाट । दिनेशचन्द्र सरकारको 'अभिलेख संग्रह' को २७२ पृ.)

[चिताइनसक्ने ठूलो काम गर्ने उहां महाराजाधिराज (चन्द्रगुप्त) का पुस्तैनी मन्त्री, सन्धिविग्रहको काम गर्ने 'कौत्स शाव' भनी प्रसिद्ध भएका वीरसेनले विजययात्राका लागि निस्केका राजासँगै यहां आउँदा भगवान् महादेवप्रतिको भक्तिले यो गुफा बनाउनुभयो ।]

यसबाट वीरसेन परराष्ट्रसम्बन्धी मन्त्री थिए भन्ने थाहा पाइन्छ ।

"'महाराजाधिराजश्रीचन्द्रगुप्तस्य मन्त्री कुमारामात्यशिखरस्वाम्यभूत्तस्य पुत्रः पृथिवीषेणः

बढ्ता विचार गर्नु आवश्यक देखिँदैन ।

*अरू अधिकारीहरू—*

सोझै शासनव्यवस्थासम्बन्धी विवरण भएको लिच्छविकालको अभिलेख पाइएको छैन । राजाले अनुग्रहपूर्वक केही सुबिधा गरिदिई राखिएका सनद शिलापत्रहरू मात्र प्राय: अहिले पाइएका छन । त्यस्ता अभिलेखमा राजा, सहायक शासक र दूतक आदिको मात्र उल्लेख पाइन्छ । यस कारण लिच्छविकालका थोरै अधिकारीहरूको मात्र नामोल्लेख भएको हामी पाउँछौं । त्यस वेला राजदरबारमा उपस्थित रही राजालाई शासनकार्यमा मद्दत गर्ने अधिकारीमध्ये दण्डनायक सर्वदण्डनायक, प्रतिहार महाप्रतिहार, महाबलाध्यक्ष आदि अधिकारीहरू उल्लेखनीय थिए । यी अधिकारीहरूको बारेमा 'पूर्णिमा' ११ पूर्णाङ्कमा विचार गरिसकेको छु । यस कारण यहाँ तिनको फेरि चर्चा गर्नु आवश्यक देखिँदैन ।

(क्रमश:)

—★—

---

**महाराजाधिराजश्रीकुमारगुप्तस्य मन्त्री कुमारामात्योनन्तरं च महाबलाधिकृत:…"**

(करमदाण्डाको कुमारगुप्तको पालाको अभिलेखबाट । दिनेशचन्द्र सरकारको 'अभिलेख-संग्रह' को २८२–८३ पृ.)

[…महाराजाधिराज श्रीचन्द्रगुप्तका मन्त्री कुमारामात्य शिखरस्वामी हुनुभयो । उहाँका छोरा पृथिवीषेण महाराजाधिराज श्रीकुमारगुप्तका मन्त्री कुमारामात्य पछि महाबलाधिकृत (प्रधान सेनापति) हुनुहुन्छ…]

यताबाट गुप्तकालमा मन्त्रीहरू थिए भन्ने स्पष्ट छ । यस कारण—

"उस समय के (गुप्तकाल के) शिलालेखों में हमें 'मन्त्री' शब्द नही मिलता ।…मालूम होता हैं कि उसके बदले में दंडनायक या महादंडनायक शब्द का व्यवहार होने लगा था"

('हिन्दू-राज्यतन्त्र' दोस्रो भागको २९४ पृ.)

श्रीकाशीप्रसाद जायसवालको गुप्तकालमा 'मन्त्री' पदको उल्लेख पाइँदैन भन्ने यो उक्ति अशुद्ध छ ।

# श्री ५ पृथ्वीनारायण शाहको मरवट–नीति

**–दिनेशराज पन्त**

श्री ५ पृथ्वीनारायण शाहको मृत्यु वि. सं. १८३१ मा भएको हो । त्यस वेला उनको उमेर ५२ वर्षको थियो । पृथ्वीनारायण शाहको मनमा रहेको सबै योजना पूरा हुन पाएको थिएन । यस कारण आफ्नो मृत्युपछि पनि सो काम चल्दै जाओस् भन्ने विचारले अन्तिम समयमा उनले आफ्ना भारादारहरूलाई आफ्ना अनुभव तथा नीतिविषयका कुरा सुनाएका थिए । त्यस उपदेशबाट पृथ्वीनारायणसम्बन्धी निकै कुरा हामी बुझ्न सक्छौं ।

पृथ्वीनारायण शाह विजिगीषु पुरुष थिए । उनको मनमा नेपालको एकीकरण गर्ने इच्छा पैदा भयो । त्यो काम पूरा गर्न पृथ्वीनारायण शाहलाई अरू मानिसहरूको पनि सहायता चाहिन्थ्यो । जे काम गरेर माम पाइन्छ, त्यसमा मानिसको मन तानिन्छ । लडाकाहरूको मन घरको बारेमा निःशङ्क भयो भने उनीहरू लडाईंमा निःशङ्क हुन्छन् भन्ने पृथ्वीनारायण शाहको विचार थियो–

**उप्रान्त ।। जढ कुरो राजालाई चाहीन्या सिपाहिहरुको घर षेत मिलाईदिनु र मल्जल् गर्छन् र डुबौ बोटि भित्र हाल्न पाउछन् र कबिलाको निर्फिक्रि हुन्छ. ढोकामा भया पनि गौडामा भया पनि सिपाहिहरूको छाति बलियो रहन्छ.**

(श्री ५ पृथ्वीनारायण शाहको उपदेश ३२६ पृष्ठबाट)

यसै विचारअनुसार लडाईंमा मरेका सैनिकका परिवारलाई मरवट दिनू भनी उनले बोलेका छन्–

**(लडाईंमा) मऱ्यो भन्या उस्का छोरा षुडा हान्न्या नहुन्ज्याल् मरवट् दिनु. षुडा हान्न्या भयापछि जागिरमा उकालिदिनु.**

(श्री ५ पृथ्वीनारायण शाहको उपदेश ३२७ पृष्ठबाट)

मरवट भनेको कुनै सैनिक लडाइँको मैदानमा मारियो भने उनको परिवारलाई सरकार-तर्फबाट दिइएको जग्गा आदिको सहायता हो ।

शिवरामसिंह बस्न्यातका माहिला छोरा केहरसिंह बस्न्यात पृथ्वीनारायण शाहका भरपर्दा भारादारहरूमा एक थिए । पृथ्वीनारायण शाहले नेपाल–उपत्यका जितेपछि पश्चिम विजय गर्न फौज पठाएका थिए । सो फौजको सेनापतिमध्येमा केहरसिंह एक थिए । वि. सं १८२८ मा

सतहुँको लडाईंमा केहरसिंह परेका थिए ।[1] केहरसिंहका जहरसिंह, कीर्तिमानसिंह, बखतावरसिंह-नामका तीन छोरा थिए। त्यस वेला तिनीहरू क्रमशः ७, ४ तथा १ वर्षका थिए ।[2] यस कारण पृथ्वीनारायणले केहरसिंहका परिवारलाई आफ्नो नीतिअनुसार मरवट दिएका थिए । यो कुरा वि. सं. १८४३ मा श्री ५ रणबहादुर शाहले केहरसिंहका छोराहरूलाई गरिदिएको लालमोहरको उद्धरणबाट थाहा पाइन्छ —

(श्री ५ रणबहादुर शाहको प्रशस्ति)

**आगे केहरसिंहले हाम्रा निमक बुझि जिउ दिन्दा फटकसिला मरवट गरि हिजो श्री-जिज्यूबाज्याले केहरसिंहका सन्तानलाई बक्स्याको रहेछ.....................इति सम्वत् १८४३ साल मिति चैत्र शुदि ७ रोज ४ शुभम्**

(ऐतिहासिक-पत्रसंग्रह दोस्रो भागको ९४ पृष्ठबाट)

यहाँ माथि प्रस्तुत गरिएको उदाहरण मायिल्लो तहको भारदारसँग सम्बद्ध छ ।

हालै पाइएको वि. सं. १८२९ को एक अप्रकाशित पत्रबाट पृथ्वीनारायण शाह अरू तहका सैनिकहरूलाई पनि मरवट दिन्थे भन्ने देखिन्छ[3] —

**स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का**

**आगे कालु षतृ त रामचन्द्र षतृको छोरा रहिछस. बाबु कटकमा[4] पर्‍या. सर्कारबाट केही बक्स्या जाबोस्त ज्य मनाउन्या हुं भनि बिन्ती पारि पठाइछस. बडीया भनिस. तैले दुष मान्या छैन. म रछा गरुला. पछी निमेषको सोझो चिताई काज गर्‍यास् त समर्थ्या नहुन्ज्याल् तपसिल-बमोजरको(?)षायल बक्स्यौं. आफना ष।तिर्जामा रहि भोग्य गर.**

तपसिल

**नामुडा पाषो षायलमध्ये षेत ।२५[5]**

**कटुजे रोसिषोलामध्ये षेत ।१०[6]**

**मन्थली सुषजोरमध्ये षेत ।२०[7]**

**इति सम्वत १८२९ फागुन सुदि ५ रोज ६[8] शुभम्**

---

१. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ९१० पृष्ठ ।

२. ऐतिहासिक-पत्रसंग्रह (दोस्रो भाग) को ९६ पृष्ठ ।

३. यो पत्रको नकल मैले श्रीमोहनप्रसाद खनालबाट पाएको हुँ ।

४. कटकमा = लडाईंमा । ५. षेत ।२५ = $६\frac{1}{4}$ रोपनी । ६. षेत ।१० = $२\frac{1}{2}$ रोपनी ।
७. षेत ।२० = ५ रोपनी ।

८. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ —

वि. सं. १८२९ फाल्गुन शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| फाल्गुन | १९ | शुक्र | पञ्चमी | ४९ । २४ |

(यो गणना श्रीदेवीप्रसाद भण्डारीले गरिदिनुभएको हो ।)

पृथ्वीनारायण शाहको यो काम राजनीतिशास्त्रसम्मत छ । शुक्रनीतिमा यसबारेमा यस्तो लेखिएको छ—

स्वामिकार्ये विनष्टो यस्तत्पुत्रो तद्भृतिं वहेत् ।
यावद् बालोऽन्यथा पुत्रगुणान् दृष्ट्वा भृतिं वहेत् ॥४१३॥
(शुक्रनीति २ अध्याय)

[मालिकको काममा जुन नोकर मर्छ । मालिकले त्यस नोकरको बालक छोरालाई पाल्नुपर्छ । छोरा समर्थ भएपछि त्यसको योग्यता हेरी त्यसलाई योग्यताअनुसारको जागीर दिनुपर्छ ।]

कौटल्यको पनि भरवटको बारेमा यस्तै विचार छ[1] ।

पृथ्वीनारायण शाहको यस भरवटनीतिले गोर्खाली जातिलाई वीर लडाका बनाउनमा मद्दत गरेको थियो ।

-★-

# आचार्य कौटल्य र श्री ५ पृथ्वीनारायण शाह

—गौतमवज्र वज्राचार्य

श्रीगुरु पं. नयराज पन्तले पूर्णिमाको १७ पूर्णाङ्कमा आचार्य कौटल्य र श्री ५ पृथ्वीनारायण शाहको बारेमा साधर्म्य र वैधर्म्यको विचार गरी एक तुलनात्मक लेख प्रकाश गराउनुभएको थियो । यस विषयमा अध्ययन बढाउँदै लानु चाख लाग्दो र उपयोगी संझी अहिले यो निबन्ध लेख्न लागेको छु ।

"समज्यायोभ्यां सन्धीयेत ॥२॥ हीनेन विगृह्णीयात् ॥३॥ विगृहीतो हि ज्यायसा हस्तिना पादयुद्धमिवाभ्युपैति ॥४॥"

(कौटलीय अर्थशास्त्र ७।३)

[आफूबराबरका तथा आफूभन्दा बढ्ता शक्ति भएकाहरूसँग सन्धि गर्नू । आफूभन्दा कमजोरसँग झगडा गर्नू । आफूभन्दा बलियोसँग झगडा गर्दा हात्तीसँग कुस्ती खेल्नु जत्तिकै हुन्छ ।]

१. यही अङ्कमा प्रकाशित "आचार्य कौटल्य र श्री ५ पृथ्वीनारायण शाह" नामक निबन्ध हेर्नुहोस् ।

पू० २.

आफ्नो अनुभव र प्रतिभाको भरमा पृथ्वीनारायणले यो कुरा बुझका थिए । यसैले उनी यसो भन्छन्—

**"चीनबादसाहसित ठुलो घाहा राष्नु."**

('श्री ५ पृथ्वीनारायण शाहको उपदेश' ३२२ पृ.)

**"सुषिमका पुराना देसमहा गया माथि लासासँग विग्रन जाला तस् अर्थ उपल्ला मुषतिर लासाका देसमहा चार अंगुल पनि साँध चापनुछैन."**

(पृथ्वीनारायण शाहले अभिमानसिंह बस्नेतहरूलाई लेखेको पत्रबाट, श्री ५ पृथ्वीनारायण शाहको उपदेश ११९३–९८ पृ.)

पृथ्वीनारायण शाहको समयमा चीनमा मञ्चूवंशका सम्राट् शियनलुङ्गको शासन चलिरहेको थियो । वि. सं. १७९३ देखि १८५३ सम्मको ६० वर्षको शासनकालमा उनले आफ्नो साम्राज्यको निकै विस्तार गरे । मंचूरिया मंगोलिया र तुर्किस्तान पनि उनले आफ्नो साम्राज्यभित्र पारे । भोटलाई पनि यिनले चीनको अधीन गराएका थिए[1] । यस कारण भोटको प्रदेशभित्र पस्नु चीनसम्राट्सँग निहुँ खोजेको संझिने हुनाले शक्तिशाली चीनका सम्राट्सँग विग्रह नगर्ने आफ्नो नीतिअनुसार पृथ्वीनारायणले पत्रमा आफ्ना भारदारहरूलाई भोटको चार अंगुल साँध पनि नचाप्नू भन्ने आदेश दिएका छन् । आफूभन्दा बलियोसँग झगडा नगर्ने कौटल्यको विचारसँग पृथ्वीनारायणको यो नीति सर्वथा मेल खान्छ । यस कारण वि. सं. १८४९ को चीनसँगको युद्ध पृथ्वीनारायणको नीतिसँग मात्र होइन कौटल्यको उक्तिसँग पनि एकदम प्रतिकूल थियो । आफूभन्दा शक्तिशालीसँग विग्रह नगर्ने नीतिको प्रतिकूल चल्दा नेपाललाई यस युद्धबाट लाभ नभएको स्पष्ट छ[2] । इतिहासको यस घटनाबाट कौटल्य र पृथ्वीनारायण दुवैको विचार वस्तुस्थितिसँग मिल्दो देखिन आएको छ ।

यी दुइको उद्देश्यमा पनि धेरै सामञ्जस्य थियो । दुनियाँलाई सुख दिनु नै राजाको मुख्य कर्तव्य हो भन्ने कुरामा दुवैले जोड दिएका छन् । कौटल्यले एक ठाउँमा भनेका छन्—

**प्रजासुखे सुखं राज्ञः प्रजानाञ्च हिते हितम् ।**
**नात्मप्रियं हितं राज्ञः प्रजानां तु प्रियं हितम् ।।३९।।**

(कौटलीय अर्थशास्त्र १।१९)

[दुनियाँलाई सुख भएमा राजाले आफ्नो सुख संझनुपर्छ । दुनियाँलाई हित भएमा राजाले आफ्नो हित संझनुपर्छ । आफ्नो मन लागेको गर्दा राजालाई हित हुँदैन । दुनियाँलाई मन लागेको गर्दा राजालाई हित हुन्छ ।]

यही कुरा पृथ्वीनारायणले आफ्नो उपदेशमा यसरी व्यक्त गरेका छन्—

---

१. जवाहरलाल नेहरुको 'विश्वइतिहासकी झलक' २७७–७८ पृ. ।

२. ऐतिहासिक पत्रसङ्ग्रह पहिलो भागका ५६–७४ पृ. हेर्नुहोस् ।

"प्रजा मोटा भया दर्बार बलियो रहन्छ. राजाका भंडार भन्याका रैतानहरू हुन्."

(श्री ५ पृथ्वीनारायण शाहको उपदेश ३२४ पृ.)

कति ठाउँमा यी दुइको कार्यपद्धति पनि एकै किसिमका देखिन्छन् । जस्तै—

"आभ्यन्तरकोपशङ्कायां शङ्कितानादाय यायात्" ॥१०॥

(कौटलीय अर्थशास्त्र ९।३)

[आफ्नै मानिसहरूले विद्रोह गर्ने शङ्का भएमा शङ्का लागेका व्यक्तिहरू साथैमा लिएर लड्न जानू ।]

"पुत्रं भ्रातरमन्यं वा कुल्यं राज्यग्राहिणमुत्साहेन साधयेत् ॥१८॥ उत्साहाभावे गृहीतानुवर्तनसन्धिकर्मभ्यामरिसन्धानभयात् । अन्येभ्यस्तद्विधेभ्यो वा भूमिदानैर्विश्वासयेदेनम् ॥१९॥ तद्विशिष्टं स्वयंग्राहं दण्डं वा प्रेषयेत् ॥२०॥ सामन्ताटविकान् वा तैर्विगृहीतमतिसन्दध्यात् ॥२१॥"

(कौटलीय अर्थ शास्त्र ९।३)

[विद्रोह गर्न खोज्ने भाइ छोरा वा राजकुलमा जन्मेका मान्छेहरूलाई हुन्छ भने (कुनै पद दिई) हौसला बढाई हात लिनू । पदमा नियुक्त गर्न सकिंदैन भने सरकार लागिसकेको कुरा फिर्ता दिई परस्परमा कुरा मिलाई हात लिनू । अथवा उनीहरूका समान अवस्थाका व्यक्तिहरूलाई जग्गा दिई राजा खुशी भए हामी पनि यस्तो पाउन सक्छौं भन्ने विश्वास उत्पन्न गराइदिनू । यसो गरिएन भने यिनीहरू शत्रुसँग मिल्न जाने डर हुन्छ । यसो गर्दा पनि मानेनन् भने स्वयंग्राह सेना (लडाइँमा आफूले जितेको धन आफैले लिन राजाले अनुमति दिएको सेना) मा भर्ना गरेर लड्न लडाइँको मैदानमा पठाउनू अथवा सामन्त र आटविक (जङ्गली सामन्त) हरूसँग लड्न पठाउनू । उनीहरूसँग यसरी लडाई विद्रोहीहरूलाई छक्याएर वशमा ल्याउनू ।]

यहाँ कौटल्यले विद्रोह गर्न खोज्ने व्यक्तिलाई फकाइफुल्याई हात लिनू, भएन भने लडाइँमा झोसिदिनू भन्ने उपदेश दिएका छन् । पृथ्वीनारायणले पनि यस्तै बोलेका छन्—

"पाडे बस्न्यात् पंच भैयाद भंग्रलाई मारातप् दिदा आलोपालो पालो गरि षान दिनु. ई मेरा नुन गुन्का स्वज्ञा सेवक हुन्. ईनीहरूको जीव जान्या बिराम गऱ्याको भया पनि आफुले नमार्नु. बरू मारातप दियेर लडाजीमा झोसिदिनु र जिव जोगाई आयो भन्या बढिया भयो मरिगयो भन्या आफूले मार्नु अर्कैबाट मारिदियाको बढिया हुन्छ. तब राजाले सेवकलाई घरमा नमार्नु."

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ३२५–२६ पृ.)

*कौटलीय अर्थशास्त्रमा–*

कर्मसु मृतानां पुत्रदारा भक्तवेतनं लभेरन् ॥२९॥ बालवृद्धव्याधिताश्चैषामनुग्राह्याः ॥३०॥

(कौटलीय अर्थशास्त्र ५।३)

[राजाको काम गर्न जाँदा मरेका व्यक्तिहरूको छोरा स्वास्नीहरूलाई भत्तावेतन (मरवट) दिनू । उनीहरूका बालबच्चा बूढाखाडा र रोगीहरूको राजाले हेरविचार गर्नू ]

*उपदेशमा—*

लडाञीमा···मन्यो भन्या उस्का छोरा षुडा हान्या नहुन्ज्याल् मरवट दिनु. षुडा हान्न्या भयापछि जागिरमा उकालिदिनु. (३२७ पृ.)

माथि दिइएका कुराहरूको आधारमा कौटल्य र पृथ्वीनारायणको विचार उद्देश्य र कार्यपद्धतिमा धेरै सामञ्जस्य थियो भन्ने देखिन्छ । यी त केही उदाहरण हुन् । ती सबैको उल्लेख गर्न यो सानो निबन्ध पर्याप्त छैन । यस विषयमा अरू निबन्धमा चर्चा गरिनेछ ।

—★—

(क्रमागत)

# वीर भक्ति थापा

—महेशराज पन्त

नेपालसर्कारले भक्ति थापाको परिवारलाई पनि केही जग्गा वृत्तिको रूपमा दिएको थियो। भक्ति थापाको परिवारले खाइपाइआएको सो जग्गा पछि कुनै सैनिक कम्पनीलाई जागीरमा दिइएकोले उनको परिवार वृत्तिहीन हुन गएको थियो । यसरी आफ्नो परिवारले खाइपाइआएको वृत्ति हरिएकोले भक्ति थापा आफ्ना अधिकारी काजी अमरसिंह थापाकहाँ कराउन पुगे। अमरसिंह थापाले पनि भक्ति थापाको पक्ष लिई सो वृत्तिको विषयमा काठमाडौंमा चिठी लेखे। खुद भक्ति थापा आफैले पनि यस विषयमा चिठी लेखी काठमाडौंमा पठाएका थिए । यसपछि नेपालसर्कारले भक्ति थापाको परिवारले खाइपाइआएको जग्गा उनको परिवारलाई नै फर्काइदिई सो कम्पनीलाई त्यसको सट्टा अर्को जग्गा भर्ना गरिदिने निर्णय गन्यो । यो सट्टा भर्ना गर्ने निर्णय पहिलेबाटै काजी अमरसिंह थापालाई पठाइसकिएको थियो । भक्ति थापाको परिवारले खाइपाइआएको जग्गा थामिदिएको खबर ज. भीमसेन थापा र कारोबारी काजी रणध्वज थापाको संयुक्त नाउँबाट वि. सं १८७० चैत १ गते भक्ति थापाकहाँ पठाइयो । नेपालराज्यको पश्चिममा सिमाना भने जस्तो बाघलमा (शतरुद्राको किनारमा) बसेका भक्ति थापाको हात सो चिठी झण्डै २ महीनामा अर्थात् वि. सं. १८७१ वैशाख २५ गते पन्यो ।

आफ्नो परिवारले खाइपाइआएको वृत्ति फेरि थामिएकोमा कृतज्ञता प्रकट गर्दै भक्ति थापाले भीमसेन थापा र रणध्वज थापालाई वि. सं १८७१ वैशाख २८ गते जवाफ लेखे।

त्यस ताका भारदारहरूलाई खटाउँदा आफू खटिएको ठाउँको हालखबर लेख्दै रहनू भन्ने निर्देश दिइएको हुन्थ्यो। यस कारण भारदारहरू चिठी लेख्दा आफूसंग सम्बन्ध भएका विषयमा मात्र नलेखी आफूले देखेसुनेका वरपर घटेका घटनाको विषयमा पनि सूचना दिइरहन्थे। यस कारण भक्ति थापाले सो चिठीमा वरपरको घटनाको पनि उल्लेख गरेका छन्।

अक्टर्लोनीका छोरा र अमरसिंह थापाका छोरा रामदास थापाले वि. सं १८७० कार्तिक २७ गते मीत लाएको कुरा भरखरै माथि लेखिएको हो[१]। मीतबाबा अक्टर्लोनी भएठाउँ लुध्यानामा औषधि गराउन भनी फागुनमा रामदास थापा गए। अक्टर्लोनीले डाक्टर लगाई मीतछोरा रामदास थापाको औषधि गराइदिए। २ महीना जति औषधि गरेपछि रामदास थापालाई सन्चो भयो। यसपछि स्वदेश फर्कन रामदास थापाले अक्टर्लोनीसंग बिदा माग्दा रामदास थापालाई औषधि गर्ने डाक्टरले पनि उनीसंगसंगै आफू पनि आउने इच्छा प्रकट गरे। अंग्रेज डाक्टरलाई साथ ल्याउने कि नल्याउने भन्ने विषयमा त्यहां भएका नेपालीहरूले सल्लाह गर्दा धेरै जनाको विचार अंग्रेजलाई नेपाली राज्यक्षेत्रमा डुल्नु हुँदैन भन्ने थियो। तर अंग्रेजको मेजवानीमा भुलिसकेका रामदास थापाले अंग्रेजको र हाम्रो अहिले मेल भइरहेको बेलामा डाक्टरलाई लगी केही बिग्रदैन भनी ती डाक्टरलाई आफ्नो साथ लिई आउने अठोट गरे[२]।

यसपछि आफ्ना डाक्टरलाई साथ लिई रामदास थापा वैशाख १९ गतेको दिन साइत गरेर लुध्यानाबाट हिंडेर नेपाली सरहद तुङ्गारमा वैशाख २५ गते आइपुगे। उनी बागलमा वैशाख २८ गते आइपुग्ने कुरा पनि भक्ति थापाले यस पत्रमा लेखेका छन्।

यसपछि भक्ति थापाले नेपालको पश्चिमतिरका छिमेकी राज्य तथा रणजितसिंहको गतिविधिको विषयमा पनि केही कुरा लेखेका छन्। नेपालको पश्चिमा राज्यक्षेत्रमा किल्लाहरू बनाउने र

---

१. पूर्णिमा २१ अङ्कको ३५ पृ.

२. उसै ताक नुनीअषतरको र बुढाकाजीका भेट र छोराहरूको मित्यारि गर्ने बेला पर्‍याको थियो.…काजीसँग लागी बघाटमा गइयो भेट मित्यारी भयो. काजी फिर्‍या.……

तिमीले नानी रामदास थापासँग लुध्याना पुगी आउनुपर्छ. चैतमा तिमि पुग्छ भनी आज्ञा गर्दामा लुध्याना गयां. फागुन र चैत आधा रहियो. चिरगड्या होलि हेरियो.

फेरि रामदास थापा नुनिअषतरसित विदा भया. आप्नु वोषत गर्‍यां डाकदर साहेबले मलाई पनि लैजाउ भन्यो र कसो गर्‍यां हो भनि सल्ला भयो र नलैजान्या हो भनि सबै ह्मामीहरूले भन्दा अब फिरंगीको र हाम्रो एक घर छ. लैजाइ केही बिग्रदैन भनि रामदास थापाले जहर अधिकारिलाई जाउ र डाकदर साहिबलाई जानाको तयारि गरियोस् भनि आउ भनि गया. उसको पनि तयारि गर्‍यो. मंगला कि अंकितक आयो.

(इतिहास–प्रकाश १ अङ्कको २६ पृ. बाट)

मर्मत गर्ने विषयमा केही कुरा लेखी भक्तिथापाले आफ्नो पत्र टुङ्ग्याएका छन् । सो मूल पत्र यस प्रकारको छ—

स्वस्ति श्रीसर्वोपमाजांग्येत्यादिसकलगुनगरिष्टराजभारासामर्थ श्रीजर्णैल भिमसेन थापा श्रीकाजी रणध्वज थापाके इतः श्रीकप्तान भक्ति थापाको आशिष पजिलागु.

आहांको समाचार भलो छ. तांहांको समाचार भलो चाहिये.

उप्रांत चैत्रवदि ६ का दिनमा[1] लेष्याको चिठि बैशाष २५ गते आईपुग्यो. तांहांको हालषबर लेष्तै रहनु. माना चावल्को[2] अर्जी बिंती गरि पठायाछौ. अघि पनि बडाकाजीको चिठि आउंदा सट्टा दि थामिदिउला भनि अघि बाबाज्युलाई लेष्याका चिठिमा बुझचाहौ. जुन कंपनिमा गयाको हो. उस कंपनिलाई सट्टा दि तिम्रो मानाचावल छापको मोहोर गरिबगसनुभयाको छ. पुगला. पायाहौ भनि लेषनुभयाको छ. पाजां.

बांकि मानुचावल छाप उथो[3] भंदा भाइ छोरा नातिनतिना बिरादार सबै अगुताउंदा बिति गरि पठाजांथ्यां. आफुहरुका बिंतिले मानु चावल र छाप थामिबगसनुभयेछ.

भयाका दाज्युभाइ जोलगोल थामिबगसनुभयो. परिश्रायाको षरि कामैले जहार होला.

बांकि नुनिअग्तर दिल्लिदेषि बैशाषका १३ दिन जांदा लुध्यानामा आईपुग्यो. रामदास थापालाई पनि संच भयेछ. नुनिअषतर आउनाबित्तिकै बढिये बंन्दबस्तसित डांकधर संग लगाई बिदा गरेछ. उहांदेखि बैशाष १९ दिन जांदांको साईत गरि हिड्चाछन्. बाघलदेषि बाह्न कोशका ह्म्रा अमल्का जग्गामा तुझारमां बैशाष २५ दिन जांदा आईपुग्या. बैशाष २८ गते आहां बागलमा आईपुगछन्.

पश्चिमतिरको हालषबर अर्थकन: रजितसिंघ आयापछि काबीलले ३ वटा गढि मारि लियेछ. उथो सोर आउदा रंजितसिंघ अटक्तीर जांछ भन्न्या षबर थियो. उता गयेन[4]. पहाडका ज्वालिमा आयो भन्न्या षबर आईरहेछ. संसारचंद टिहिरैमां[5] छ. संसारचंदको भाई फतेचंद मंडिको भुरा

---

१. चैत्रवदि ६ का दिनमा=वि. सं. १८७० चैत्र १ गते ।

२. मानुचावल्=जीवननिर्वाहलाई दिइने बृत्ति ।

३. उथो=उठ्यो ।

४. अटकका शासक जहाँ दाद खाँलाई आफ्नो पक्षमा मिलाई वि. सं. १८६९ को निगल्दोमा रणजित् सिंहले अटकको किल्लामा अधिकार जमाएकाले काबिल (काबुल) को राज्यक्षेत्र अटक रणजित् सिंहको राज्यक्षेत्रमा पर्न गयो । यसपछि अफगानी सेनाको र पंजाबी सेनाको निकै ठूलो लडाइँ भयो । तर आखिरमा अफगानी सेनाले हार खाई वि. सं. १८७० असार ३२ गते लडाइँको मैदान छोड्यो । (जौसेफ डेवी कनिङ्घमको अ हिस्' टरि अभ् द सीक्ज् (सीखको इतिहास)को वि. सं. २०२३ को संस्करणको १३८ पृ. तथा खुशवन्तसिंहको अ हिस्' टरि अभ् द सीक्ज् (सीखको इतिहास)का २४०–४५ पृ.)

५. यसको परिचय पूर्णिमा ५ वर्ष ५१ पृ. मा छापिएको छ ।

बजिर ज्वालिमां नरजितसिंघलाई मिलन गया. रंजितसिंघले संसारचंदलाई कोटलहडलाई सकत गर भनि लाउँदा सारो सकस लागदा संसारचन्दको नातासंबध पनि रहेछ. चेलिबेढि पनि रही-छन्. त्यो बास थाम्नु छ भन्या ह्राम्री चेलिबेटि पनि हुन्. रानिलाई पठाईदेउ र बास थामी-दीउँला भनि संसारचंन्दले भन्दा कोटलहडकी रानि टिहरामा गयाकी छन् भन्या षबर आयो.

बांकि बाघलका थापलामां उच्चो बढिया सर्ब्ब डांडाको मुष पाउन्या सर्वत्र देषिन्या मधेस देषिन्या मधेसदेषि पनि देषिन्या यस्ता शिरा जगामां काजीले किल्ला बनावनु ठहराउनुभयो र किल्लाका ताकितमा लागिरह्याछौं.

हंडूरमा पनि दरवार पष्येरामा थियो. उस्माथि अल्गो ठुलो जोड भन्याको थुमुका थियो र त्यस् जगामां किल्ला बनाउन्या हो भनि बुढाकाजिले ठहराई सर्दार घमंड थापाको कालीजंग् कंपनि र अष्टतु भंडारि सुवेदार अमरदलकंपनि गई पक्का चुना गजको किल्ला बनाउन लाया. एक तलो बस्यो. २ तला बनाउनु छ. बाघलको किल्ला पनि हंडूको किल्लामां पनि ४ कोशमां ढुंगा छन्. कंपनि झारा भई ढुंगा बोकछन्. रैतीलाई झारा गरि रोरी चुन् पोलि लाउन्या तागिति गरि काम गर्न लाई राष्याको छ.

हंडूरमां भन्यां पुरानौ किल्ला भत्क्याको हुँदा चहबच्चा[1] पुरानो रहेछ. सोहि बनाया. बाघलमां भन्या चहबच्चा नवा सिरजना गरि बनाउनुपर्न्या छ. ई किल्ला बनाउदा राजसिमां गोर्षाले पक्कि पैर गर्न्या काम भयो भनि सर्वत्रदेषि भंन लागिरह्याछन्.

गढका उल्षामां[2] किल्ला बाधनुपर्‍यो भनि आज्ञा भयो र तिम्रो १ कंपनि पठाउ भनि आज्ञा भयो र मेरा तैनाथको बालादत्तकंपनि सुबेदार जगरूप षतृलाई पठायाको हो. पोरका बैशाष २५ गतेदेषि बनाउन लाग्याथ्यां. अब तयार भयो. छ(त)पनि बस्यो.

बांकी ष्वामिदका काममां आफ्ना चांजामां हियाको बुद्धि बांहांको बल हिजो पनि मैजिले तन मन गर्‍यैको छ. अझ पनि तन मन लाई टहल् गर्न्यैछु. ष्वामिदका मीहेरले र आफ्ना कृपाले कबीलाको बास र मानु चावल मेहेर कृपा रह्यो. भाईबंद बिरादार सामील राषि बुढाकाजिका सल्लाहासित जो परि आवला नून सभं गरुंला. सर्व बिस्तार बुढाकाजिका चिठिले जहार होला.

संवत् १८७१ बैशाष २८ गते मुकाम बाघल शुभम्.

(अप्रकाशित यस पत्रको मूल प्रति राष्ट्रिय अभिलेखालयमा छ।)

(क्रमश:)

—★—

१. चहबच्चा=खाल्टो (हिन्दी शब्दसागरको ९६२ पृ.)

२. यसको परिचय पूर्णिमा ३ अङ्कको ६२ पृ. मा छापिएको छ।

# पठनपाठनमा केही विचार

—नयराज पन्त

जो बोल्छन् गहिरा र वास्तव कुरा धेरै गरी चिन्तन
पढ्ने मानिसका सबै भ्रम हरी जो माझिदिन्छन् मन ।
ती प्रामाणिक विज्ञ पाणिनि तथा कौटल्य औ भास्कर
हाम्रो संमुखमा बसी गरिदिऊन् हाम्रा विचार स्थिर ।।

आजभोलिको काल वैज्ञानिक हो, अन्धविश्वास गरेर अब काम चल्दैन भन्ने कुरा आजभोलि जतातर्तै सुनिन्छ । तर विज्ञान भनेको के हो, यसको व्याख्या भने यतातिर उस्तो सुन्न पाइँदैन । पश्चिमाहरूले जे बोले, जे लेखे, त्यही कुरालाई आँखा चिम्लेर मान्नुपर्छ । त्यसमा अलिकता चाँइचुइँ गरे पनि अन्धविश्वासी भन्ने पदवी पाइन्छ ।

पश्चिमाहरूले उपपत्ति दिएर कुनै कुरा लेखून् अथवा सिद्धान्त मात्र घोकाइदिऊन । त्यही कुरा पढ्नुपर्छ, त्यही कुरा पढाउनुपर्छ, त्यही कुरा घोक्नुपर्छ ।

जस्तै

व्यास × ३·१४१५९ = परिधि

हुन्छ ।

यस कुरालाई लोनीले आफ्नो सरल त्रिकोमणितिका ८–९ पृष्ठमा दिएका छन् । (पाँचौं संस्करण)

त्यहाँ लोनीले यसको उपपत्ति दिएका छैनन् ।

यदि सङ्कोच नमानी भन्ने हो भने लोनीले पहिले विश्वास गर, अनि पढ भन्ने सिद्धान्तलाई लिई आफ्नो ग्रन्थ लेखेका छन् । तर उनको ग्रन्थको वैज्ञानिकतामा शङ्का गर्ने अधिकार कसैलाई छैन (आफ्नो)

हामीले पूर्णिमाको पाँचौं अङ्कका ७५–९० पृष्ठमा भास्करको विचारअनुसार गणना गरी

व्यास × ३·१४१५९ = परिधि

भन्ने कुरो सिद्ध गरिदिएका छौं ।[1]

१. मङ्गलदासको सहायताले मैले यो काम गरेको हुँ ।

लम्बलाई कर्णले भाग लिनू, ज्या आउँछ ।
आधारलाई कर्णले भाग लिनू, कोटिज्या आउँछ ।...
(लोनी १९ पृष्ठ)

यो कुरो आँखा चिम्लेर घोक्नुपर्छ ।

यसरी विद्यार्थीहरूको मनमा विचारशक्तिलाई बढाउने कामतिर वर्तमानकालका पश्चिमा गणितका पुस्तक पनि अगाडि बढेका छैनन् भन्ने कुरो स्पष्ट छ ।

तर हामीले यो कुरा भन्यौं भने सुनिदिने कोही छैन । हाम्रो देशमा शिक्षापद्धतिको यही अवस्था छ ।

प्रजातन्त्र आएपछि विशेष गरी पञ्चायती प्रजातन्त्र आएपछि पढ्ने पढाउनेहरूले अघि हेरी प्रशस्त सुविधा पाएका छन् , तर शिक्षाको स्तर भने माथि उक्लन सकेको छैन । थोरै समय पढ्नु[1] तथा विश्वविद्यालयको व्यवस्था राम्रो नहुनु[2] आदि यसका कारण छन् ।

यस किसिमको पढाइले विद्वान्को परम्परा चलाउन गाह्रो छ ।

लब्धास्पदोऽस्मीति विवादभीरो–
स्तितिक्षमाणस्य परेण निन्दाम् ।
यस्याऽगमः केवलजीविकायै
तं ज्ञानपण्यं वणिजं वदन्ति ॥
—कालिदास

---

१. बर्षमा पुगनपुग चार महीना पढाइ हुन्छ । वाल्मीकि संस्कृत–महाविद्यालयमा पढ्ने विद्यार्थीलाई त्यस वर्षको पढाइ सिद्धिएपछि प्रायः श्लोक बनाएर म बिदा दिन्छु ।

*२५ सालको बिदाइ*

*यस वर्ष पढाइका सब दिन गन्दा अहिले पुगे शय ।*
*पढियो कति लौ भनीकन गर साथी मनभित्र चिन्तन ॥*

*२६ सालको बिदाइ*

*पठनपाठनभित्र सवा शय दिन भए, यिनबाट सदाशय ।*
*हृदयभित्र हुनेछ कसो गरी, यति कुरा गुन सज्जन बेसरी ॥*
*पढाउनेको बढिया छ वृत्ति, पढ्नेहरूको पनि भोज्यवृत्ति ।*
*छँदैछ, विद्यातिर चित्तवृत्ति लागेन, यो भो अलि निन्द्य वृत्ति ॥*

२. पूर्णिमा १९ अङ्कका २४३–४४ पृष्ठ हेर्नुहोस् ।

*[पढेको विद्यालाई खालि जीवनवृत्ति कमाउने काममा लाउने, पद पाएकै छु भनी वाद-* विवादमा उत्रन डराउने, अर्काले गरेको निन्दालाई सहने मानिसलाई ज्ञान बेच्ने पसले भन्दछन् ।]

यस्तो परम्परा चल्न बेर छैन । यो कुरो राष्ट्रको हितमा हुँदैन भन्ने कुरो प्रत्यक्ष छ।

यस कारण विद्यार्थीहरू कमंठ बनून् र तिनीहरूको मनमा पढेको कुरा राम्रोसँग खेलोस् भन्ने विचार लिनु आवश्यक छ ।

मैले आफूले पनि सकेसम्म ग्रन्थ कण्ठस्थ राख्ने र आफ्नो सम्पर्कमा आएका विद्यार्थीलाई पनि सकेसम्म ग्रन्थ घोकाउने उद्योग गर्दै आएको छु ।

ज्यौतिषको विषयमा भास्करको सिद्धान्तशिरोमणि आदिलाई घोक्ने घोकाउने उद्योग गरिरहेको छु । त्यस विषयमा अलिकता कुरा पहिले पनि लेखेको छु,[1] पछि पनि लेख्तै जानेछु । अहिले-लाई संस्कृतभाषाको पढाइको विषयमा बोल्छु ।

पढेको कुराबाट काम लिन पढेको कुरा कण्ठस्थ हुनुपर्छ । परन्तु मोटामोटा पुस्तक कण्ठस्थ गरी राख्नु संभव हुँदैन । यस कारण सूत्ररूपका ग्रन्थहरू कण्ठस्थ राख्नु आवश्यक छ । कण्ठस्थै गर्न भनेर पाणिनिले हुन्ज्यालसम्म छोट्टयाएर आफ्नो ग्रन्थ अष्टाध्यायी लेखेका हुन् । हामीले कण्ठस्थ गर्ने ग्रन्थमध्ये एउटा अष्टाध्यायी पनि हो। परन्तु सूत्र मात्र कण्ठस्थ गरेर त्यहाँका सूत्रको अर्थ मनमा चढ्न सक्तैन । यस कारण ती सूत्रका उदाहरणका निमित्त भट्टिकाव्य र अमरकोशलाई हामीले पढ्ने गरेका छौं । रघुवंश र हर्षचरितलाई हामीले अष्टाध्यायीको सहायक ग्रन्थको रूपमा लिएका छौं । रघुवंश, अष्टाध्यायी, अमरकोश, भट्टिकाव्य कण्ठस्थ राख्ने, हर्षचरितको अभ्यास गर्ने पाठ्यक्रम हामीले चलाएका छौं ।

पाणिनिका लौकिकविषयका सूत्रका उदाहरण यति ग्रन्थबाट पुगे जस्ता हुन्छन् । काशि-काका उदाहरणबाट भट्टिकाव्यहरूले दिएका उदाहरण स्पष्ट हुन्छन भन्ने कुरो अनुभवले बताएको छ । परन्तु पाणिनिका वेदविषयका सूत्रका उदाहरण काशिकाबाट मात्र अभ्यास गर्दा मनमा राम्रो चढ्दैन । अझ स्वरविषयमा त कुइराको काग जस्तै बन्नुपर्छ । पाणिनिका वेदविषयका सूत्रको अर्थ मनमा चढाउन अलिकता वेदको अभ्यास गर्नु आवश्यक हुन आउँछ । यसै कारण अहिले यो काम गरिएको हो ।

शुक्लयजुर्वेदसंहिताको पहिलो अध्यायको पहिलो मन्त्र यहां लिइएको छ । यसको अर्थ गर्न शतपथब्राह्मणको पहिलो काण्डको सातौं अध्यायको पहिलो ब्राह्मणबाट, कात्यायन-श्रौतसूत्रको चारौं अध्यायको दोस्रो कण्डिकाबाट, अष्टाध्यायीबाट तथा कौटलीय अर्थशास्त्र दोस्रो अधिकरणको पहिलो अध्यायबाट काम लिइएको छ। उवट र महीधरका व्याख्याको अनुसरण यहाँ गरिएको छ । लेख लामो हुन गई पूर्णिमाले आफ्नो सानो शरीरमा ठाउँ दिन नसक्ने भएकोले अलिकता सूत्रका उदाहरण मात्र अहिले दिन सकिएको छ । पछि विस्तारै यस मन्त्रका जम्मै स्वरलाई पाणिनिका सूत्रअनुसार सिद्ध गरी प्रकाश गर्ने विचार छ ।

---

१. पूर्णिमा २ अङ्कका ७७–७९ पृ. तथा पूर्णिमा १९ अङ्कको २३१ पृष्ठ हेर्नुहोस् ।

इषे त्वोर्जे त्वा वायव स्थ देवो वः सविता प्रार्पयतु श्रेष्ठतमाय कर्मण आप्यायध्वमघ्न्या इन्द्राय भागं प्रजावतीरनमीवा अयक्ष्मा मा व स्तेन ईशत माघश ँसो ध्रुवा अस्मिन् गोपतौ स्यात बह्वीर्यजमानस्य पशून् पाहि ।।१।।

पदच्छेद–

इषे । त्वा । ऊर्जे । त्वा । वायवः । स्थ । देवः । वः । सविता । प्र अर्पयतु । श्रेष्ठतमाय । कर्मणे । आप्यायध्वम् । अघ्न्याः । इन्द्राय । भागम् । प्रजावतीः । अनमीवाः । अयक्ष्माः । मा । वः । स्तेनः । ईशत । मा । अघशंसः । ध्रुवा । अस्मिन् । गोपतौ । स्यात । बह्वीः । यजमानस्य । पशून् । पाहि ।

अन्वय–

(हे पर्णशाखे) इषे त्वा (छिनद्मि), ऊर्जे त्वा (सन्नमयामि)। (हे वत्साः) वायवः स्थ । (हे) अघ्न्याः सविता देवः वः (वनम्) प्र अर्पयतु, श्रेष्ठतमाय कर्मणे इन्द्राय भागम् आप्यायध्वम्, प्रजावतीः अनमीवाः अयक्ष्माः वः स्तेनः मा ईशत, अघशंसः मा (ईशत), अस्मिन् गोपतौ ध्रुवाः बह्वीः स्यात । (हे शाखे) यजमानस्य पशून् पाहि ।

पदार्थ—

हे पर्णशाखे = हे पलाशको हाँगा, इषे = वृष्टिको लागि, त्वा = तिमीलाई, छिनद्मि = काट्तछु । ऊर्जे = रसको लागि, त्वा = तिमीलाई, सन्नमयामि = सोझो पार्छु । हे वत्साः = हे बाछाहो, वायवः = हावा (हावा जस्तै), स्थ = होओ । हे अघ्न्याः = हे गाईहो, सविता = सविता, देवः = देवताले, वः = तिमीहरूलाई, वनम् = वनमा, प्र अर्पयतु (प्रार्पयतु) = राम्रोसंग पुऱ्याइदिऊन्, श्रेष्ठतमाय = सबभन्दा असल, कर्मणे = कामका लागि (यज्ञको लागि), इन्द्राय = इन्द्रको निमित्त, भागम् = भाग, आप्यायध्वम् = बढाओ, प्रजावतीः = सन्तान भएका, अनमीवाः = सानातिना रोग नलागेका, अयक्ष्माः = ठूलाठूला रोग नलागेका, वः = तिमीहरूलाई, स्तेनः = चोर, मा ईशत = केही गर्न नसक्ने होओस्, अघशंसः = हिंसक जन्तु, मा ईशत = केही गर्न नसक्ने होओस् । अस्मिन् = यी, गोपतौ = गाई (गोठ)का धनीकहाँ, ध्रुवाः = स्थिर, बह्वीः = धेरै, स्यात = होओ । हे शाखे = हे हाँगा । यजमानस्य = यज्ञ गर्नेका, पशून् = पशुहरूलाई, पाहि = रक्षा गर ।

## वेद र पाणिनि [1]

इषे

सावेकाचस्तृतीयादिर्विभक्तिः ६।१।१६८

[ सौ = सु (सुप् = सप्तमीको बहुवचन) मा, एकाचः = अच् एउटा मात्र हुने शब्ददेखि पर रहेको, तृतीयादिः = तृतीया आदि, विभक्तिः = विभक्ति, उदात्तः (उदात्ता) = उदात्त हुन्छ । ]

१. केही चिह्न नभएको उदात्त हो । तलतिर तेर्सो धर्सो — भएको अनुदात्तहो । माथितिर ठाडो धर्सो । भएको स्वरित हो ।

इष् शब्दको सप्तमीको बहुवचनमा इट्सु हुन्छ अर्थात् मूल शब्दमा अच् एउटा इ मात्र हुन्छ । यस कारण इष्+ङे=इष्+ए=इषे । चतुर्थीको एकवचनको ए उदात्त भई इषेको एकार उदात्त भयो ।

अनुदात्तं पदमेकवर्जम् ६।१।१५८

[एकवर्जम्=एउटा अच्लाई (उदात्त वा स्वरित भएको अच्लाई) छाडेर, पदम्=पद, अनुदात्तम्=अनुदात्त अच् भएको हुन्छ ।]

इषे यहाँ एकार उदात्त भएकोले बाँकी रहेको इकार अनुदात्त भयो ।

इषे भयो ।

त्वोर्जे

त्वामौ द्वितीयायाः ८।१।२३

[पदात् परयोः=पददेखि पर रहेका, अपादादौ स्थितयोः=पाउको आदिमा नरहेका, युष्मदस्मदोः=युष्मद् शब्द र अस्मद् शब्दको, द्वितीयायाः=द्वितीयाको, एकवचनस्य=एकवचनको ठाउँमा, त्वामौ=त्वा र मा आदेश हुन्छन्, सर्वम्=सबै, अनुदात्तम्=अनुदात्त हुन्छ ।]

यस सूत्रले त्वा भयो ।

ऊर्जे

यहाँ पनि इषे जस्तै भई ऊर्जे भयो[1] ।

त्वा+ऊर्जे

आद् गुणः ६।१।८७ ले गुण हुँदा

स्थानेऽन्तरतमः १।१।५० ले

त्वोर्जे भयो ।

उदात्तस्वरितपरस्य सन्नतरः १।२।४०

[उदात्तस्वरितपरस्य=उदात्त पर भएको वा स्वरित पर भएको, अनुदात्तानाम् (अनुदात्तस्य) =अनुदात्तको ठाउँमा, सन्नतरः=अनुदात्ततर (झन् अनुदात्त) आदेश हुन्छ ।]

---

१. ऊर्ज् शब्दको सप्तमीको बहुबचनमा ऊर्क्षु हुन्छ । यस कारण सावेकाचतृतीयादिर्विभक्तिः ६।१।१६८ ले चतुर्थीको एकवचनमा ऊर्जेको जे उदात्त भयो । जे उदात्त भएपछि अनुदात्तं पदमेकवर्जम् ६।१।१५८ ले ऊ अनुदात्त भयो ।

त्वोर्जे यहाँ जेको एकार उदात्त छ। यस कारण उदात्त पर भएको अनुदात्त त्वोको ओकार अनुदात्ततर भई

त्वोर्जे रह्यो ।

त्वोर्जे त्वा

अघि जस्तै पछिल्लो त्वा भयो[1] ।

उदात्तादनुदात्तस्य स्वरितः ८।४।६६

[उदात्तात्=उदात्तदेखि पर रहेको, अनुदात्तस्य=अनुदात्तको ठाउमा, स्वरितः=स्वरित आदेश हुन्छ ।]

त्वोर्जे त्वा

यहाँ उदात्त (जेको एकार) देखि पर रहेको अनुदात्त (त्वाको आकार) छ । यस कारण सो आकार स्वरित भई

त्वोर्जे त्वा भयो ।

इषे त्वोर्जे त्वा

यहाँ उदात्त (इषेको एकार) देखि पर रहेको अनुदात्त (त्वोको ओकार) को पनि उदात्तादनुदात्तस्य स्वरितः ८।४।६६ । ले स्वरित पाउँथ्यो । परन्तु उदात्तस्वरितपरस्य सन्नतरः १।२।४० को दृष्टिमा ८।४।६६। असिद्ध भएकोले त्यसो भएन ।

वेद र कौटल्य

यस मन्त्रमा गाईहरूलाई रोग नलागोस्, चोरले चोर्न नसकोस्, हिंसक जन्तुले मार्न नसकोस् भनी प्रार्थना गरिएको छ । यस विषयमा कौटल्यले तलको कुरा बोलेका छन्—

परचक्राटवीग्रस्तं व्याधिदुर्भिक्षपीडितम्
देशं परिहरेद् राजा व्ययक्रीडाश्च वारयेत् ।।४४।।
दण्डविष्टिकराबाधै रक्षेदुपहतां कृषिम्
स्तेनव्यालविषग्राहैर्व्याधिभिश्च पशुव्रजान् ।।४५।।

(कौटलीय अर्थशास्त्र २।१)

---

१. युष्मद् शब्दको द्वितीयाको एकवचनमा त्वामौ द्वितीयायाः ८।१।२३ ले त्वा आदेश भयो तथा त्वाको आकार अनुदात्त भयो ।

[शत्रु राजा तथा जङ्गलीहरूले देशलाइ पिर्छन्, रोग तथा अनिकालबाट पनि बाधा पर्छ । तिनबाट राजाले आफ्नो देश जोगाउनुपर्छ । राजाले खर्चिलो खेलबाड पनि हुन दिनु हुँदैन । दण्ड, झारा, करद्वारा खेतीपाती उजारिन्छ । चोर, हिंसक जन्तु, विष, ग्राह रोगले पशुहरू सन्ताप हुन्छन् । राजाले खेत र गौठको रक्षा गर्नुपर्छ ।]

अमीवा, यक्ष्मा, स्तेन, अशंघसबाट पशुको रक्षा होस् भनी वेदमा प्रार्थना गरिएको छ ।

स्तेन, व्याल, विष, ग्राह, व्याधिबाट पशुका गोठको रक्षा राजाले गर्नुपर्छ भनी कौटल्यले बोलेका छन् ।

स्तेन शब्दको अर्थ चोर हुन्छ, कहिले कहीँ स्तेन शब्दको अर्थ डाँकू पनि हुन्छ । यो शब्द वेदमा छ, कौटलीय अर्थशास्त्रमा पनि छ ।

"अमीबा व्याधिः । अनमीवाः कृमिदष्टत्वादिस्वल्परोगरहिताः । यक्ष्मा रोगराजः ।"

(महीधर)

[अमीवाको अर्थ रोग हो । अनमीवाको अर्थ कीराको टोकाइ आदि सानातिना रोग नलागेका भन्ने हो । यक्ष्माको अर्थ ठूलो रोग (क्षय रोग) हो ।]

महीधरको लेखाइबाट बाहिरिया रोग र भित्रिया रोग भन्ने अर्थ बुझाउन वेदमा अमीवा तथा यक्ष्मा शब्द प्रयोग भएको देखिन्छ । कौटल्यले विष (बिख), व्याधि (रोग) शब्दबाट यो अर्थको अनुवाद गरेको देखिन्छ ।

"अघशंसः अघेन तीव्रपापेन भक्षणादिना शंसः घातकः व्याघ्रादिः ।"

महीधरको यस लेखाइबाट अघशंसको अर्थ मारी खाने भन्ने देखिन्छ ।

कौटल्यले यो अर्थ बुझाउन व्याल, ग्राह यी दुइ शब्द प्रयोग गरेका छन् ।

भेद्यलिङ्गः शठे व्यालः पुंसि श्वापदसर्पयोः ॥१९६॥

(अमर ३।३)

[व्यालको अर्थ खराब मन भएको, घातक चौपाया तथा सर्प हुन्छ ।]

ग्राहको अर्थ पानीमा रहेको घातक जन्तु हो ।

श्रीमद्भागवतको गजेन्द्रमोक्षको कथामा ग्राहको चरित्र स्पष्ट छ ।

यति कुराबाट वेद र कौटल्यको गोठको रक्षाविषयको विचार एकैनासको रहेछ भन्ने देखिन्छ ।

[यस निबन्धलाई तयार गर्दा नानी दिनेशराज पन्तले मेरो इच्छा र विचारअनुसार काम गरिदिएकाले उनी धन्यवादका पात्र छन् ।]

—★—

# प्रधानमन्त्री माथवरसिंह थापाको
# वि. सं १९०१ को शिलापत्र

—देवीप्रसाद भण्डारी

काठमाडौं धरहरादेखि पश्चिमपट्टि नगीचै भगवतीको मन्दिर छ। त्यस मन्दिरको चोकबाट वायव्य (पश्चिम र उत्तरको) कुनामा हेर्नबित्तिकै एउटा ठूलो घर (सत्तल) देखापर्दछ। त्यसको ढोकाकै छेउ दलानको भित्तामा पूर्वाभिमुख पारी यो अभिलेख राखिएको छ। अभिलेख कुँदिएको भाग १ हात ५ अङ्गुल चौडा र १ हात ३ अंङ्गुल लम्बा छ।

यहाँ संस्कृत पद्यमा अभिलेख कुँदनेको हो वा रचयिताको प्रमादवश हो कहीं कहीं छन्द मिल्दैन।

## शिलापत्रको मूलपाठ

(१) श्रीः ।। यद्रूपौदार्यधीचित्तजवजनमनोहारिताशौर्यसौख्यश्रीशोभाकीर्तिवृत्तिप्रसरणरिपुद–
(२) र्पर्डैजिता धैर्यवृत्त्या ।। कामः स्वर्वृक्षजीवाः पवनशशिशिबाज्ञानिलक्ष्मीपशैलेड् राजा योगी
(३) च रामावुदधिरतिमतिर्मातर्वासिहनामा ।।१।। तेन श्रीनृपविक्रमार्कजलधिद्योगाष्ट–
(४) भू १८९४ शाकके आषाडे मासि सिते दले भगवती संस्थापिता मुनितिथौ ।। तत्पश्चा–
(५) न्निजशौर्यवीर्यधृतिमुख्यैः सेवितै राजिभिर्दत्तं चास्य पुनर्महाक्षरगणं
(६) नामान्तरं यौगिकम् ।।२।। श्रीप्राईम्निनिष्टर यांऐण्ड कम्याण्डर ईर्नचिफ जेन–
(७) रल मातवर्सिह थापा कलाबहादुर ईति ।। भूयस्तच्छक एकखग्रहधरा–
(८) १९०१ ब्दैः संमिते कार्तिके शौक्ले दौर्गतिथौ ९ विचित्रकलशं चारोप्य स–
(९) काञ्चनम् ।। संम्वत् भ्वभ्रनवेन्दुके तपसि शौक्ले पञ्चमीसत्तिथौ चोभारोद्भव–
(१०) कीर्तिपुरनिकटक्षत्रत्रयं चार्पितम् ।।३।। ।। लिषिते देसभाषयाः ।।
(११) स्वस्तिश्रीशालिवाहनशाके १७५९ श्रीविक्रमादित्यसम्वत् १८९४ साल आषा–
(१२) डका दिन २९ जादा आषाड शुक्ल सप्तमि ७ सोमवारका दिन' सहर कांतिपु–

---

१. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८९४ आषाढ शुक्ल

| गते | बार | तिथि | घडी पला | |
|---|---|---|---|---|
| आषाढ २९ | सोम | सप्तमी | १९। ५२ | (पात्रोबाट) |

(१३) र गनबाहाल् स्वस्थान पंचपोषरिमा श्रीप्राईम्मिनिष्टर यान्‌ऐण्ड कम्यां–
(१४) डर ईन चिफ् जेनरल मातवरसिंह थापा कलाबहादुरबाट अघि ९४ साल–
(१५) मा स्थापना गरिरह्याका श्रीभगवतीलाई सालिवाहन श्रीशाके १७६६ श्री–
(१६) विक्रमादित्यसम्वत् १९०१ साल मिति माघशुक्ल ५ रोज ३ का दिन[1] आभूष–
(१७) ण सम्पूर्ण बनाई नित्य नैमित्यक् पर्वपर्वका पूजानिमित्य श्री ५ सर्कारबाट
(१८) सम्वत् १९०१ साल मिति मार्ग वदी ९ रोज ४ का दिन[2] मलाई बक्स्याका षेत [3] १०
(१९) श्रीदेवदेवतालाई संकल्प गरी गुठि चह्रा भनि बक्स्याका षेतमध्ये षेत[4] ३। गुठि
(२०) संकल्प गरी चह्राञ्यु. तपसिल्‌बमोजिम्‌का षेतको पैदा लि नित्य नैमित्य--
(२१) क र पर्वपर्वका पूजा चलाई औ गुठियार पुजाहारि बहिदार सुसान्या
(२२) मोहिनाईक्या मालि झाडुबढारु गर्न्या कुसल्याको तदबीज गरी सिलाप–
(२३) त्र गरी गुठि चह्राञ्यु. यस्मा लोभानि पापानि जो गर्ला पंचपातक् लाग्ला, शुभम्
(२४) किर्त्तिपूरका अम्‌बलमध्येका षेत्[5] ——————————२।४५
(२५) सिंधू[6] ————————१।२१ कोठुषुयेल[7] ————।२५
(२६) वौडोल्[8] ————————।७६ माथिल्लो वौडोल्[9] ——।२३
(२७) चोभारका अम्बलमध्ये जालंधर षेत [०] ——————————।५५

---

१. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १९०१ माघ शुक्ल

| गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|
| फाल्गुन २ | मङ्गल | पञ्चमी | ३५ । | ४३ | (पात्रोबाट) |

२. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १९०१ मार्ग कृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|
| मार्ग १९ | सोम | सप्तमी | १९ । | २९ | (पात्रोबाट) |

३. खेत १० (१००० मुरी माटो) = २५० रोपनी ।
४. खेत ३। (३०० मुरी माटो) = ७५ रोपनी ।
५. खेत २।४५ (२४५ मुरी माटो) = ६१ रो. ४ आना ।
६. खेत १।२१ (१२१ मुरी माटो) = ३० रो. ४ आना ।
७. खेत ।२५ (२५ मुरी माटो) = ६ रो. ४ आना ।
८. खेत ।७६ (७६ मुरी माटो) = १९ रोपनी ।
९. खेत ।२३ (२३ मुरी माटो) = ५ रो. १२ आना ।
१०. खेत ।५५ (५५ मुरी माटो) = १३ रो. १२ आना ।

# संस्कृतभागको अनुवाद

जसको रूपले कामदेव, उदारताले कल्पवृक्ष, बुद्धिले बृहस्पति, मनसुबाले ह्वावा, मानिसको मनलाई आनन्द दिने कामले चन्द्रमा, सुन्याइँले दुर्गा भवानी, सुखले ज्ञानी पुरुष, श्रीले विष्णु, सौन्दर्यले हिमालय पहाड, कीर्तिको फैलावटले रामचन्द्र, शत्रुलाई दमन गर्ने कामले परशुराम, धैर्यले समुद्र माथ गरिए । त्यस्ता बुद्धिमान् माथवरसिंह थापा हुनुहुन्छ । उहाँ माथवरसिंह थापाले विक्रमसंवत् १८९४ आषाढ शुक्ल सप्तमीका दिन श्रीभगवती स्थापना गर्नुभएको थियो । त्यसपछि आफ्नो सुन्याइँ, धैर्य, बल, बुद्धि पराक्रमद्वारा सेवा गरिएका राजाबाट ठूलठूला अक्षरका पङ्क्ति मिलाई लेखिएको "श्रीप्राइम् मिनिष्टर यान् ऐण्ड कम्याण्डर ईनचिफ जेनरल मातवरसिंह थापा कलाबहादुर" भन्ने पदवी उहाँले पाउनुभयो । उहाँ माथवरसिंह थापाले विक्रमसंवत् १९०१ कार्तिक शुक्ल नवमीका दिन फेरि भगवतीको मन्दिरमा सुनको गजबको गजूर चढाउनुभयो । अनि उही साल माघ शुक्ल पञ्चमीका दिन चोभारको आसपासमा रहेका र कीर्तिपुरको आसपासमा रहेकासमेत जम्मा ३ (तीन) खेत (७५ रोपनी) जग्गा गूठीका निमित्त अर्पण गर्नुभयो ।

यो शिलालेखमा राजकाजसम्बन्धी विशेष घटनाको उल्लेख छैन तापनि यस वेला माथवरसिंह थापाको हातमा ठूलो शासनाधिकार रहेको कुराको सङ्केत यस अभिलेखबाट पाइन्छ । यस दृष्टिले यो अभिलेखको महत्त्व छ ।

पृथ्वीनारायण शाहले छिन्नभिन्न भइरहेको नेपालराज्यलाई एउटै पारी बलियो राज्य खडा गर्ने कामको उठान गरेका थिए। उनले आफ्नो ३२ वर्षसम्मको शासनकालमा निरन्तर परिश्रम गरेर चेपेदेखि पूर्व टिष्टासम्मको प्रदेशलाई एउटै बनाए । त्यसपछि उनका जेठा छोरा प्रतापसिंह शाहको राज्यकालमा अलिकता मात्र राज्य बढ्यो। प्रतापसिंहका छोरा रणबहादुर शाहको राज्यकाल तथा बहादुर शाहको शासनकालमा नेपालराज्यको सिमाना पश्चिमतिर जमुना नदीसम्म पुग्यो। यसरी पृथ्वीनारायण शाहले उठान गरेको कामलाई उनका कान्छा छोरा बहादुर शाहले आफ्ना बाबुबाट तालीम पाएका भारादारहरू साथ लिई परिश्रमपूर्वक लडी पुरा गरिदिएका हुनाले वर्तमान नेपालराज्यको एकीकरण भएको थियो। रणबहादुर शाह राजकाज गर्न सक्ने भएपछि उनले शासनाधिकार बहादुर शाहबाट झिकेर लिए । त्यसपछि आफ्नो २३ वर्षको उमेरमा डेढ वर्षका छोरा गीर्वाणयुद्धविक्रम शाहलाई राजा बनाई आफू जोगी बने। डेढ वर्षका बालक राजाले शासनाधिकार सुरक्षित राखी शासन चलाउनु सम्भव कुरा थिएन । यसो हुँदा शासनाधिकार चौतारा काजीहरूमा गई जालझेल हुन लाग्यो । त्यस वेला "राजाको हुकूम जफत गरि राषनु" भन्ने पृथ्वीनारायण शाहको नीतिविरुद्ध काम भयो[1] । यस्तै मौका छोपेर

१. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ३२८ पृष्ठ हेर्नुहोस् ।

भीमसेन थापाले एकलौटी शासनाधिकार आफ्नो हातमा पार्ने काम गरी "एकलौटी शासन" को जग बसाले । त्यस जगमा तला थपी छानु हाल्ने काम माथवरसिंह थापाले गरे । यसरी खडा भएको "एकलौटी शासन" रूपी घर सिंगारी गजूर हालेर बसी राज्य गर्ने काम जङ्गबहादुर आदि राणाहरूले गरे। भीमसेन थापा, माथवरसिंह थापा, जङ्गबहादुरहरूले आफ्नो अनुकूल पारी आफ्ना नाउँमा गराइलिएका लालमोहरहरूको तुलनात्मक अध्ययन गर्‍यौं भने हामी यो कुरा स्पष्टै देख्न सक्तछौं । तात्कालिक परिस्थिति बुझ्न मदत गर्ने हुँदा संक्षेपमा यहाँ यस विषयको चर्चा गर्नु प्रसङ्गमिल्दो देखिन्छ।

भीमसेन थापाको आगमनभन्दा पहिले चौतारा काजीको काम र अधिकार यस प्रकारको थियो—

"चौताराले गर्न्या काज—- काजिहरूको जागिरी बहाली गराउँदा जौना काजीले घा वरसार न्या कटक बिगार्छ. उसैलाइ श्रीराजाका हजूरमा विंति गरी हुकुम ली षोसनु. निमकको सोझो बुद्धिमंत चतुर सुरो काज लायक मंत्रणामा पोषत भयाका मानिसलाई तजबिज गरि थामिन्या पगरिसित मतो गरि श्रीराजाका हजुरमा विंति पारि हुकुम ली दर्शन गराउनु. काजिहरूले निमक छाडी कामकाज बिगार्नामा पस्या बुझि निश्चय ठहराई श्रीराजाका हजुरमा बिंति गरि हुकुम ली बिरायामाफिकको सासना गर्नु. ढुंगाको सप्रन्या बन्न्या कुरो हजूरमा पनि बिंति गर्नु काजि भारालाई पनि बन्न्या सप्रन्या कुरो भन्नु—।

४ काजिले गर्न्या काज— चौतारालाई मतोमा राषि ४ काजिले घा घरसार न्या कटक ज्या परिआउँछ. निमक र आफुआफुले लेष्याको तामापत्र संझी ढुंगाको बन्न्या सप्रन्या सव्य काम सल्लाहसित काज गर्न्या रानिछेउ बिंति गरि गर्न. पूर्व पश्चिमका संभार मुलुकका बन्दोबस्तलाइ चार काजिका लायकका भाइ २ मा यकाले सर्दारसमेत भै पश्चिम येकाले सर्दारसमेत भै पूर्व जाई वर्ष २।२ का पालासंग बस्नु. श्रीराजा जान्या नहुन्ज्याल सबैले मिली रहनु. पेटमा कति कपट नराषि सबै मिली सुमना भै काज गर्नु. डुष्याबाहिक सबैले दर्बार आइ यकै कचहरि यकै गोल भै परिआयाको कुरो गर्नु. कचहरिबाहिक अंत बसी फुटफाट भै कुरा कसैले कसैसंग नगर्नु. घरमा काज काम नभै काज छ भनि नदुषी दुषछु भनि ढाँटि घर नबसनु. भैयादसंग मिलन्या मतोजतो गर्नु. काज परिआयामा असल जातका भैवादसित लडाजीका काजबाहिक अरू काज घरसारको मतो नगर्नु. सुपाव षेलन्यालाई कचहरिमा पनि राषनु. काज पनि लाउनु. ज्या परिआयाको काम जानि बुझि नलम्याउनु. चाडो छुट्टि गर्नु. जसुकैले हवस्. देस बढन्या आमदानि हुन्या बढिया बन्न्या कुरा गर्न्या साना जातिताको पनि कुरा सुन्नु. चाहिंदो जाहारि गर्नु. निमक्को सोझो अकलदार मानिसलाई बढिया बढिया काम सिषाउनु. कचहरिमा राषनु. लेष्याबाध्याको बंदेजमा नरही बिराञ्यू गर्न्यालाई श्रीराजाका काममा काजि सर्दारले अह्रायाको नमान्या भैयादभित्र पस्न्या घरघर कुरा कागत हिंडाइ राजिक गरि षेल मचाउन्या लायाको काज छोडि उल्टो काज गर्न्या आपसमा झगडा गरि षामिद्को विगार्न्या आफ्ना देस दर्बारको छेद भेद बिराना मुलुकमा लेखपढ गर्न्याहरूलाई घुस षान्या अन्याय गर्न्या बिचारिलाइ लायाको काज नगर्न्या अरू-अरू भित्र पस्न्या काफर सुबेदारलाई काजिले चौतारलाइ राषि

ठहराइ हजुरमा बिंति पारि बिराज्यू र जातविसेष हेरि काटन्यालाई काटनु. धारनालाइ धारनु. मुडन्यालाइ मुडनु. आँषा झिकन्यालाई आँषा झिकनु. देसनिकाला गर्न्यालाई देस निकालनु. चौतारा काजिले पनि एति सबै कुराको समझना राषि बुझि विचार गर्दै रहनु. अरू केहि नजा ठुला काज परिआउँदा गादिको बंन्या सप्रन्या पगरिलाइ जस हुन्या भाराका सम्मतले रानिको हुकुम ली आँटि गर्नु. मुलुक सब आबाद गराउनु. बट्कार दि थामि काल।बंजर बसाउनु. कुलो लागन्या ठाउमा षेति बिह्लाउन लाउनु. मुलुक गुलजार गराइ रैति राजि राषि ज्मा बढाउनु. चोरि छाटि षान्यालाइ तेबर दाम पनि लिनु. सासना पनि गर्नु. बेजाइ बढता कलम बढाइ रैंति बिजाइ रकमै बिगार्न्यालाई माल सबै सोषत गरि लि हात काटि नानातरहका सासना गर्नु. मोहर कारोबारि काजिले दर्बारमा आपना जिम्मा राषनु. चिठि रुक्का चारै काजिले बाँचि मोहोर गराउनु. श्रीराजाको बन्न्या सप्रन्या काज कुरा आफुले गर्न्यासम्म बोल बिंति बढिया काज गर्नु. जुन पगरिले ज्या काम गर्न्या अंगीकार हो. उ काज उसै पगरिबाट गराउनु. उसका हातबाट नपुगि आया लायकको मानिस काज पुन्याउन सकन्यालाई पगरि दि काज लाउनु. अर्काको रकम कलम दबाउन मिचन कसैलाइ नदिनु. जति बाटा बंद गन्याका हुन्. तस्मा अरु निका मानिस राषि अघिका मोहरमा भयाबमोजिमलाइ आउन जान दिनु. अरूलाई जकडबन्द गरि थुन्नु. सहि दि काजलाइ यताबाट झिकायापठायाबाहिक कसैलाइ आउन जान नदिनु. कोहि नासि भागि जान्यालाइ जान दिया छोडन्यालाइ काटिदिनु. कर्ता रानिको हुकुम ली चौतारा काजि बसि पजनि गर्दा निमकको सोझो सुरो कसैभित्र नपस्याको राजैको माउदो गर्न्या भारालाई थामनु. बषेडा गर्न्या काज नआउन्यालाइ षोसि बिराउमाफिक काटनालाई काटनु. धारनालाइ धारनु. सास्ति गर्नालाई सास्ति गर्नु……. इति सं १८५५ साल मिति फागुन सुदि २ रोज ६[1] शुभम्……"

(श्रीचित्तरञ्जन नेपालीविरचित श्री ५ रणबहादुर शाहका १२४–१३० पृष्ठबाट)

वि. सं. १८६३ मा श्री ५ रणबहादुर शाह मारिएपछि शासनाधिकार क्रमशः भीमसेन थापाको हातमा पर्दै जान थाल्यो । यसै हुँदा अरू काजीभन्दा आफूलाई माथिल्लो तहमा राख्न वि. सं. १८६८ मा भीमसेन थापा 'जनरल' बने[2] । त्यस बेला उनले गराइलिएको लालमोहरको

---

१. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८५५ फाल्गुनशुक्ल

| | गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|---|
| फाल्गुन | २८ | शुक्र | द्वितीया | ४० । | ४७ | (पात्रोबाट) |

२. वि. सं. १८९२ को लालमोहरमा यो कुरा यसरी खुलाई लेखिएको छ—

"कजाइको पगरि सबै बराबर हुँदा इन्‌लाई यसै पगरिमा राष्या त इनले मेहिनत गन्याको केहि कदर रहेन. इन्‌लाई उचा गरि राषन्या हो भनी चित्तमा लिनुभै जनरलीको पगरी बधाइ गुरु प्रोहित चौतरिया काजी भारादार कंपू पल्टन कम्पनी गैरहले जो काज काम ज्या पर्दछ. इन्‌लाई साधि गर्नु. जो इनलाई साधि गरैन. उसलाइ जातमाफिकको सास्ति पाउला भनी हुकुम बक्स्याको रहेछ,"

(श्रीचित्तरञ्जन नेपालीविरचित जनरल भीमसेन थापा र तत्कालीन नेपालको २४६ पृष्ठ)

केही अंश यस प्रकारको छ—

(श्री ५ गीर्वाणयुद्धविक्रम शाहको प्रशस्ति)

आगे जनरल भीमसेन थापाके आजसम्म गरिआयाका काजकाम मुष्तियारी थामी हाम्रा भरमुलुकका कंपु पल्टन कंपनी गैरहको कामकाज गर्नाको सवाल गरिबक्स्यौं—

प्रथम सवाल ।। घाघन्यास कटकमा चाहिन्या काम कुरो वेलाबषतअन्सार हाम्रो बन्न्या सप्रन्या हेरि ठहऱ्याई साध्रनुपर्न्या कुरा हाम्रा हजुरमा बिन्ति गरि आउन्या कुरा आंटि ढुंगा थामन्या बढन्या सप्रन्या काम गर्नू—

दोस्रा सवाल ।। गुरुपुरोहित चौतारा काजी कर्नेल कप्तान सर्दार सुब्बा सुबेदारगैरह पगरि छोटा बडा सबै मानिसले तंम्रा चाँजा सूरमा चली कामकाज गर्नू—

तेश्रो सवाल ।। कंपु पल्टन कंपनि गैरह षान्या तैनाथि रहन्याले तम्रा र्जाद चांजा सल्लाहमा चल्नु. जो चल्दैन तस्को तागिरि गरी सूरमा चल्न्याको बहालि गर्न्या काम गर्नू. हुकूम बक्स्याको छ—

चौंथो सवाल ।। घा कटक गौडा घुंडाको काम्‌काजमा ढुंगाको सोझो हेरी तत्पर भै कामकाज गर्न्या र नगर्न्या तजबिज् गरि काज् र मानिस्अन्सार षान दिन्या दिलाउँन्या काम लाउन्या काम गर्नू—

पाँचौं सवाल ।। हाम्रा काजकाममा तँम्रा चाँजा सूरमा चलन्या नचलन्या ठहराई सूर चाँजामा नचल्न्यालाई तागिरि गर्नाको तागिरि गरी सासना गर्न्याको कुरा तिमिले विन्ति गऱ्याको मन्जूर छ. सासना गर्न्या गऱ्याउन्या काम गर्नू हुकुम बक्स्याको छ ।

इति संवत् १८६९ साल मार्गशीर्ष शुदि १३ रोज ४ शुभम्[1]

('जनरल भीमसेन थापा र तत्कालीन नेपाल' का २१–२३ पृष्ठबाट ।)

भीमसेन थापाको हातमा यो शासनाधिकार एक टङ्कारसंग धेरै समयसम्म कायम रह्यो । वि. सं. १८८८ मा महारानी त्रिपुरसुन्दरीदेवीको मृत्युपछि भीमसेन थापाले आफ्नो स्थिति कमजोर भएको अनुभव गरे । यसै हुँदा वि. सं. १८९२ मा उनले 'कम्यान्डर इन चीफ' भन्ने दर्जा थपी लिए तथा शासनाधिकार आफ्नो हातमा स्थायी राख्ने इच्छाले उनले लम्मे लालमोहर गराई लिए । त्यसको अलिकता अंश यस प्रकारको छ—

१. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८६९ मार्गशुक्ल

| | गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|---|
| पौष | ४ | बुध | त्रयोदशी | २० । ५७ | (पात्रोबाट) |

२. त्रिरत्नसौदर्यगाथाको २४२ पृष्ठ हेर्नुहोस् ।

(श्री ५ राजेन्द्रविक्रम शाहको प्रशस्ति–)

आगे श्रीजनरल भीमसेन थापाके...अघी श्री ६ बाज्याज्यूबाट श्री ६ बुबाज्यूबाट लालमोहर सवाल गरिबक्सनुभयाबमोजिम मैले पनि लालमोहर गरीबक्स्याको हो. सो-बमोजिम थामी श्रीकम्यांडर इन चीफ जनरल मानमराताव बक्सि घा घरसान्या कटक जंगी मुलुकी हाम्रा भरमुलुकको मुषत्यारी काम तिमिलाई बक्स्यौं. अबउप्रान्त गुरु प्रोहित चौतरिया जर्नैल काजी कर्नैल कप्तान सर्दार लेफटेन सुबा सुबेदार भरभारादार कंपु पल्टन कंपनी गैह्र फौज जंगी मुलुकीले तिम्रा सल्लाहदेषीबाहिक कसैले काम नगर्नु. तिम्रा सुर चाजामा नचली जस्ले तिमिलाई नाघी काम गर्नामा जो पसला. तसलाई तागीर गर्नामाफीकलाई तागीर गरी सजाय गर्नालाई सजाय गरिबक्सौंला. कसैले तिम्रो छिचरो पातलो कुराकहानी हामीहरुका हजुरमा सुनाया भन्या उसै घरी रोवकार गरी नाहकमा तिमीलाई तोफान लायाको रहेछ भन्या उस्ता नादानलाई तक्सीरमाफीक सजाय होला. आपना षातिरजामासंग हाम्रो बंन्या सप्रन्या हेरी काजविसेष हाम्रा हजुरमा विंति गर्न्या कुरा विंति गरी आटन्या कुरा आफुले आटी काजकाम गर. तिमीले काम गर्‍याको मंजूर छ. अघी पनी तिमीले आपनु बिरानु नहेरी हाम्रा निमकका सोझो गरी काम गर्दा तिम्रो दानाइ ठहर्‍याको हो. अबउप्रान्त पनी आफनुबिरानु नगरी हाम्रा निमकको सोझो चिताई काम गर. आपना तैनाथका कंपु पल्टन कंपनीका सिपाही छन् भनी आपना घरको गाउँबुत्राको काम लाउतुपर्दा आसामीसंग प्यादा पठाउँदा धडपकड गर्दा तिमी-संग साधी सोधी गर्नु. तिमीसंग नसाधी नसोधी जसले काम लाउला. तस्ता छोटा बडालाई तक्सीरमाफीक सजाय गरी बक्सौंला इति सम्बत् १८९२ साल मिति कार्तिक वदि ६ रोज २ शुभम्[1] –

(जनरल भीमसेन थापा र तत्कालीन नेपालका २४५–४९ पृष्ठबाट)

तर यसको दुइ वर्षपछि नै भीमसेन थापाको पतन भयो । शासनमा एकाधिकार जमाउने जुन भावना भीमसेन थापामा थियो, राष्ट्रको लागि त्यो हितकर कुरो थिएन । यसो हो तापनि भीमसेन थापा प्रतिभाशाली र योग्य शासक थिए[2] । उनले आफ्नो कार्यकालमा राम्ररी बन्दो-बस्त मिलाई शासन गरेका थिए । उनीपछि उनका प्रतिद्वन्द्वीहरूले उनको स्थान लिन सकेनन् । पुरानो व्यवस्था टुट्यो । नयाँ व्यवस्था जम्न सकेन । यसै परिस्थितिले माथवरसिंह थापालाई अगाडि ल्यायो । अनि उनले गराई लिएको लालमोहर यस प्रकारको छ—

---

१. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ ।

वि. सं. १८९२ कार्तिककृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आश्विन | २८ | सोम | पञ्चमी | १ । ४१ |

(पात्रोबाट)

२. गल्लीमा फ्याँकिएका कसिंगरका ६९–८६ पृ. हेर्नुहोस् ।

(श्री ५ राजेन्द्रविक्रम शाहको प्रशस्ति)

"आगे जनरल मातवरसिंह थापाप्रति ९४ सालदेषी चंडाल कालापाडेहरूका गर्दा धेरै कुराको बेरीत हुन जांदा हामीबाट तँलाइ मुषत्यारी नबक्स्या हाम्रा गातगादी ढुंगामा र सल्तनतमा षलल पर्न गयो भंन्या ठहरायेको थियो. श्रीगुरुप्रोहित चौतरीया काजी सर्दार कंपु पल्टन कंपनी र छोटा बडा बाउन्न लाष पहाड मधेस प्रजा प्राणी गैह्रले पनी जनरल मातबरसिंह थापालाई मुख्तियारी गरीबक्सियेन भन्या सबै कुरा बिग्रन गयो. सर्कारमा पनी सुबिस्ता भयेन. दुनिआमा पनी रीतिथीति भयेन भनी हाम्रा हजुरमा बिंति पार्दा इनीहरूले बोल बिंति गरेको पनी हाम्रो सबै बन्या सप्रन्या ठह्र्दा तैंले पनी हाम्रा गात गादी ढुंगा ढुंगाको सोझो गरी कामकाज गर्दा गर्दै मुलुक सप्रनाको मन्सुबा र यही मन्सुबा राषंज्याल बढिया तवरसंग फाइदा हुने कामकाज गरंज्याल हामीबाट र हाम्रा संतान जहानबाट षोसमोस नगर्नु. गरी घा घरसार न्याय कटक जंगी मुलुक गौडा घुडा मुहुडा पाहाड मध्येस सबै हाम्रा भरमुलुकका काजकाम बन्दोबस्त गर्दाको हालीमुहाली मुषत्यारी गरीबक्स्यौं. आफ्ना षातीरजामासंग अघि श्री ५ ज्यूज्यूबाज्याज्यू पृथ्वीनारायण साहदेषी हामीहरूपर्यन्तले आर्ज्याको ढुंगो अटल हुन्या हाम्रा गात गादीको संभार रहन्या गुरु प्रोहित काजी सर्दार गैह्र भारदारका इज्जत हुर्मत रहन्या प्रजा प्राणीको रक्षा हुन्या काम कुरामा हामीबाट र हाम्रा संतान जहानबाट बेरीत गरी बक्सन लाग्यौं. अनाहकमा गाई ब्राह्मण ब्राह्मणी अरू गैह्र भारादार छोटा बडा कसैलाइ रगतपक्ष सास्ती सासना गरी बक्सन लाग्यौं. अनाहकमा अंग्रेजका छाउनीमा गै चमक पार्नामा लागी बक्स्यौं. बेकाममा जगाजमीन रुपैञा नगदी जिन्सी ढेरै खर्च गरी बक्सन लाग्यौ भन्या तैंले हाम्रा हजुरमा बिंति पारी थामनु. भरभारादार भित्रिया बाहिरिया गैह्र छोटा बडा कसैले तंबाहेक हाम्रा हजुरमा कौनै कुराको बोल बिंति नगर्नु. आफ्नु षाता दाता दुष दर्दको बोल बिंति गर्दा तेरामार्फत बिंति पार्नु र हुकुम बक्स्याबमोजीम तैंले निकासा गरिदिनु. कसैले तेरो वेर्वाजित बोल बिंति गरेमा हामी र हाम्रा संतान जहानबाट सुनिबक्सनेछैनौं. कदाचित हामीबाट र हाम्रा सन्तान जहानबाट बेरीतका काम कुराको हुकुम बक्सियो भन्या नमान्नु. रीतिका काम कुरा हाम्रा हजुरमा बिंति गर्दा गर्दै हामीबाट र हाम्रा सन्तान जहानबाट मानिबक्सियेन भन्या तैंले यो मोहर सिरमा राषी गात गादी ढुंगाको बढिया हुन्या अघिदेषी चलीआयाबमोजींको काज काम परपजनी बंदोवस्त चलाउदा तेरो चित्तमा जस्ता तरह हाम्रा गात गादी मुलुकको बंन्या सप्रन्या देषन्याछस्. सोमाफीक साधन्या साधी आफुले आटन्या कुरो आंटी तैंले काजकाम बन्दोबस्त गर्नु. ढुकुटीमा सालबसाल जगेरा बढाउदै गर्नु. परपजनी गर्दा भैभारादार गैह्र जंगी मुलुकीमा हाम्रो सोझो चिताउन्या तेरा सुरमा चलन्यालाई अघी सनातनदेषी चली आयाबमोजीं आलोपालो मिलाइ पगरीहरुलाइ हाम्रा हजुरमा ल्याई दर्सन गराउनू. अरु तंसित दर्सन गरी हुनेलाई तंछेउ दर्सन गराई पजनी गर्नु. अबउप्रान्त गुरु पुरोहित चौतरिया काजि सर्दार कपतान भैभारादार कंपु पल्टन गैह्र जङ्गी मुलुकी तनहादेषी उमरावसम्मका सबैले हाम्रा सप्रन्या कुरामा तैंले अह्रायाको मान्नु. तेरा सुरमा नचली जो काम गर्ला. तैंले अह्रायेको जो मानो-

इन. तेस्लाइ जातअनुसार जिय धनको जो सजाये गर्नुपर्ने हो. सो सजाये गर्नु. किन सजाये गरीस् भनी हामीबाट र हाम्रा सन्तान जहानबाट कसैले तेरा जिय धन सन्तान जाहान कसैको पनी दगा नगर्नु भनी तेरा बाबा जनरल कम्धांडर इनचीफ भीमसेन थापालाई श्रीबाज्याज्यूबाट कासीमा गरीबक्सनु भयाका मोहरको धर्म कायम राषी हामीबाट सो जर्दमोहरबमोजिको तैंले काम कुरो गर्दा घटिबढी भयाको सबै माफ गरीबक्सी अभयको लालमोहर गरिबक्स्यौं. कौनै काजकामलाई अह्राञा भन्या पनी हाम्रा तिन सर्कारका हजुरमा बिंति पारी हुकुम बक्सेबमोजिं गर्नु. हामीहरूका मानमर्यादा घटाउने काम नगर्नु औ ढुकुटिबाट केही कामकाजले रुपैञा पैसा झिकनुपर्दा जगेरा केही राषदा हाम्रा हजुरमा बिंति पारी झिकन्या राषन्या काम गर्नु. इति संवत् १९०० साल मिति पौष सुदी ७ रोज ५ शुभम्[1]

(अप्रकाशित यस पत्रको नकल ऐ. शि. बाबुराम आचार्यको संग्रहबाट श्रीगुरु पं. नयराज पन्तले धेरै वर्षअगाडि लिनुभएको थियो, त्यतैबाट यो यहाँ दिइएको छ ।)

यसरी अधिकार एकलौटी पार्दै जाने रहर त माथवरसिंह थापाले पुऱ्याए, तर धेरै कालसम्म त्यो व्यवस्था रहन सकेन । चाँडै नै माथवरसिंह थापाको पनि पतन भयो ।

जङ्गबहादुर परिस्थिति बुझ्न सक्ने चतुर पुरुष थिए । आफ्नो 'कुलसङ्घ[2]' खडा गरी शासनाधिकार सर्वात्मना आफू र आफ्ना भाइभतिजाहरूमा पार्न जङ्गबहादुर सफल भए । उनले शासनाधिकार एकलौटी पार्न गराइलिएको लालमोहरको केही भाग यस प्रकारको छ—

"श्री ५ सुरेन्द्रबाट

आगे श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइम्मिनिष्टर यान कम्याण्डरइनचीफ जनरल जङ्गबहादुर कुँवर राणाजीप्रति

सानातिना रकममा पनि जत्रतत्रबाट रुक्का आई लालमोहर हुन जाँदा..............मुलुकमा बेथिति हुन लाग्यो. थिति भएन भनि तिमीले हाम्रा हजुरमा बिन्ति पार्दा जाहेर भयो. अबउप्रान्त बिर्ता मानाचावल छाप फीकदार सुक्री ज्मा–खर्च फारखति तिम्रो र श्रीगुरुज्यू जनरल कर्णेल काजी सर्दार कपतानसम्मका पगरीका पट्टा मारनु काटनु मुड्नु सर्वस्व गर्नु श्रीदेवदेवताका गुठि बिति सदावर्त माफी तनुषाहका लालमोहर येति कुराका जाँचौ बुझी ठहराई हाम्रा लालमोहर गराई बन्दोबस्त गर्नु. तनुखा हुन्या कुरामा हाम्रो लालमोहर र सोहीबमोजिमको तिम्रो ताकीतीको दसषत गर्‍यो भन्या रकमीले रुपैया दिनू. श्रीफ ताकितीको तिम्रो दसषत नभै लालमोहर मात्र भैगयो भन्या तेस्ता बेहोराको रुपैञा रकमीले नदिनू. येतिबाहेक अरू रकममा अधि भैगयाका

---

१. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १९०० पौषशुक्ल

| | गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|---|
| पौष | १५ | बृहस्पति | सप्तमी | ६ | । ० | (पात्रोबाट) |

२. कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या पहिलो संख्या हेर्नुहोस् ।

लालमोहर हानिबक्स्यौं. तिम्रो बसखतले बन्दोबस्त गर्नु भन्या बन्धेज बाँधिबक्स्यौं. संवत् १९०५ मार्गवदि १४ रोज ६[1]"

"श्री ५ महाराजाधिराज सुरेन्द्र श्री ५ महाराजाधिराज राजेन्द्र श्री ५ महाराजाधिराज वलीअहद त्रैलोक्यबाट ………… श्री ३ महाराज जङ्गबहादुर राणाजीके ………… कंपू पल्टन कम्पनी भारादार जङ्गी मुलुकी निजामती गैह्रका नाउमा तिमीहरूले जो उर्दि देउला. सो उर्दि बजाउनु. हामीबाट अर्को कमान उर्दि वक्स्या पनि कबुल नगर्नु. तिम्रा उर्दि कमानमा नरहन्यालाई जातअनुसारको सजाय गर्न्याछन्.

………मुषत्यारी रोलमा धीरसंशेर जङ्गकुवर राणाजीका रोलपछि तिम्रा छोरा जगतजंग राणालाई मुक्तीयारी गर्नु.

………तिमीहरूका भाइछोरा बसी धर्म गरी रोल बाध्याबमोजिम हामी र हाम्रा संतानले तिमी राणाजीहरूको रोलबमोजिम तिमीहरूका सन्तानपर्यन्त घोसमोस नगर्नु. घोस्या भन्या पञ्च महापातक लागला.

………तिमीहरूले बाधेको तपसीलबमोजिमका रोलबमोजिम हाम्रा हजुरमा दर्सन गराऊ. हामीबाट र हाम्रा सन्तानबाट कदाचित् ………धर्म छोडि अर्को तरह गर्न लाग्यौ भन्या तेसलाई श्रीपशुपति श्रीगुह्येश्वरीको कुदृष्टि पञ्चमहापातक लागला. तिमीहरूका रोलवालाले गद्दीमा रुपैंआ राखी बलल पार्न्या मतलब गर्न्याहरूलाई माथी लेषीयाबमोजिम सजाय गर्नु भनी धर्मपत्र गरीबक्स्याको छ. इति संवत् १९२४ साल माघ सुदि १०[2] रोज शुभम्"

(रूपरेखा ६५ पूर्णाङ्कको ३८–४७ पृष्ठ, 'कवि बालकृष्ण सम्मको ऐडविल' नामक संशोधन–मण्डलको लेखबाट)

माथवरसिंह थापाले "प्राइममिनिस्टर" भन्ने दर्जा लिएका थिएनन्। "मिनिस्टर" भन्ने दर्जा मात्र लिएका थिए भन्ने कसै कसैको भनाइ सुनिन्छ। तर यस अभिलेखबाट उनले "प्राइम मिनिस्टर" दर्जा लिएका थिए भन्ने कुरा स्पष्ट भएको छ। माथवरसिंह थापाको तक्मामा पनि

---

१. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १९०५ मार्गकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|---|
| मार्ग | ११ | शुक्र | चतुर्दशी | ४३। १० | (पात्रोबाट) |

२. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १९२४ माघशुक्ल

| | गते | वार | तिथि | घडी पला | |
|---|---|---|---|---|---|
| माघ | २२ | सोम | दशमी | ४९। ५७ | (पात्रोबाट) |

उनलाई "प्राइममिनिस्टर' भनेर नै लेखिएको छ । म्युजियममा रहेको सा तकमा त चोरीमा परेको हुनाले लुप्त भइसकेको छ । तर त्यसको नक्कल उतारिराखेको प्रति त्यहाँ अहिले पनि पाइन्छ ।

यसरी माथवरसिंह थापासम्बन्धी केही कुरालाई प्रामाणिक रूपमा दर्शाउने यो अभिलेख यहाँ प्रकाश गरिएको छ ।

-★-

(क्रमागत)

## दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको

# रत्नदीप

सम्पादक तथा अनुवादक –रामजी तेवारी

*३५ प्रक्रम*–शुक्रको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको शुक्रको शीघ्रोच्च) ल्याउने रीति

तत्वाश्विघ्नः स्वाभ्रवेदेशभागै-

र्युक्तः सार्द्धाष्टाक्षिहीनः सितोच्चम् ।

*अन्वय*–तत्वाश्विघ्नः, (अब्दः), स्वाभ्रवेदेशभागैः, युक्तः, (कार्यः), सार्द्धाष्टाक्षिहीनः, (कार्यः), सितोच्चम्, स्यात् ।

*पदार्थ*–तत्वाश्विघ्नः=२२५ ले गुनिएको । अब्दः=वर्षगण । स्वाभ्रवेदेशभागैः=आफ्नो ११४० भागले । युक्तः=जोडिएको । कार्यः=गर्नू । सार्द्धाष्टाक्षिहीनः=२८ अंश ३० कला घटेको । कार्यः=गर्नू । सितोच्चम्=शुक्रको शीघ्रोच्च । स्यात्=हुन्छ ।

*भावार्थ*–वर्षगणलाई २२५ ले गुन्नू । गुणनफल अंश हुन्छ । गुणनफललाई ११४० ले भाग लिई अंशादि लब्धि लिनू । गुणनफल र लब्धिको योग गर्नू । योगफलबाट २८ अंश ३०

कला घटाउनू । शेष शुक्रको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको शुक्रको शीघ्रोच्च) हुन्छ ।

## उदाहरण

वि. सं. १८७१ को शुक्रको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको शुक्रको शीघ्रोच्च) ल्याउँदा यस वर्षको वर्षगण १७ हो (१ प्रक्रमको उदाहरण हेर्नुहोस् ।) वर्षगण १७ लाई २२५ ले गुन्दा गुणनफल ३८२५ अंश आउँछ । गुणनफल ३८२५ अंशलाई ११४० ले भाग लिंदा लब्धि ३ अंश २१ कला १८ विकला ५६ प्रतिविकला ५१ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ३।२१।१८।५६।५१ लाई गुणनफल ३८२५ अंशमा जोड्दा योगफल ३८२८ अंश २१ कला १८ विकला ५६ प्रतिविकला ५१ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल ३८२८।२१। ५६।५१ बाट २८ अंश ३० कला घटाउँदा शेष ३७९९ अंश ५१ कला १८ विकला ५६ प्रतिविकला ५१ प्रतिप्रतिविकला आउँछ । ३७९९ अंशलाई ३६० ले तष्ट गर्दा १९९ आउँछ । यस कारण अंशादि १९९।५१।१८।५६।५१ हुन्छ । यस कारण वि. सं. १८७१ को शुक्रको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको शुक्रको शीघ्रोच्च) १९९ अंश ५१ कला १८ विकला ५६ प्रतिविकला ५१ प्रतिप्रतिविकला हुन्छ ।

```
  २२५
 ×१७ वर्षगण
 ------
 १५७५
 २२५
 ------
 ३८२५ अंश
```

```
                               अं. । क. । वि. । प्र. । प्र.प्र.वि.
११४०)३८२५ अंश(                 ३  । २१ । १८  । ५६  । ५१
     ------
 २२८)७६५           ६
     ------       ×६०
  ७६)२५५          ----
     २२८          ३६०
     ----         १९
      २७          ----
     ×६०          १७०
     ----         १५२
  १९) २७          ----
     ×१५           १८
     ----         ×६०
     १३५          ----
      २७          १०८०
     ----          ९५
     ४०५          ----
      ३८          १३०
     ----         ११४
      २५          ----
      १९           १६
     ----         ×६०
                  ----
                   ९६०
                   ९५
                  ----
                   १०
```

```
३६०)३७९९(१०
    ३६०
    ----
    १९९
```

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|
| ३८२५ | ० | ० | ० | ० |
| ३ | २१ | १८ | ५६ | ५१ |
| ३८२८ | २१ | १८ | ५६ | ५१ |

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|
| ३८२८ | २१ | १८ | ५६ | ५१ |
| २८ | ३० | ० | ० | ० |
| ३७९९ | ५१ | १८ | ५६ | ५१ |

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.
१९९ । ५१ । १८ । ५६ । ५१ । वि. स. १८७१ को शुक्रको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको शुक्रको शीघ्रोच्च)

## २६ प्रश्नमाला

तल दिइएका वर्षका शुक्रको शीघ्रोच्चका ध्रुव (मेषसङ्क्रान्तिकालका शुक्रको शीघ्रोच्च) ल्याऊ ।

(१) वि. सं. २०२३
(२) वि. सं. २०२२
(३) वि. सं. २०२१
(४) वि. सं. २०२०
(५) वि. सं. २०१९
(६) वि. सं. २०१८
(७) वि. सं. १८६०
(८) वि. सं. १८६१
(९) वि. सं. १८६७
(१०) वि. सं. १८६८
(११) वि. सं. १८६९
(१२) वि. सं. १८७०
(१३) वि. सं. १९६०
(१४) वि. सं. १९६१
(१५) वि. सं. १९७०
(१६) वि. सं. १९७१
(१७) वि. सं. १८५४
(१८) वि. सं. १८५५

## उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| [१] | २२९ | ५१ | १८ | ५६ | ५१ |
| [२] | ४ | ३९ | २८ | २५ | १६ |
| [३] | १३९ | २७ | ३७ | ५३ | ४१ |
| [४] | २७४ | १५ | ४७ | २२ | ६ |
| [५] | ४९ | ३ | ५६ | ५० | ३२ |
| [६] | १८३ | ५२ | ६ | १८ | ५७ |
| [७] | २४२ | ४१ | ३ | ९ | २८ |
| [८] | १०७ | ५२ | ५३ | ४१ | ३ |
| [९] | १९ | ३ | ५६ | ५० | ३२ |
| [१०] | २४४ | १५ | ४७ | २२ | ६ |
| [११] | १०९ | २७ | ३७ | ५३ | ४१ |
| [१२] | ३३४ | ३९ | २८ | २५ | १६ |
| [१३] | ८२ | २५ | १५ | ४७ | २२ |
| [१४] | ३०७ | ३७ | ६ | १८ | ५७ |
| [१५] | १७४ | २३ | ४१ | ३ | ९ |
| [१६] | ३९ | ३५ | ३१ | ३४ | ४४ |
| [१७] | ३३१ | ३० | ० | ० | ० |
| [१८] | १९६ | ४१ | ५० | ३१ | ३५ |

(क्रमशः)

# श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको संक्षिप्त जीवनी

श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको जन्म वि. सं. २००२ पौष १४ गते तदनुसार सन् १९४५ को डिसेम्बरको २८ तारीखका दिन राजदरबार काठमाडौंमा भएको थियो । बुबाज्यू श्री ५ महाराजाधिराज सरकार महेन्द्रवीरविक्रम शाहदेव (तात्कालिक श्री ५ युवराजाधिराज सरकार) तथा मुमाज्यू स्वर्गवासिनी श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मीदेवी शाहको सदिच्छाअनुसार श्री ५ युवराजाधिराज सरकारको पालनपोषण मौसूफकै मुमाज्यूद्वारा ठूलो ममताका साथ भएको थियो । श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारको अगाध स्नेहप्राप्त श्री ५ युवराजाधिराज सरकारका दुइ भाइ, दुइ दिदीज्यूहरू तथा एक बहिनी होइबक्सन्छ । तात्कालिक राणाशासनको कडा निगरानीकालमा पनि मौसूफको पारिवारिक जीवन हरतरहले सुखमय थियो । परन्तु त्यो सुखमय पारिवारिक जीवनलाई वि. सं. २००७ भाद्र १९ गते भएको श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मीदेवी शाहको असामयिक स्वर्गारोहणले कुण्ठित पारिदियो ।

६ जना बालबच्चाहरूको पालनपोषण गर्ने अभिभारा श्री ५ महाराजाधिराज सरकारको काँधमा पऱ्यो । वि. सं. २००७ को क्रान्तिको समयमा श्री ५ युवराजाधिराज सरकार, जिज्यूबुबाज्यू राष्ट्रपिता स्वर्गवासी श्री ५ त्रिभुवन र बुवाज्यू श्री ५ महेन्द्रका साथ नेपाल अधिराज्यबाहिर सवारी होइबक्स्यो । यस अवधिभर र वि. सं. २००९ को मार्ग महीनासम्म श्री ५ महेन्द्रबाट श्री ५ युवराजाधिराज सरकारसमेत ६ जना बालबालिकाहरूको ठूलो स्नेहसाथ हेरचाह गरिबक्स्यो । श्री ५ महाराजाधिराज सरकार (तात्कालिक श्री ५ युवराजाधिराज सरकार) को शुभ विवाह श्री ५ बडामहारानी रत्नराज्यलक्ष्मीदेवी (तात्कालिक श्री ५ युवराज्ञी) संग २००९ मार्ग २५ गते सुसम्पन्न भएको थियो । त्यस वेलादेखि श्री ५ युवराजाधिराज सरकारको पालनपोषण श्री ५ अधिराजकुमारहरू र श्री ५ अधिराजकुमारीहरूका साथसाथै श्री ५ बडामहारानी रत्न-राज्यलक्ष्मीदेवी शाहबाट अगाध वात्सल्य तथा स्नेहका साथ हुन थाल्यो । श्री ५ महाराजाधिराज सरकारका सौभाग्यवती अर्धाङ्गिनीको रूपमा र श्री ५ युवराजाधिराज सरकारको मुमाज्यूको हैसियतमा श्री ५ बडामहारानी सरकारबाट स्वर्गवासिनी श्री ५ युवराज्ञीको दुःखदायी निधनबाट शाही पारिवारिक जीवनमा छाएको शून्यतालाई पूर्ण गरिदिइबक्स्यो ।

श्री ५ युवराजाधिराज सरकारको प्राथमिक शिक्षा सेन्ट जोजेफ्स कलेज दार्जिलिंगमा सुसम्पन्न भएको थियो । ६ वर्षको कलिलो उमेरमै आफ्ना प्रिय मुमाज्यू बुबाज्यूबाट टाढा रहनु मौसूफको निम्ति रमाइलो थिएन । तर साथमा भाइ तथा दिदीबहिनीहरू पनि स्कुलमा नै अध्ययन

गरिबक्सेकोले मौसूफलाई केही सान्त्वना मिलेको थियो। यसरी श्री ५ युवराजाधिराज सरकारको लागि एक प्रकारको पारिवारिक जीवन त्यहाँ पनि चालू नै रह्यो । अरू कुराहरूका अतिरिक्त सेन्ट जोजेफ्स स्कुलमा मौसूफलाई अनुशासनको गह्रिरो भावना हृदयङ्गम भयो । मौसूफको विद्यार्थी अवस्थामा नै श्री ५ महेन्द्रबाट वि. सं. २०११ चैत्र १ गतेका दिन एक सार्वजनिक घोषणाद्वारा मौसूफलाई नेपाल अधिराज्यको राजगद्दीको उत्तराधिकारी घोषित गरिबक्स्यो ।

सेन्ट जोजेफ्समा मौसूफबाट अंग्रेजी भाषा राम्ररी बोलिबक्सन र लेखपढ गरिबक्सनका साथै गणितमा समेत प्रारम्भिक शिक्षा हासिल गरिबक्स्यो । यो ज्ञान ईटन कलेज इंगल्यान्डमा उच्च शिक्षा हासिल गर्नको लागि आवश्यक आधार भयो । त्यहाँ मौसूफ वि सं. २०१६ मा अध्ययन गर्न सवारी भइबक्स्यो । ईटन कलेजमा अरू विद्यार्थीहरूसरह कलेजका सबै क्रिया-कलापमा भाग लिइबक्सेर मौसूफबाट विद्यार्थीको हैसियतमा ५ वर्ष बिताइबक्स्यो। मौसूफबाट त्यहाँ विद्यार्थीको लागि कलेजबाट निर्दिष्ट अध्ययनका विषयका साथै कलेजका सबै नियमहरूको पूर्णतया परिपालन गरिबक्स्यो । हाउस मास्टर र सम्बद्ध अरूहरूबाट प्राप्त पथप्रदर्शनको सुमधुर सम्झना मौसूफ सरकारमा अझै रहेको छ एवं त्यस वेला जोडिएका मित्रताका सम्बन्धहरू अद्यापि कायमै रहेका छन् । यस अवधिभित्र विशेष गरी छुट्टीको समयमा मौसूफबाट यूरोपका धेरै देशहरूको प्रथम वार विस्तृत भ्रमण गरिबक्स्यो। वि. सं २०१७ मा श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकार संयुक्त अधिराज्यको राजकीय भ्रमणमा सवारी होइबक्सदा मौसूफ पनि सम्मिलित होइबक्सेको थियो। मौसूफबाट वि सं २०१८ भाद्रमा बेलग्रेडमा भएको असंलग्न राष्ट्रहरूको सम्मेलनमा पनि पर्यवेक्षकको रूपमा भाग लिइबक्स्यो । यस बीचमा श्री ५ युवराजाधिराज सरकार शुभ उपनयन समारोहको लागि स्वदेश फिरिबक्स्यो । मौसूफको शुभ उपनयन समारोह वि. सं २०१९ चैत्र २९ गतेको दिन वैदिक विधिअनुसार सुसम्पन्न भयो। श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकार केनियामा शिकार खेल्न सवारी होइ-बक्सदा मौसूफ पनि ईटनबाट सवारी होइबक्सेको थियो । श्री ५ युवराजाधिराज सरकारबाट वि. सं २०२१ मा ईटनमा अध्ययन पूरा गरिबक्स्यो र सोभियत संघ, इरान र अन्य देशहरूको भ्रमण गरिबक्सदै स्वदेश फिरिबक्स्यो । इरानमा सवारी हुँदा इरानका शाहंशाह र शाहबानू फारादिवाबाट मौसूफको स्वागत भएको थियो । स्वदेश फिरिबक्सेको केही समयपछि वि. सं. २०२१ आश्विन १ गतेको दिन हनूमान्ढोका गद्दीबैठकमा मौसूफ उमेर पुगिबक्सेको समारोह सुसम्पन्न भयो । यस समारोहमा श्री ५ महाराजाधिराज सरकारबाट मौसूफमा पृथुलाधीश तथा शाही सेनाको सर्वोच्च महासेनानीको पदवी प्रदान गरिबक्स्यो । वि. सं २०२१ आश्विनमा श्री ५ महाराजाधिराज सरकार काहिरामा भएको असंलग्न राष्ट्रका राष्ट्राध्यक्षहरूको सम्मेलनमा नेपालको प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्सी भाग लिन सवारी होइबक्सदा श्री ५ युवराजा-धिराज सरकारबाट राजकीय परिषद्को अध्यक्षको कार्यभार सँभालिबक्सेको थियो। वि. सं. २०२१ फागुनमा मौसूफबाट ड्यूक अफ् एडिनबराको सत्कार गरिबक्सेको थियो। त्यही वर्ष इन्डोनेशियामा भएको बाङडुङ्ग सम्मेलनको दशौं वार्षिकोत्सवमा श्री ५ युवराजाधिराज सरकारबाट नेपाली

प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्सेको थियो । त्यहाँ मौसूफबाट नेपालको परराष्ट्रनीतिका मुख्य सिद्धान्तहरूको महत्त्वपूर्ण व्याख्या गरिबक्स्यो । मौसूफबाट इन्डोनेशियाका राष्ट्रपति सुकार्नो, जनवादी गणतन्त्र चीनका प्रधानमन्त्री चाउ–एन–लाई तथा अरू धेरै अफ्रिकी तथा एशियाली नेताहरूसंग वार्ता गरिबक्स्यो । मौसूफबाट ए. एफ्. पी. का स्थानीय प्रतिनिधिलाई बक्सेको अन्तरवार्तालाई अन्तरराष्ट्रिय मान्यता दिइएको थियो । मौसूफको कार्यकुशलताबाट प्रभावित भई इन्डोनेशियाको "अन्तारा" संबाद समितिले महान् पिताको सुयोग्य पुत्र भनी मौसूफको वर्णन गरेको थियो ।

अधिराज्यका विभिन्न भागको जन–जीवनको यथार्थतासित स्वयं परिचित हुने सदिच्छाबाट प्रेरित भइबक्सी मौसूफबाट वि. सं २०२१ आश्विन र वि. सं. २०२२ माघमा नेपालका पूर्वी तथा पश्चिमी भागको पैदलभ्रमण गरिबक्स्यो । मौसूफबाट साधारण यात्रीहरूले जुन भोजन खान्थे, सोही भोजन ज्यूनार भई छाप्रो, सामान्य घर, मामूली स्कुलघरहरू र कहिलेकहीं बाहिर खुला ठाउँमा पनि सुकला गरिबक्सदै नचिनिने गरी पैदल सवारी होइबक्सनु नै यी भ्रमणको अपूर्वता थियो । यो पैदलभ्रमणको क्रम यथावत् जारी नै रहेको छ र अधिराज्यभरिका जनताले यसलाई विशेष उल्लासका साथ स्वागत गरेका छन् । यस्ता भ्रमणबाट मौसूफ जनताको रहन–सहन, समस्याहरू र तिनको समाधानबारे प्रत्यक्ष रूपमा ज्ञान हासिल गरिबक्सन्छ । स्वदेश तथा विदेशको आलोपालोसंग भ्रमण गरिबक्सने कार्यक्रमअनुसार काठमाडौंउपत्यकाबाहिरको लामो भ्रमणपछि मौसूफबाट वि. सं. २०२३ आषाढ महीनामा जनवादी गणतन्त्र चीनको भ्रमण गरिबक्स्यो । सो अवसरमा मौसूफबाट जनवादी गणतन्त्र चीनका नेता अध्यक्ष माओ त्से तुंगसंग पनि भेट गरिबक्स्यो । वि. सं. २०२१ देखि वि. सं २०२४ को बीचमा मौसूफबाट श्री ५ महाराजाधिराज सरकारको सवारी विदेशमा रहँदा ३ पटक राजकीय परिषद् तथा राजप्रतिनिधिपरिषद्को अध्यक्षको कार्यभार सञ्चालिबक्स्यो । मौसूफबाट वि. सं. २०२३ मा नेपाल–भ्रमणमा आउनुभएका शाही अतिथि इरानका राजकुमार रेजा पहलवीको सत्कार गरिबक्स्यो ।

ईटनमा अध्ययन पूरा गरिबक्सेपछि मौसूफबाट महत्वपूर्ण कार्यहरूको बोझ भए तापनि राजदरबारमा नेपालको प्रशासन, इतिहास, भूगोल र भाषाको अध्ययन जारी नै राखिबक्स्यो । साथै मौसूफबाट राजदरबारबाट वर्षको ३ पटक प्रकाशित हुने "रमझम" पत्रिकाको सम्पादकमण्डलको अध्यक्षता पनि ग्रहण गरिबक्स्यो । वि. सं. २०२३ चैत्र महीनामा मौसूफसरकार उत्तर र दक्षिण अमेरिका, यूरोप, अफ्रिका तथा एशियाका धेरै देशहरूको अध्ययनभ्रमणमा सवारी होइबक्स्यो । विश्वको तेस्रो औद्योगिक क्षेत्र र एशियाको सबभन्दा ठूलो अधिराज्य जापानमा मौसूफबाट टोकियो विश्वविद्यालयको विद्यार्थीमा नाम दर्ता गराइबक्स्यो । त्यहाँ मौसूफ जापानको आधुनिकीकरण र एशिया तथा विश्वमा यसको स्थान बुझिबक्सन दत्तचित्त होइबक्स्यो । विस्तृत रूपले हन्सु, क्युसु–सिको कू र होकाइडो टापूहरूको यात्रा गरिबक्सदै मौसूफ सरकारबाट स्वयं जापानी जीवनप्रणाली, त्यसको सामाजिक स्वरूप, कृषि, उद्योग र शिक्षासंग परिचित होइबक्स्यो । मौसूफ सरकारबाट बराबर जापानका राजपरिवारका विभिन्न सदस्यहरू खास गरी युवराज

अकिहितो, युवराज्ञी मिचिकोसंग भेटघाट गरिबक्सन्थ्यो । त्यहाँ बादशाह हिरोहितोसँग पनि मौसूफको दर्शन भेट भएको थियो ।

वि. सं. २०२४ भाद्र १६ गतेका दिन मौसुफ सरकार हर्वर्ड विश्वविद्यालयको शारत्कालिक आर्द्धवर्षिक शिक्षणअधिवेशनको निम्ति संयुक्तराज्यअमेरिका पुगिबक्स्यो । त्यहाँ मौसूफ सरकारबाट प्रशासन, अर्थशास्त्र, सामाजिक सम्बन्ध र अमेरिकी राष्ट्रपतिसम्बन्धी बिभिन्न विषयवस्तुहरूको विस्तृत अध्ययन गरिबक्सदै पूरा एक शिक्षणवर्ष बिताइबक्स्यो । बुद्धिजीवीहरूको केन्द्र हर्वर्डमा मौसूफबाट उत्साहवर्द्धक बुद्धिविषयक खुराक प्राप्त गरिबक्स्यो । विश्वविद्यालयले कसरी आफ्नो उदार वस्तुगत परम्परालाई कायम राख्नुपर्दछ, विद्यार्थीहरूलाई कडा परिश्रम गराउने तात्पर्यहरू के के हुन्, विश्वविद्यालयका विद्यार्थीहरूउपर कुन कुन अतिरिक्त उत्तरदायित्वहरू आइपर्दछन् भन्ने र यीसित सम्बद्ध प्रश्नहरूलाई लिएर हर्वर्ड विश्वविद्यालयमा त्यस बेला निकै चहलपहल थियो । मौसूफ सरकारको बुद्धिविकासको निम्ति यस्तो वातावरण उपयुक्त थियो । तर संयुक्तराज्यअमेरिकामा हर्वर्ड मात्र सब कुछ थिएन । अत : मौसूफ सरकारबाट वि. सं. २०२३ आश्विन महीनामा संयुक्तराज्यअमेरिकाको राजकीय भ्रमणमा श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारका साथमा र पछि व्यक्तिगत तवरले पनि विस्तृत रूपमा संयुक्तराज्यअमेरिकाको भ्रमण गरिबक्स्यो । हर्वर्डको शिक्षणवर्ष समाप्त भएपछि मौसूफबाट ल्याटिन अमेरिका, क्यानाडा, यूरोप, एशिया र अफ्रिकाका विकासकार्यहरू नजर गरिबक्सन अध्ययनभ्रमण जारी गरिबक्स्यो । अनेक रोचक ठाउंहरूमा सवारी होइबक्सनुको साथै मौसूफबाट प्रत्येक मुलुकमा केही समस्याहरू भएको र प्रत्येक मुलुकलाई सुहाउंदो व्यवस्थाद्वारा नै तिनीहरूको सफल समाधान भइरहेको तथ्यको पनि अवलोकन गरिबक्स्यो ।

अध्ययनभ्रमणको सिलसिलामा मौसूफ सरकारबाट संसारका वरिष्ठ नेताहरू तथा राष्टाध्यक्षहरूसंग परिचय गरिबक्सनु पनि एक महत्त्वपूर्ण रूपरेखा हो । यसै संदर्भमा मौसूफ सरकारबाट संयुक्त राष्ट्रसंघका महामन्त्री उ थान्त, अमेरिकाका भूतपूर्व राष्ट्रपति लिन्डन बी. जोन्सन, इजरायलका राष्ट्रपति जाल्मन साजार, इथोपियाका बादशाह हेलसेलासी, लङ्काका गभर्नर जनरल (राजस्थानीय) विलियम गोपल्लव र भारतीय राष्ट्रपति स्वर्गवासी जाकिर हुसेनलाई पनि भेटिबक्स्यो। भारतका स्वर्गवासी राष्ट्रपति जाकिर हुसेनलाई भेटिबक्सदा मौसूफ सरकारबाट भारतका अरू नेताहरूको पनि परिचय पाइबक्स्यो। मौसूफ सरकारबाट भारतका भूतपूर्व राष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णन् र प्रधानमन्त्रिणी श्रीमती इन्दिरा गांधीलाई पनि भेटिबक्सेको थियो।

वि. सं. २०२५ आश्विन २२ गते मौसूफ सरकार स्वदेश फिरिबक्स्यो। अध्ययन, यात्रा र मौसूफउपर आइपरेका उत्तरदायित्वको साथै मौसूफ सरकारको जीवनमा खेलकूद एवं शारीरिक व्यायामले पनि आफ्नो स्थान राखेका छन्। मौसूफ नियमित व्यायाम गरिबक्सन्छ। पौडी खेल्नु,

घोडा चढ्नु[१] र खेलहरू खेल्नु अतिरिक्त प्यारासूटबाट फाल हाल्ने तालीम हासिल गरिबक्सेपछि श्री ५ महाराजाधिराज सरकारबाट यसै सालको शुरूतिर नै मौसूफलाई "प्याराविङ" को उपाधिले विभूषित गरिबक्स्यो । स्काउटसेवाको आदर्शलाई विश्वास गरिबक्सदै मौसूफ सरकार नेपाल ब्वाय एण्ड गर्ल स्काउटको प्रमुख स्काउट होइबक्सन्छ । मौसूफ सरकारको निर्देशनमा नेपाल ब्याय एण्ड गर्ल स्काउट एकनासले उन्नत हुँदै गएका छन् । गएको वसन्त ऋतुमा विश्व स्काउटसम्मेलनको सदस्यतामा हाम्रो स्काउट संस्था छानिनु यसको उज्ज्वल प्रमाण हो ।

चित्रकलाकार होइबक्सेकोले मौसूफ सरकार प्रभावोत्पादक शैलीको चित्रणमा अभिरुचि देखाइबक्सन्छ । तर यसो भए पनि मौसूफ सरकारको अध्यक्षतामा नेपालललितकलासंस्थाले परम्परागत नेपाली र आधुनिक कलाकृति दुवैलाई प्रोत्साहित पारेको छ ।

गत वर्ष र यस वर्ष श्री ५ महाराजाधिराज सरकार विदेश सवारी होइबक्सेको अवसरमा श्री ५ युवराजाधिराज सरकार राजप्रतिनिधिपरिषद्को अध्यक्ष होइबक्सेको थियो । गत साल माघ १९ गते मौसूफको निमन्त्रणामा नेपालको औपचारिक भ्रमणका लागि सवारी भएका डेनमार्कका युवराज्ञी मार्गरेट र राजकुमार हेनरीकको मौसूफबाट स्वागत गरिबक्सेको थियो । डेनिस शाही दम्पतीको स्वागत गरिबक्सदै आयोजना गरिएको राजकीय भोजमा मौसूफ सरकारबाट बक्सेको भाषणमा पञ्चायतव्यवस्था अधिराज्यको भौगोलिक एवं ऐतिहासिक पृष्ठभूमिको अनुकूलताको ख्याल गरी नेपालमा विकसित भएको हो; यो व्यवस्था हाम्रा जनताको मौलिक भावना, विश्वास तथा आधारभूत स्वरूपको ढाँचामा ढालिएको हो भन्ने हुकूम भएको थियो ।

यही गत आश्विन २६ गते राष्ट्रको नाममा बक्सेको सन्देशमा श्री ५ महाराजाधिराज सरकारबाट मौसूफको अनुपस्थितिमा राजप्रतिनिधिपरिषद्को अध्यक्षको हैसियतले श्री ५ युवराजाधिराज सरकारबाट मुलुकको नीति निर्णय र व्यवस्थाअनुसार संचालन गरिबक्सेको दैनिक कार्यको प्रशंसा गरिबक्सदै मौसूफलाई धन्यवाद प्रदान गरिबक्स्यो । स्वदेश तथा विदेशको तालीम र अध्ययनबाट प्राप्त परिपक्वता, जवानीको उत्साह, व्यापक अभिरुचि एवं बढ्दो उत्तरदायित्वबाट प्रेरित होइबक्सनुका साथै सदैव कर्तव्यपरायण रहिबक्सेका श्री ५ युबराजाधिराज सरकार भावी नेपाल र नेपाली जनताको अत्यधिक सेवाको लागि सदैव तत्पर होइबक्सन्छ ।

वि. सं. २०२२ देखिको मौसूफको श्री ५ युवराज्ञी ऐश्वर्यराज्यलक्ष्मीदेवी राणासितको परिचय नै यही गत बैशाख २० गतेका दिन मौसूफहरूको वैवाहिक सम्बन्धको सुखद घोषणामा परिणत हुन आयो । शीघ्र सम्पन्न हुने मौसूफहरूको शुभ विवाहले श्री ५ युवराजाधिराज सरकारबाट मौसूफका उच्च कार्यहरूमा सदैव समर्थन र सहयोग गरिबक्सने जीवनसाथीलाई प्राप्त गरिबक्सनेछ ।

(श्री ५ को सरकार सूचना तथा प्रसारमन्त्रालय सूचनाविभागबाट प्राप्त)

---

१. पौडी खेल्ने, घोडा चढ्ने शिक्षा राजकुमारहरूलाई अघि अघि पनि दिइन्थ्यो । जस्तै—

अग्लो अश्व सधाउनाकन तथा खोलामहाँ पौडन  
तारो मार्न पुराणको श्रवणमा एकाग्र बन्नाकन ।  
आफ्ना भूपतिलाई बाल्यवयमै राम्रो सिकाई गुणी ।  
पारी रक्षण राज्यको गरिदिने छन् भीम मन्त्र्यग्रणी ।।

(पूर्णिमा १२ अङ्क ७९ पृ.)

# सौभाग्यवती श्री ५ युवराज्ञी ऐश्वर्यराज्य-लक्ष्मीदेवी राणाको संक्षिप्त जीवनी

सौभाग्यवती श्री ५ युवराज्ञी ऐश्वर्यराज्यलक्ष्मीदेवी राणाको जन्म वि. सं. २००६ कार्तिक २२ गते तदनुसार सन् १९४९ को नभेम्बर ७ तारीखका दिन लाजिम्पाट काठमाडौंमा भएको थियो । मौसूफ रथी श्रीकेन्द्रशमशेर ज. ब. रा. र रानी राज्यलक्ष्मी राणाकी ज्येष्ठ सुपुत्री होइबक्सन्छ । बाल्यकालदेखिको मौसूफको पारिवारिक जीवन अहिलेसम्म पनि त्यत्तिकै सुखमय र सुरुचिपूर्ण रहेको छ । मौसूफको प्रारम्भिक शिक्षा सेन्ट हेलेन्स् कन्भेन्ट खर्साङ्ग भारतमा र सेन्ट मेरिज स्कुल जावलाखेल नेपालमा भएको थियो । सेन्ट हेलेन्समा अध्ययन गरिबक्संदा मौसूफको उमेर अत्यन्त कलिलो थियो । अतः मौसूफको भावी चरित्र–निर्माणमा त्यस स्कुलको महत्त्वपूर्ण योगदान भए तापनि त्यस स्कुल, त्यहाँको दैनिक कार्यक्रम र दिनचर्याका स्मृतिहरू मौसूफका लागि फिक्का रहन गएका छन् ।

श्री ५ युवराज्ञी सरकारलाई मौसूफका मुमा बुबाले जावलाखेलस्थित सेन्ट मेरिज स्कुलमा भर्ना गर्नुहुंदा त्यस स्कुलको संचालन भर्खर मात्र हुन थालेको थियो । मौसूफको लागि सेन्ट मेरिज स्कुलको उल्लेखनीय देन अन्य बालिकाहरूमा झैं मौसूफमा पनि अनुशासन, आज्ञाकारिता र अध्ययनको अतिरिक्त ईश्वर र मानवप्रतिको कर्तव्यको भावना पैदा गराउनु थियो । सुसङ्घट्टित छात्रावाससहितकौ शिक्षणसंस्थाको रूपमा स्कुललाई संचालन गरेर सेन्ट मेरिजका अध्यापकवर्गले बालिकाहरूको संरक्षण गर्ने कार्यमा अभिभावकको स्थान ग्रहण गरेका थिए । श्री ५ युवराज्ञीबाट सेन्ट मेरिज स्कुलमा तीन वर्ष अध्ययन गरिबक्स्यो । त्यसपछि कान्तिईश्वरीराज्यलक्ष्मी हाइस्कुलमा भर्ना होइबक्सनुअगाडि केही समयसम्म मौसूफबाट घरमा नै निजी तवरले अध्ययन गरिबक्स्यो । एक वर्षसम्म कान्तिईश्वरीराज्यलक्ष्मी हाइस्कुलमा रहिबक्संदा मौसूफबाट काठमाडौंका सामान्य हाइस्कुलहरूको साझा अनुभव हासिल गरिबक्स्यो । मौसूफबाट यस स्कुलमा लगनशीलताका साथ अध्ययन गरिएका विषयहरूको ज्ञान आर्जनका अतिरिक्त यस स्कुलले मौसूफलाई नेपाली जीवनको एक विशेष अंगलाई प्रतिनिधित्व गर्ने बालिकाहरूको समस्या बुझिबक्सने सुअवसर प्रदान गर्‍यो । बि. सं. २०२० मा[1] प्रवेशिका परीक्षामा उत्तीर्ण होइबक्सेपछि मौसूफले पद्मकन्या कलेजमा अध्ययन चालु गरिबक्स्यो । वि. स २०२२ मा सोही कलेजबाट इन्टरमिडियट् अफ्

---

१. ईसवी संवत्मा ५७ जोडी विक्रमसंवत् लेखिएको हो । पूसको आधाआधीदेखि चैत-सम्म पर्न गएको भए १ कम विक्रमसंवत् हुन्छ ।

पू० फ० ६.

आर्टस्‌को परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण होइबक्स्यो । त्यसपछि श्री ५ युवराज्ञीबाट घरमै अध्ययन चालु गरिबक्स्यो र त्रिभुवनविश्वविद्यालयबाट प्राइभेट परीक्षार्थीको रूपमा परीक्षामा उत्तीर्ण होइबक्सी कलाविषयमा स्नातक उपाधि प्राप्त गरिबक्स्यो । स्नातक परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण होइबक्सेकोले मौसूफको घरको अध्ययन सामान्य थिएन भन्ने स्पष्ट हुन्छ ।[1] मौसूफबाट अध्ययन गरिबक्सेका विभिन्न विषयहरूमध्ये मौसूफको विशेष आकर्षणको विषय साहित्य थियो । शेक्सपियरका कृतिहरूको अध्ययनबाट मौसूफमा उत्कृष्ट साहित्यले कसरी जीवनदर्पणको कार्य गर्दो रहेछ भन्ने भावना सिर्जना गऱ्यो । मौसूफ कविता रुचाइबक्सन्छ र त्यसमा पनि खास गरेर कवि वर्डस्वर्थका कृतिहरू ज्यादा मन पराइबक्सन्छ । वर्डस्वर्थले आफ्ना कृतिहरूमा वर्णन गरेका प्राकृतिक दृश्यहरू हाम्रो अधिराज्यका प्राकृतिक दृश्यहरूसित मिल्दो-जुल्दो हुनु नै मौसूफको यस अभिरुचिको एक प्रमुख कारण हो ।

प्रत्येक बालिकाहरूले झैं श्री ५ युवराज्ञीले पनि स्कुलमा अध्ययन गरिबक्संदा विभिन्न खेलहरूमा भाग लिइबक्सन्थ्यो । मौसूफलाई मन पर्ने खेल ब्याडमिन्टन र टेबल टेनिस थियो तथा प्रतियोगितात्मक खेलहरूमा मौसूफ रिले–खेल मन पराइबक्सन्छ । उमेरसंगसंगै मौसूफको उत्सुकता प्रकृतिको अध्ययनतर्फ आकर्षित हुन थाल्यो । मौसूफले नेपाल अधिराज्यलाई नै प्रकृतिको निवासस्थानको रूपमा पाइबक्स्यो । यहाँका यी पहाडहरू, नदीनालाहरू र नीलो आकाशको चिन्तनले श्री ५ युवराज्ञीमा मौसूफ स्वयंको निर्माण अधिराज्यका यिनै तत्त्वहरूबाट हुन गएको हो भन्ने भावना जाग्रत् गराइदियो । मौसूफभन्दा अगाडिका पुर्खाले पनि यिनै तत्त्वहरूबाट जीवनको सार प्राप्त गरेका थिए तथा मौसूफबाट दर्शाइबक्सेको राष्ट्रप्रेम र जनताप्रतिको दया नै मौसूफको देश र देशका जनतासितको सम्बन्धको मूर्त रूप हो । बाल्यावस्थादेखि नै श्री ५ युवराज्ञीको पालनपोषण वात्सल्यपूर्ण हेरचाहबाट हुन गएको थियो । पछि गएर यिनै कोमल भावनाबाट मौसूफमा फूल र बगैंचाको सजावट गर्ने बानीको प्रादुर्भाव हुन गयो । फूल र बगैंचाको सजावटमा मौसूफबाट आश्चर्य एवं रहस्यमय भावनाको बीच चिन्तन, उत्सुकता एवं आनन्दको अनुपम अनुभूति पाइबक्सन्छ । उपवन सजावटको अतिरिक्त मौसूफको अर्को पनि एउटा शौख छ र त्यो हो संगीत । काठमाडौंस्थित नेपाल कलानिधि संगीतमहाविद्यालयबाट संगीतमा प्रमाणपत्र प्राप्त गर्ने मौसूफबाट गरिबक्सेको विशेष प्रयत्न नै यसको उज्ज्वल उदाहरण हो । मौसूफको विचारमा प्राकृतिक सौन्दर्यबाट शारीरिक आयामको सिर्जना हुन्छ भने संगीतले त्यसमा प्राण संचार गरिदिन्छ । यी दुवै एक अर्काको बीच क्रमबद्धता, स्वर र संयम सृजना गर्ने कार्यमा

---

१. राजदरबारमा स्त्रीशिक्षाको चलन उहिलेदेखि थियो । श्री ५ पृथ्वीनारायण शाहकी भगिनी (दिदी वा बहिनी) राजकुमारी पद्मकुमारीलाई शार्ङ्गधर शर्माले चढाएको भास्वतीको पुस्तक पाइएको छ । (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ६५५ पृ.)

वर्तमान श्री ५ मुमा बडामहारानी सरकारहरूलाई संस्कृत, गणित, ज्योतिष पं. भुवननाथ पाँडेले पढाउनुभएको थियो । सो पढाइको लागि सङ्ग्रह गरिएको मुहूर्तविषयक अप्रकाशित पुस्तकको खेस्रा सुरक्षित छ ।

पूरकको रूपमा रहेका छन्। यिनीहरू नै मौसूफको गार्हस्थ्य जीवनको सौन्दर्य एवं शृंगारप्रतिको अभिरुचिका साझा भावनाहरू हुन् । यी सबै तथ्यहरूको पृष्ठभूमिमा नै मौसूफलाई श्री ५ महाराजाधिराज सरकारबाट नेपाल अधिराज्यकी युवराज्ञीको सन्मानले विभूषित गरिबक्सी श्री ५ युवराजाधिराज सरकारका साथ मौसूफको शुभ–विवाह सम्पन्न हुने औपचारिक घोषणा गरिबक्सेको स्पष्ट हुन्छ ।

(श्री ५ को सरकार सूचना तथा प्रसारमन्त्रालय सूचनाविभागबाट प्राप्त)

–★–

# हाम्रो वक्तव्य

लोभले मानिसलाई अनुचित काम पनि गराउँछ । अझ विद्वान्मा लोभ पस्यो भने यसबाट झन् बढी असर पर्छ, राष्ट्रिय हितमा समेत यसले हानि गर्छ । हाम्रो देशको इतिहास तयार गर्ने कामको थालनी मात्र हुँदैछ । यसैले नेपालको इतिहासमा काम गर्ने सबै विद्वान्हरूको सहयोगले यसलाई द्रुतगतिले अगाडि बढाउनु छ । तर इतिहासकारमा पसेको लोभले यस काममा निकै बाधा पुऱ्याएको छ । यश र अर्थको लोभवश श्रीडिल्लीरमण रेग्मीज्यूले यस क्षेत्रमा जुन काम गर्नुभयो, त्यसले नराम्रो असर पारेको छ । हामीले परिश्रमपूर्वक खोजी पढी प्रकाश गरेका सयौं अभिलेखलाई अप्रकाशित भन्दै उहाँले आफ्नो नाउँमा दर्ता गर्ने उद्योग गर्नुभयो तथा अन्त प्रकाशित नभएका कैयौं कुरा हाम्रा निबन्धबाट खुरुखुरु सार्नुभयो । उहाँको यस दुश्चेष्टाको विरोधमा हामीले वि. सं. २०१७ देखि लेख्दै आएका छौं[1] ।

यहाँ यो विचारणीय छ, हाम्रो एक कुराको पनि जवाफ दिने आँट रेग्मीज्यूले अहिलेसम्म देखाउन सक्नुभएको छैन । हुन पनि हामीले व्यक्तिगत द्वेषले उहाँको आलोचना गरेका होइनौं । हामीले रेग्मीज्यूको बारेमा जति लेख्यौं, ती सब उहाँले गर्नुभएको अन्यायको विरुद्ध लेखिएका सत्य कुरा हुन् । तिनको जवाफ दिंदा आफूले गरेका बदमासी स्वतः प्रकट हुन्छन् । लोभवश जानाजान गरेको बदमासी स्वीकार गर्नु रेग्मीज्यूको लागि कम गाह्रो कुरा होइन । यसो हुनाले उहाँ लाटो भएर बस्नुभएको छ ।

अन्याय सहनु अन्यायलाई बढ्न दिनु हो । यस कारण रेग्मीज्यूले गर्नुभएको अन्यायको विरुद्धमा हामी लेखिनै रहन्छौं । एकदिननएकदिन प्रबुद्ध निष्पक्ष विद्वद्वर्गबाट हाम्रो कामको समर्थन अवश्य हुनेछ, क्रमशः हुँदै पनि गइरहेछ ।

हाम्रो आलोचनाले रेग्मीज्यूमा केही असर पार्नु स्वाभाविक छ । यस कारण उहाँको लेखाइमा अहिले केही अन्तर आएको छ । पहिले जस्तै सोझै अप्रकाशित भनी आफ्नो नाउँमा दर्ता गर्ने आँट अहिले उहाँले गर्न सक्नुभएको छैन । तर अर्को दाउ गर्न उहाँ लाग्नुभएको छ । यो कुरा उहाँको "एन्शन्ट् नेपाल्" को हालै निस्केको संस्करणबाट थाहा पाइन्छ[२] ।

रेग्मीज्यूले "एन्शन्ट् नेपाल्" को यस संस्करणका ८५– ८६ पृष्ठमा लिच्छविकालका अभिलेखको खोजीको छोटकरी बयान दिनुभएको छ । सो यस प्रकारको छ—

---

१. विद्यारक्षा ३ संख्या, सावधानपत्र १७ संख्या, पूर्णिमा ११ अङ्कका १७–२४ पृ. तथा १०१–१८ पृ., पूर्णिमा चौथो वर्षका ९१–९८ पृ., इतिहास–संशोधन ६४,६५,६६ क्रमागत संख्या हेर्नुहोस् ।

२. यही निबन्ध हेर्नुहोस् ।

फर् दि ए$_3$न्'शन्ट् हिस्'टरि वी ह्याॅभ् अप्–टु–डे$_3$ट अभे$_3$ल्ड् अभ् नीर्लि वन् हन्ड्रड् यॉन्ड् ट्वेन्'टि फाइभ् इन्स्क्रिप्'शन्ज्, डिभाइडइड् इन्'टु टू डिस्टिङक्ट् सेट्स्, ईच फल्'भोइङ इट्स् ओन् ईर्अ यॉन्ड् ई'पक् यर् ।

भग्वान्लाल् इन्द्रजी वज् द फर्स्ट् स्कल्'अर् ट टे$_3$क् नो'टिस् अभ् दीज् इन्स्क्रिप्'-शन्ज्, यॉन्ड् पब्'लिश्ड् विद् द फ्याॅक्सिम्'इलिज् इन् हिज् वेल्नोन् बुक् 'ट्वेन्'टि थ्री इन्स्क्रिप्'शन्ज् फ्रम् नेपाल्' । बेन्डाल् फल्'ओड् हिम्, यॉन्ड् ही इन्ट्रड्युस्ड् इटस् इन्स्क्रिप्'-शन्ज्, बिलङ्'इङ ट दि ए$_3$न्'शन्ट् पीर्'इअड् । बेन्डाल् यॉड्इड् ४ ट द नम्'बर् अभ् सच् रेक्'अ$_3$र्ड्ज् । लेवी भिज्'इट्इड् नेपाल् इन् १९००–१ यॉन्ड् कलेक्ट्इड् इम्प्रेश्'अन्ज् अभ् १९ मोर्, ह्विच् ही एड्'इट्इड् इन् हिज् थर्ड् भल्'युम् अलङ' विद् सम् अद्'अर्ज् अल्रेड्'इ ट्रे$_3$स्ड् बाइ अद्'अर्ज् । इन् १९५६ प्रफेस्'अर् नोली अभ् इस्टिटचुटो इटालिएनो पर् इल् मेडिओ एड् इस्टरमो ओरियन्ट् (रोम्) ब्र$_3$ट् आउट् अ भल्युम् अभ् ८९ इन्स्क्रिप्'शन्ज्, ५१ अभ् देम् अन्पब्'लिश्ड् दस् फार् । द रब्'इङज् वर् अ$_3$ल् सप्लाइड् ट दि इन्'स्टिटचुट् बाइ मिस्'टर् केसर् बहादुर्, द देन सेक्'रटरि ट दि एड्युके'शन् मिन्'इस्ट्रि, गभ्'अर्न्मेन्ट् अभ् नेपाल्, यॉन्ड् अ स्कल्'अर् अभ् नेप्लिज् हिस्'टरि । नोली'ज् कलेक्'शन्ज् इन्क्लूड्' दोज् अभ् भग्वान्लाल्, बेन्डाल्, लेवी यॉन्ड् बाबुराम आचार्य यॉन्ड् नरहरिनाथ, टू नेपाली स्कल्'अर्न् ट हूज् क्रेड्'इट् गो द पब्लिके$_3$'शन् अभ् अ फ्यू इन्स्क्रिप्'शन्ज् इन् अ संस्कृत् मन्थ्'लि क$_3$ल्ड् 'संस्कृत् सन्देश्' । बट् दीज् यॉन्ड् अद्'अर्ज् पब्'लिश्ड् ड्यूर्'ङ द लास्ट् डेक्'अड् इन् काठमान्डु, डू नट् बे$_3$र् द फोटोस्टयाॅट् प्रिन्ट्स् टु इने$_3$'ब्ल् द रीड्'अर् ट् लुक् इन्' टु दि अरिज्नल् । दे$_3$र रीड्'इङ अ$_3$ल्' सो इज् मच् डिफेक्'टिभ्, बे$_3$र्याॅज्, नोली ह्याॅज् यॉड्इड् द फोटोस्टयाॅट् कप्'इ अभ् ईच् रब् 'इङ मेक्' इङ द कलेक्' शन् मोस्ट् भ्याॅल्'यु अब्ल् इन्'डीड् फ्रम् अ रिसर्च् पइन्ट् अभ् भ्यू । वि इम् प्रेश् 'अन्ज् आर् भेरइ' क्लीर् यॉन्ड वन् मे$_3$ नट् भिज्'इट् द साइट् ट रीड् द स्टोन् । मिस्'टर् केसर् बहादुर् के. सी. यॉन्ड् आर्. नोली शुड् रिसीभ्' आउर् थ्याॅङ्क्स् फर् अरे$_3$न्जइङ दिस् पब्लि-के$_3$'शन् । आफ्'टर् नोली अन्अद्'अर् फेर्'इन् स्कल्'अर् टामस् ओ' ब्यालिन्जर् अभ् वि ओरेगन् यूनिभरसिटि यू. एस्. ए. पब्'लिश्ड् फोटो'ग्र्याॅफि अभ् ४ स्टोन्ज्, वन् अभ् विच् बिलङज् ट द गभ्'अर्न्मेन्ट् म्युजी'अम् । ब्यालिन्जर् जस्ट् गिभ्ज् द डे$_3$ट्स् विद्'आउट् गिभ्'इङ हिज् ओन् रीड्'इङ अभ् द टेक्स्ट्स् । दे$_3$र् आर् येट् अबाउट् अ डज्'न् इन्स्क्रिप्'शन्ज् ट बी पब्'लिश्ड् विद् फोटो'ग्र्याफिक् प्ले$_3$टस् इन् द म्याॅन्'अर् नोली ह्याॅज् डन् ।

अप् टु डे$_3$ट् नोली'ज् पब्लिके$_3$शन् इज् दि ओन्'लि सिस्टिम्याॅट्'इक् यॉन्ड् स्टयाॅन्'डर्ड् वर्क् अन् द सब्'जिक्ट् अभ् नेप्लिज् इन्स्क्रिप्शन्ज् अभ् दि ए$_3$न्' शन्ट् पीर्'इअड् यॉन्ड् दे$_3$र्' फर् इट् ह्याॅज् रिसीभ्ड् आउर् अटेन्'शन् इन् दिस् बुक् ट दि इक्स् टेन्ट् अभ् रिफर्-इङ ट दि इन्स्क्रिप्' शन्ज् बाइ हिज् वर्क् ।

यॉन्ड अ गे$_3$न्,' अ$_3$ल्दो दे$_3$र् आर् एर्'अर्ज् इन् नोली'ज् रीड्'इङ वे$_3$ आर् कम् पेर्'एटिभ्लि मच् लेस् द्याॅन् इन् वर्क्स् अभ् द् टाइप् । दे$_3$आर् प्याॅक् 'टिक्यॉल्लि माइ' नर् एर्-अर्ज् । आइ थिङक् द्याॅट् हिज् एर्'अर्ज् इफ् एन्'इ इन् डिसाइ'फर्'इङ ९ अर् ७ अर् ६ कम् इन् द से$_3$म् क्यॉट्इगर्इ ।

वी आर् नट् क रेक्ट्'इङ दोज् एर् 'अर्ज् यॉट् दिस् स्टे$_3$ज् बट् वी श्यॉल ड् सो याॅज् वी रीप्रड्'युस् द होल् टेक्स्ट् अभ् दि इन्स्क्रिप्'शन्ज् इन् सप्लिमेन्ट्'अरि भल्'युम् ।

[अहिलेसम्म हामीले प्राचीन इतिहास–सम्बन्धी झण्डै एक सय पच्चीस अभिलेख[1] पाएका छौं । दुइ थरी भिन्नाभिन्नै खालका यी अभिलेखका दुवै थरीका भिन्नाभिन्नै किसिमका संवत् छन् ।

यी अभिलेखहरूको खोजी गर्ने पहिला विद्वान् भगवान्लाल इन्द्रजी हुन् । 'ट्वेन्'टि थ्रीइन्स-क्रिप'शन्ज्' फ्रम् नेपाल् (नेपालबाट ल्याइएका २३ वटा अभिलेख) भन्ने आफ्नो प्रसिद्ध पुस्तकमा प्रतिलिपि दिएर उनले यी अभिलेख छपाए । बेन्डालले उनको अनुसरण गरी प्राचीन कालका अभिलेख पत्ता लाए । यस्ता अभिलेखहरूको सङ्ख्यामा बेन्डालले अरू ४ वटा थपे । वि. सं. १९५७ मा[2] नेपाल आई लेभीले अरू १९ वटा[3] अभिलेखका छापा संग्रह गरे । अरूहरूले अघिबाटै छपाइसकेका अरू केही अभिलेख[4] पनि हालेर लेभीले यी अभिलेख आफ्नो ग्रन्थको तेस्रो भागमा छपाए । वि. सं २०१३ मा रोमको इस्टिटचुटो इटालिएनो पर् इल् मेडिओ एड इसटर्मो ओरियन्ट् (इटालीको मध्य तथा सुदूर पूर्वसम्बन्धी परिषद्) का प्राध्यापक नोलीले ८९ वटा[5] अभिलेख भएको पुस्तक प्रकाश गरे । ती अभिलेखमध्ये ५१ वटा[6] अभिलेख त्यस वेला-

---

१. अहिलेसम्म लिच्छविकालका जम्मा १५१ अभिलेख छापिएका छन् । तिनमा १४२ अभिलेख रेग्मीज्यूको यो ग्रन्थ छापिनुभन्दा अगाडि मुद्रित भइसकेका थिए । अहिले वि. सं. २०२६ पौषमा श्रीहेमराज शाक्यद्वारा लिच्छविकालका ९ वटा अभिलेख प्रकाश भएका छन् । हेमराजजीको "अभिलेख–प्रकाश" नामक उक्त पुस्तिकाको विषयमा अर्को अङ्कमा लेख्नेछौं ।

२. लेभी नेपालमा वि. सं. १९५४ को हिउँदमा आएका हुन । (ले नेपाल (नेपाल) को दोस्रो भागको ३०६ पृ. हेर्नुहोस् । ले नेपालको अंग्रेजीमा उलथा गरिएको टाइप गरिएको प्रति केसरपुस्तकालयमा छ । त्यसको दोस्रो भागको ३४१ पृष्ठ हेर्नुहोस् ।)

३. लेभीले जम्मा २० वटा अप्रकाशित अभिलेख प्रकाश गरेका हुन् ।

४. अरूहरूले छापिसकेका अभिलेखमध्ये लेभीले फेरि छपाएको अभिलेख मानदेवको चाँगुको स्तम्भलेख मात्र हो ।

५. नोलीको ग्रन्थमा जम्मा ९१ अभिलेख छापिएका छन् ।

६. नोलीले छपाएका जम्मा ९१ अभिलेखमध्ये ३९ वटा मात्र अप्रकाशित हुन् ।

सम्म अप्रकाशित थिए । ती सबै अभिलेखका छापा नेपालसरकारका तात्कालिक शिक्षासचिव तथा नेपाली इतिहासका विद्वान् केसरबहादुरले सो परिषद्मा पठाएका थिए । नोलीको सङ्ग्रहमा भगवान्लाल, बेन्डाल, लेभी तथा संस्कृत–सन्देशनाउँको संस्कृत मासिक पत्रमा केही अभिलेख प्रकाश गर्ने दुइजना नेपाली विद्वान् बाबुराम आचार्य र नरहरिनाथले प्रकाश गरेका अभिलेख पनि समावेश गरिएका छन् । तर यी तथा यो दश वर्षभित्र काठमाडौंबाट छापिएका अरू अभिलेखहरू तसबीर (फोटो)सहित नछापिएकाले पाठकहरूले मूल हेर्न पाएनन् । तिनीहरूले पढेका पाठ पनि ज्यादै अशुद्ध छन् । जब कि नोलीले सो संग्रहलाई अन्वेषणको दृष्टिले ज्यादै उपयोगी बनाउन हरेक अभिलेखका छापाको तसबीर दिएका छन् । नोलीका छापा ज्यादै सफा छन् तथा शिलालेख पढ्न तत्तत् ठाउँमा जानैपर्दैन । यो ग्रन्थ छाप्ने प्रबन्ध गरेकोमा श्रीकेसर-बहादुर खत्री क्षत्री र रेनिइरो नोलीलाई म धन्यवाद दिन्छु । नोलीपछि अर्का विदेशी विद्वान् संयुक्तराज्य अमेरिकाको ओरिगन विश्वविद्यालयका टामस ओ' ब्यालिन्जरले ४ वटा शिलालेखका तसबीर छपाए । यी शिलालेखमध्ये एउटाचाहिं सरकारी म्यूजियम (सङ्ग्रहालय) मा छ। ब्यालिन्जरले अभिलेखका पाठ दिएका छैनन्, उनले खालि मिति मात्र दिएका छन् । नोलीले गरे जस्तै तसबीर दिई छाप्न झण्डै १ दर्जन अभिलेख बाँकी छन् ।

प्राचीन कालका नेपाली अभिलेखविषयक सिलसिलेवार तथा प्रामाणिक ग्रन्थ अहिलेसम्मको लागि नोलीकै छ । यसै कारणले मैले यस पुस्तकमा उनको ग्रन्थबाट अभिलेखहरूका निकै उद्धरण झिकेको छु ।

हुन त नोलीका पाठमा पनि अशुद्धि छन् । तर यस किसिमका अरू ग्रन्थमा भन्दा त्यहाँ निकै कम अशुद्धि छन् । ती पनि प्रायः मामुली अशुद्धि हुन् । उनका अशुद्धि छन् भने ९, ७ र ६ लाई[1] एकै किसिमले पढेकाले नै अशुद्ध भएका हुन् भन्ने मलाई लाग्छ ।

मैले यहाँ ती अशुद्धि सच्याएको छैन । यस पुस्तकको परिशिष्ट भागमा अभिलेखका सम्पूर्ण पाठ छपाउँदाखेरि म ती अशुद्धि सच्याउँनेछु ।]

रेग्मीज्यूको यस लेखाइबाट संस्कृत–सन्देशमा अभिलेख छपाउने काम ऐ. शि. बाबुराम आचार्य र *योगी नरहरिनाथले मात्र गर्नुभएको हो;* बाबुराम आचार्य र नरहरिनाथले छपाएका तथा दश वर्ष यता काठमाडौंबाट छापिएका अरू अभिलेखका पाठ ज्यादै भ्रष्ट छन्; नेपालीहरूले पढेका पाठ हेरेर नोलीले पढेका पाठ ज्यादै शुद्ध छन् तथा नोलीको अशुद्धि सच्याउने सामर्थ्य रेग्मीज्यूमा छ भन्ने बुझिन्छ । अब यस कुराको परीक्षा गर्नुपरेको छ ।

संस्कृत–सन्देशमा अन्त प्रकाश नभएका लिच्छविकालका जम्मा ९ वटा अभिलेख छापिएका

---

१. ९, ७, ६ अङ्कसम्बन्धी अशुद्धिको संशोधन इतिहास–संशोधन ५५ क्रमागत संख्यामा तथा पूर्णिमा १४ अङ्कमा गरिएको छ ।

छन् । तिनमा ऐ. शि. बाबुराम आचार्य र श्रीगुरु पं नयराज पन्तद्वारा ४ वटा[1] योगी नरहरिनाथद्वारा १ वटा[2], रामजी तेवारी+देवीप्रसाद भण्डारी+शङ्करमान राजवंशीद्वारा १ वटा[3], धनवज्र वज्राचार्य+ज्ञानमणि नेपालद्वारा २ वटा[4] तथा ऐश्वर्यधर शर्मा+घनश्याम सुवेदी+गौतमवज्र वज्राचार्य+कुमारधर शर्माद्वारा एउटा अभिलेख[5] छापिएका छन् ।

ऐ. शि. बाबुराम आचार्यसँग मिलेर लिच्छविकालका ४ वटा अभिलेख छपाउने श्रीगुरु पं. नयराज पन्तको नाउँ उल्लेख नहुनु, लिच्छविकालको एउटा मात्र अभिलेख छपाउने योगी नरहरिनाथको नाउँ उल्लेख गरी लिच्छविकालका २ बटा अभिलेख छपाउने धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको नाउँ नै नदिनु, योगी नरहरिनाथसरह लिच्छविकालका एकएकवटा अभिलेख छपाउने रामजी तेवारी+देवीप्रसाद भण्डारी+शङ्करमान राजवंशीको तथा ऐश्वर्यधर शर्मा+घनश्याम सुवेदी+गौतमवज्र वज्राचार्य+कुमारधर शर्माको नाउं उल्लेख नगरिएकोले इतिहास–संशोधनका प्रवर्तक र रचयिताउपर रेग्मीज्यूले ठूलो द्वेष लिनुभएको कुरा पाठकहरूको अगाडि छर्लङ्ग हुन्छ ।

संस्कृत–सन्देश बन्द भएदेखि अभिलेख–संग्रह ननिस्केसम्म अर्थात् वि. सं २०१२ देखि २०१७ सम्मको ६ वर्षको अवधिभित्र काठमाडौंबाट जम्मा ९ वटा लिच्छविकालका अप्रकाशित शिलालेख छापिए ।

तिनमा योगी नरहरिनाथद्वारा ४ वटा[6], योगी नरहरिनाथ र श्रीजनकलाल ढकालद्वारा ३

---

१. १ देउपाटन त्यागलटोलको गणदेव र भौमगुप्तको पालाको अभिलेख (संस्कृत–सन्देश १ वर्ष ८ अङ्क १७–१८ पृ.)
   २ भन्सारहिटी नक्सालको अंशुवर्माको अभिलेख (संस्कृत–सन्देश १ वर्ष ९ अङ्क ३५–३६ पृ.)
   ३ नक्साल भगवतीबहालको नरेन्द्रदेवको पालाको अभिलेख (संस्कृत–सन्देश २ वर्ष १-२–३ अङ्कको ५ पृ.)
   ४ पाटन तलेजुचोकको नरेन्द्रदेवको अभिलेख (संस्कृत–सन्देश २ वर्ष १–२–३ अङ्कका ६-७ पृ.)

२. पशुपतिबाट मृगस्थली जाने बाटोको रामदेव र क्रमलीलको पालाको अभिलेख (संस्कृत–सन्देश १ वर्ष ७ अङ्क ४८ पृ.)

३. पशुपति वत्सलादेखि पश्चिमपट्टिको अभिलेख (संस्कृत–सन्देश २ वर्ष १–२–३ अङ्कको १ पृ.)

४. १ वटुको अंशुवर्माको अभिलेख (संस्कृत–सन्देश १ वर्ष ८ अङ्कका ४२–४३ पृ.)
   २ धरहराबाट लगन जाने बाटोको अभिलेख (संस्कृत–सन्देश १ वर्ष ९ अङ्कको १६ पृ.)

५. टेबहालको अभिलेख (संस्कृत–सन्देश २ वर्ष १–२–३ अङ्कको १ पृ.)

६. १ पाटन भीमसेनस्थानको शिवदेव र अंशुवर्माको अभिलेख (इतिहास–प्रकाश १ अङ्क ५५-६६ पृ.)
   २ पाटन भीमसेनस्थानको खण्डित अभिलेख (इतिहास–प्रकाश १ अङ्क ५६ पृ.)
   ३ पश्चिम १ नं. केवलपुरको ध्रुवदेव र जिष्णुगुप्तको अभिलेख (इतिहास–प्रकाश १ अङ्क ५८ पृ.)
   ४ पलाञ्चौक भगवतीको मानदेवको पालाको अभिलेख (हिमवत्संस्कृति १ वर्ष १ अङ्क ४ पृ)

वटा[1] तथा धनवज्र वज्राचार्यद्वारा २ वटा[2] अभिलेख छापिएका हुन् ।

वि. सं. २०१८ मा संशोधन–मण्डलले अभिलेख–संग्रहनामक त्रैमासिक पत्रिका छाप्न शुरु गरी त्यसमा लिच्छविकालका जम्मा ३० वटा[3] अप्रकाशित शिलालेख प्रकाश गऱ्यो ।

---

१. १ गोरखा गोरखनाथको गुफाको अभिलेख (इतिहास–प्रकाश १ अङ्कको ३९ पृ.)
२ विशालनगर टुंडालदेवीको अभिलेख (इतिहास–प्रकाश १ अङ्कको ५७ पृ.)
३ मालिगाउँको अभिलेख (इतिहास–प्रकाश १ अङ्कका ९४–९५ पृ.)

२. १ लाजिमपाटको मानदेवकी रानी क्षेमसुन्दरीको अभिलेख (इतिहास–संशोधन ४१ क्रमागत संख्याका ४–५ पृ.)
२ लाजिमपाटको मानदेवकी रानी गुणवतीको अभिलेख (इतिहास–संशोधन ४७ क्रमागत संख्याको ७ पृ.)

१ भागमा—

३. १ पञ्चदेवलको अभिलेख ।
२ सूर्यघाटको मानदेवकी छोरी विजयवतीको अभिलेख ।
३ पाटन खपिछेंको वसन्तदेवको पालाको अभिलेख ।
४ भस्मेश्वरको अभिलेख ।
५ सांखु दुगाहिटीको वामनदेवको पालाको अभिलेख ।
६ हाँडिगाउँको मानदेवकी छोरीका छोरा भारविको अभिलेख ।
७ ब्रह्मटोलको अभिलेख ।
८ लेलेको शिवदेव र अंशुवर्माको अभिलेख ।
९ काठेसिम्भूको अभिलेख ।
१० बण्डाहिटीको अभिलेख ।
११ स्वयम्भूको अभिलेख ।
१२ अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेख ।

५ भागमा—

१३ पशुपति छत्रचण्डेश्वरको अभिलेख ।
१४ पाटन बाहालुखाका वसन्तदेवको अभिलेख ।
१५ पाटन चपटोलको अभिलेख ।
१६ भक्तपुर कुह्मालेटोलको अभिलेख ।
१७ पाटन मच्छिन्द्रबहालबाहिरको अभिलेख ।
१८ नाला लगनटोलको शिवदेवको पालाको अभिलेख ।
१९ पाटन मङ्गलबजारको अभिलेख ।

वि. सं. २०२१ देखि संशोधन–मण्डलले पूर्णिमानाउँको इतिहास–प्रधान त्रैमासिक पत्रिका छाप्न शुरु गऱ्यो।

त्यसमा रेग्मीज्यूको एन् 'शन्ट् नेपालको यो संस्करण प्रकाश नभएसम्म अर्थात् वि. सं. २०२५ को अन्त्यसम्म लिच्छविकालका अन्त प्रकाश नभएका जम्मा १५ वटा ★ शिलालेख छापिए।

---

२० हनूमान्ढोकाको अभिलेख।
२१ बलम्बु पासिख्यको वसन्तदेवको अभिलेख।
२२ हाल म्यूजियममा राखिएको अंशुवर्माको अभिलेख।
२३ बलम्बुविहारको अभिलेख।
२४ ज्ञानेश्वरको अभिलेख।

९ भागमा—

२५ चाबहिलको अभिलेख।
२६ फर्पिङको अभिलेख।
२७ चापागाउँको अभिलेख।
२८ हाल पाटन भण्डारखालमा राखिएको अभिलेख।
२९ मुसुंबहालको अभिलेख।
३० पाटन सुबहालको अभिलेख।

★ ५ पूर्णाङ्कमा—

१ बलम्बु खाचाँको अभिलेख (७१ पृ.)
२ बलम्बु भेलबुको अभिलेख (७२ पृ.)
३ पाटन त्यागलटोलको अभिलेख (७३ पृ.)

९ पूर्णाङ्कमा—

४ केलटोलको मानदेवको अभिलेख (२ पृ.)
५ स्वयम्भूस्थानको अभिलेख (२–३ पृ.)
६ सीतापाइलाको वसन्तदेवको अभिलेख (४ पृ.)
७ हाल पाटन भण्डारखालमा राखिएको अभिलेख (५ पृ.)
८ नक्साल ढुङ्गेधाराको विष्णुमूर्तिको अभिलेख (६ पृ.)

११ पूर्णाङ्कमा—

९ धापासीको शिवदेव र अंशुवर्माको अभिलेख (१–२ पृ.)

१३ पूर्णाङ्कमा—

१० नीलवाराहीको जिष्णुगुप्तको पालाको अभिलेख (७ पृ.)

यसै बीच पाटन यङगुबहालको लिच्छविकालको एउटा अप्रकाशित शिलालेख श्रीडिल्ली-रमण रेग्मीज्यूले प्रकाश गर्नुभयो । ★

यसरी काठमाडौंबाट लिच्छविकालका जम्मा ६४ वटा शिलालेख छापिएका देखिए । तिनमा १३ वटा मात्र इतिहास–संशोधकहरूले सम्पादन नगरेका छन् । यस कारण लिच्छविकालका जम्मा ५१ वटा अभिलेख छपाउने श्रेय इतिहास–संशोधकहरूलाई छ भन्ने कुरा यताबाट स्पष्ट हुन गएको छ ।

लिच्छविकालका जम्मा ३९ वटा अभिलेख छपाउने नोलीको भूरि भूरि प्रशंसा गर्ने रेग्मी-ज्यूले लिच्छविकालका ५१ वटा अभिलेख प्रकाश गर्ने इतिहास–सशोधकहरूको नाउँनिशान लिएको नदेखिएकोले इतिहासकार रेग्मीज्यूले अन्वेषकहरूसंग उचित व्यवहार गर्नुभएको छ भनी उहाँका जतिसुकै पक्षपाती व्यक्तिले पनि विद्वतसभामा भन्न सक्दैन ।

नेपालीहरूले छपाएका अभिलेखका पाठ ज्यादै अशुद्ध हुन्छन् भनी रेग्मीज्यूले लेख्नुभएको कुरालाई लिएर अब केही विचार गरौं ।

योगी नरहरिनाथले छपाउनुभएका अभिलेखका पाठलाई हामी पनि पूर्णतया प्रामाणिक मान्न सक्दैनौं* । तर एक व्यक्तिले अशुद्ध पाठ छपाउँदैमा सबै नेपाली विद्वान्लाई मुछी लेख्नु अवश्य पनि उचित होइन ।


इतिहास–संशोधकहरूले छपाएका लिच्छविकालका अभिलेखका पाठ कुनै पनि विदेशी

---

१५ पूर्णाङ्कमा—
११ विष्णुपादुका डाँडोको फेदीको शिवलिङ्गको अभिलेख (३३० पृ.)
१२ विष्णुपादुका डाँडोको फेदीको स्तम्भको अभिलेख (३३१ पृ.)
१३ विष्णुपादुका डाँडोको फेदीको शिवदेवको अभिलेख (३३१–३३२ पृ.)
१६ पूर्णाङ्कमा—
१४ बूढानीलकण्ठ गैह्रीगाउँको मनुदेवको पालाको अभिलेख (४४४ पृ.)
१७ पूर्णाङ्कमा—
१५ शङ्खमूल सिकबहीको अभिलेख (७७ पृ.)

★ मेडिईभल् नेपाल् ३ भाग २ पृ.

* योगी नरहरिनाथले पाटन भीमसेनस्थानको शिवदेव र अंशुवर्माको अभिलेखको संवत् २९६ पढ्नुभएको छ । (इतिहास–प्रकाश १ अङ्क ५६ पृ.) सो अभिलेखको संवत्को अङ्कको प्रतिलिपि यस प्रकारको छ—



यहाँ दायाँतिरको पछिल्लो अङ्क छ हो (पूर्णिमा चौथो बर्षका १२४ पृ.) । त्योभन्दा बायाँतिरको अङ्क दश हो (पूर्णिमा ४ पूर्णाङ्कको ७ पृ.) । त्योभन्दा बायाँतिरको अङ्क पाँच सय हो (पूर्णिमा पाँचौं वर्षका २८०–८१ पृ.) । यस कारण यस अभिलेखको संवत् ५१६ हो ।

विद्वान्‌ले छपाएका पाठभन्दा तल्ला तहका छैनन्, बरु माथिल्ला तहका छन् भन्ने कुरा विदेशी विद्वान्‌हरूले छपाइसकेका अभिलेखका पाठलाई संशोधन गरी इतिहास–संशोधकहरूले छपाएका पाठसँग दाँजी हेरे पाठकहरू बुझ्न सक्नुहुन्छ[1] ।

१ साँगाको अंशुवर्माको अभिलेखलाई सबैभन्दा पहिले वि. सं. १९६५ मा सिल्वां लेभीले छपाएका हुन् । सो अभिलेखको मंगलाचरणलाई लेभीले यसरी पढेका छन्—

क् – लङ्कार – द्रेश्वर ⌣ ⌣ पवनव्यस्त – – ⌣ – –
प्रत्य – ⌣ – – ⌣ ⌣ ⌣ ⌣ ⌣ रशिरोमौलभा. ऐ ⌣ – –
उच्चैर्मुक्ताङ्कहा – ⌣ ⌣ ⌣ ⌣ ⌣ ⌣ दसृङ्नागचर्मोत्तरी –
पायात्तद्रूपमे – हिमगिरितनया – तिता – ⌣ – –

(ले नेपाल तेस्रो भाग ९९ पृ.)

यही अभिलेखलाई रेनिइरो नोलीले वि. सं. २०१३ मा छपाउँदाखेरि सो मङ्गलाचरण श्लोकलाई उनले यसरी पढे—

= = लङ्काररौद्रेश्वर ⌣ ⌣ पवनव्यस्त = = ⌣ = =
प्रत्याश्रम् = ⌣ = = ⌣ ⌣ रुचिरशिरोमौलभा = ⌣ = =
उच्चैर्मुक्ताट्टहसा ⌣ ⌣ ⌣ ⌣ ⌣ दसृङ्नागचर्मोत्तरी =
पायात्तद्रूपमेषा हिमगिरितनया = तिते = ⌣ = =

(नेपलिज् इन्स्क्रिप्'शन्ज् इन् गुप्त क्यॉर्'अक्'टरज् (नेपालका गुप्ताक्षरी अभिलेख) को ५२ पृ.)

यही अभिलेखलाई गौतमवज्र वज्राचार्यले वि. सं २०२२ मा छपाउँदाखेरि सो मङ्गलाचरणश्लोकलाई उनले यसरी पढेका छन्—

कर्णालङ्काररौद्रश्वसदहिपवनव्यस्तपर्यस्त (के) शं
प्रत्यग्रच्छेदतापा (न्वि) तरुधिरशिरोमालभा – – – –
उच्चैर्मुक्ताट्टहासम्परिविगलदसृङ्नागचर्मोत्तरी (यं)
पायात्तद्रूपमैशं हिमगिरितनयाभीतभीतेक्षित वः

(पूर्णिमा ७ अङ्क ९ पृ.)

यो त एउटा उदाहरण मात्र हो । स्थानाभावले गर्दा अरू अरू दृष्टान्त दिन सकिएन तापनि लेभी तेस्रो भागका ९९–१०० पृ., नोली ५२ पृ. पूर्णिमा ७ अङ्क ९–१० पृ., लेभी १०४–१०७ पृ., नोली ७४–७५ पृ. पूर्णिमा ८ अङ्क १–३ पृ. बेन्डालको अ जर्नि इन् नेपाल् यॉन्ड् नर्दन् इन्डिअ (नेपाल र उत्तरभारतको यात्रा) का ७७–७८ पृ., नोलीको ९५ पृ., पूर्णिमा चौथो वर्षका ११५–१६ पृ., लेभीका १४१–४३ पृ., नोलीका १०२–३ पृ., पूर्णिमा चौथो वर्षका ११७–१९ पृ., भगवान्‌लालको ट्वेन्टि थ्री इन्स्क्रिप्'शन्ज् फ्रम् नेपाल् (नेपालबाट ल्याइएका २३ वटा अभिलेख) को १५ पृ., नोलीका ९९–१०१ पृ., पूर्णिमा चौथो वर्षका ११९–२१ पृ. तुलनात्मक अध्ययन गर्न खोज्नेका लागि उपयोगी छन् ।

नोलीले पढेका पाठ म सच्याउन सक्छु भनी रेग्मीज्यूले फुइँ गर्नुभएको देखिएकोले नोलीको पाठ सच्याउन सक्ने क्षमता रेग्मीज्यूमा छ कि छैन भन्ने विचार गर्नु अप्रासङ्गिक होओइन। रेग्मीज्यूले एउन्'शन्ट् नेपाल्को यस संस्करणमा नोलीको ग्रन्थबाट लिच्छविकालका अभिलेखका देवनागरीमा उद्धरण ठाउँठाउँमा गर्नुभएको छ। ती उद्धरणका केही नमूना यस प्रकारका छन्—

स्वभुजयुगवलात् वाताखिल वैरीवर्गेण स्वमणि मयुखालोकध्वस्ताज्ञानतिमिरेण[1]

(रेग्मी १७० पृ.)

शारद्यान शशाङ्कमल मयुरव निकरावभाष्यमान हिमवहुमूङ्ग शिखरावदात यशोमालावत सिता दिङमण्डलो यएष शौर्य्यान्नितिगुणैरकलितैत्मा नामसिभि: शक्त्या बाहुवलम् मति स्मृति मति शास्त्रागमैर्भूरिभि मर्य्यादा: स्थितिभि: दिशोभियशसा राज्यश्रिया मेदिनि जात्यालिच्छविराजवंश मनर्य योडलङ्करोत्युच्चकै:[२]

(रेग्मी १९५ पृ.)

शौर्योत्साह पराक्रमभयनय त्यागप्रतापादिभि: श्लाध्यै: स्षामिगुणैरनन्य सुलमै: सभ्स्पर्धये वान्विते···संत्यक्तोस्व सुरवद्यमे परहित व्यापार नितमात्मनि[3]

(रेग्मी १९६ पृ.)

---

१· स्वगुणमणिमयूखालोक[ध्व]स्ताज्ञानतिमिरेण......स्वभुजयुगबलोत्खाता-[खि]लवैरिवर्ग्गेण

(नोली ४१ पृ.)

२· ...छरदाप्यानशशाङ्कामलमयूखनिकरावभाष्य(स्य)मानहिमवदुत्तुङ्गशिखरावदातयशोमालावतंसिताशेषदिङमण्डलो य एष शौर्य्यन्नीतिगुणैर्गुणैरकलितैरात्मानमुद्धासिभि: शक्त्या बाहुबलं मतिं स्मृतिमतीं शास्त्रागमैर्भूरिभि: मर्य्यादाः स्थितिर्भिर्दिशोपि यशसा राज्यश्रिया मेदिनीर्जात्या लिच्छविराजवङ्शमनघं योलङ्करोत्युच्चकै:

(नोली ८८ पृ.)

३· शौर्योत्साहपराक्रमाभयनयत्यागप्रतापादिभि: श्लाघ्यै: स्वामिगुणैरनन्यसुलभै: संस्पर्धयेवान्विते संत्यक्तस्वसुखोद्यमे परहितव्यापारनिन्मा(म्ना)त्मनि

(नोली ९४ पृ.)

क्षितितलतिलकन्दत कुतुहलिजनता निमेषनयना विलोकयमान[1]

(रेग्मी २३९ पृ.)

यी उद्धरण देखेपछि नोलीले गरेका अशुद्धि सच्याउने क्षमता त रेग्मीज्यूमा हुनु टाढैको कुरा हो, नोलीले रोमन लिपिमा छपाएका पाठलाई देवनागरीमा जस्ताको तस्तै उतार्न पनि रेग्मीज्यू सक्नुहुँदो रहेनछ भन्ने कुरा पाठकहरूको मनमा चढन जान्छ ।

क्षितितलतिलकभूतात् कुतूहलिजनतानिमेषनयनावलोकयमानात् जस्ता शुद्ध वाक्यलाई रेग्मीज्यूले क्षितितलतिलकन्दत कुतुहलिजनता निमेषनयना विलोकयमान जस्ता भ्रष्ट वाक्यमा परिणत गर्नुभएको देखिएकोले रेग्मीज्यूले छपाउनुभएका पाठका भरमा कुनै पनि संस्कृतज्ञलाई ती वाक्यको वास्तव अर्थ गर्न निकै गाह्रो पर्छ भन्ने कुरा ठोकुवा गरी भन्न सकिन्छ ।

यस कारण हामी रेग्मीज्यूलाई सबभन्दा पहिले नोलीका अशुद्धि सच्याउने होइन कि, नोलीले रोमन लिपिमा छपाएका पाठलाई देवनागरीमा जस्ताको तस्तो उतार्ने अभ्यास केही काल गर्ने सल्लाह दिन्छौं ।

एन्‌शन्ट् नेपाल्‌को वि. सं. २०१७ को संस्करणमा रेग्मीज्यूले मानदेवकी रानी क्षेमसुन्दरीको अभिलेखलाई एक ठाउँमा अप्रकाशित (८४ पृ.) र अर्को ठाउँमा इतिहास–संशोधन ४१ संख्यामा पनि छापिएको (११९ पृ.) भन्ने टिप्पणी दिनुभएको थियो । हामीले रेग्मीज्यूको सो दोधारे नीतिको तत्काल कडा विरोध गरेका थियौं[2] ।

एन्‌शन्ट नेपालको वि. सं. २०१७ को संस्करणको ८४ पृ. मा छापिएका कुरा अहिलेको संस्करणमा १२१ पृ. मा पर्न गएका छन् । तर अहिले रेग्मीज्यूले १२१ पृ. मा क्षेमसुन्दरीको अभिलेखको चर्चै नगरी अप्रकाशित वा प्रकाशित भनिरहनुपर्ने झन्झटबाट आफूलाई बचाउन खोज्नुभएको छ ।

एन्‌शन्ट् नेपाल्‌को वि. सं. २०१७ को संस्करणका ११८–११९ पृ. मा परेका कुरा अहिलेको संस्करणको २७५ पृ. मा पर्न गएका छन् । क्षेमसुन्दरीको अभिलेख इतिहास–संशोधन ४१ संख्यामा पनि छापिएको छ भनी वि. सं. २०१७ मा टिप्पणी दिने रेग्मीजीले अहिलेको संस्करणमा त्यो टिप्पणीलाई नै उडाइदिनुभएको छ ।

रेग्मीज्यूले आफ्नो ग्रन्थको सातौं अध्यायमा वृषदेवदेखि शिवदेवसम्मको इतिहास दिनुभएको छ । त्यसमा उहाँले तत्सम्बन्धी अभिलेखहरूको संक्षिप्त वर्णन पनि गर्नुभएको छ ।

यही प्रसङ्गमा उहाँले मानदेवकी छोरीका छोरा भारविको अभिलेखको पनि उल्लेख गर्नुभएको छ । सो अभिलेख रहेको ठाउँ र त्यसको प्रकाशनको विषयमा रेग्मीज्यू यस्तो लेख्नुहुन्छ–

---

१. क्षितितलतिलकभूतात् कुतूहलिजनतानिमेषनयनावलोकयमानात्

(नोली ५२ पृ.)

२. विद्या–रक्षा ३ संख्या हेर्नुहोस् ।

डिपज्'इट्इट् इन् द नेपाल् म्युजी'अम्, यॉन्ड् पब्'लिश्ड् इन् रम्झम् (नेपाली क्व$_3$र्'टर्लि) जून १९६७।

(१२३ पृ.)

[यो अभिलेख नेपाल म्युजियम (सङ्ग्रहालयमा) राखिएको छ तथा नेपाली त्रैमासिक[१] रमझमको २०२४ जेठको अङ्कमा छापिएको छ।]

रमझमको सो अङ्कमा उपर्युक्त अभिलेखको विषयमा यस्तो लेखिएको छ—

द फल'ओइङ डेड्'इके$_3$टरि स्ल्यॉब् अभ् स्टोन्........सीम्ज् टु बी इन्स्क्राइब्ड् बाइ भारवि.....। श्री राज्मान् कुसुले डिजर्भ्ज् आउर् थ्यॉङ्क्स् फर् रेस्'क्यूइङ दिस् प्रेश्'अस् पीस् अभ् स्टोन् फ्रम् द् फाउन्डे'शन् अभ् हिज् ने$_3$'बर्'ज् हाउस् ह्वाइल् आइ व$_3$ज् सर्च्'-इङ फर् इट् अन् सन्'डि, फेब्'रु अरि ५ थ् १९६१। ह्वाइल् इन् पेकिङ आइ ह्यॉड् स्टडीड् दि इन्स्क्रिप्'शन् पब्'लिश्ड् बाइ गुरु नयराज पन्त इन् अभिलेख संग्रह पार्ट् १ पेज् २८ विद् अ फील्'इङ अभ् इमेन्स् प्राइड् यॉन्ड् प्लेझ्'अर्,........

अक$_3$र्ड्'इङ टु दि एड्'इटर्ज् अभ् अभिलेख–संग्रह, गुरु नयराज पन्त ह्यॉड् सीन् द स्ल्यॉब् अभ् स्टोन् बे$_3$र्'इङ दि अबभ्' इन्स्क्रिप्'शन् आभर् द' प्ल्यॉट्'फ$_3$र्म् बिट्'वीन् अंशुवर्मन्'ज् ट् फेमस् स्टी'लाज् (गु. ने. इ. ३५ यॉन्ड् ३६) यॉन्ड् मे$_3$ड् कर्'सरि रीड्'इङ वे$_3$ ब्यॉक् इन् अबाउट् १९४० ए. डी.। ल्यॉट्'अर्, ह्वेन् द रिसर्च् वर्क्'र्ज भिजिट्इड् द साइट् फर् अ फर्'दर् स्टड्'इ, दिस् प्रेश्'अस् स्ल्यॉब् ब$_3$ज् रिमूभ्ड् ट पे$_3$भ् द फाउन्डे'शन् अभ् अ नीरबाइ बिल्ड्'इङ, सो द्यॉट् अ फ्यू लेट्'अर्ज् आफ्'टर् द ने$_3$म् अभ् भारवि अपीर्' ट ह्यॉभ् ब्रोकन् अवे$_3$ यॉन्ड् लस्ट इन् कोर्स् अभ् दि अन्फ$_3$र्'च्नेट् ट्र्यॉम्'सिट्। दिस् प्रेश्'अस् इन्स्क्रिप्'शन् इज् नाउ सेफ्लि डिपज्'इट्इड् इन् नेपाल् म्युजी'अम्, ग्राउन्ड् फ्लोर रुम् नो. १ अन्'डर् सीरिअल् नम्'बर् ०२३।७।१।

(रमझमको अंग्रेजी संस्करण ३ वर्ष २ अङ्कमा छापिएको श्रीकेसरबहादुर खत्री क्षत्रीको 'दि इन्सक्रिप्'शन् अभ् भारवि (भारविको अभिलेख) भन्ने लेख। २४–२५ पृ. बाट)

[तलको समर्पणात्मक शिलाखण्ड........भारविले कुँदाएको देखिन्छ। वि. सं. २०२३ माघ २३ गते आइतवारको दिन मैले यो शिलाखण्ड खोजिरहेको बेलामा श्रीराजमान कुसलेले आफ्ना छिमेकीको घरको जगबाट यो अमूल्य शिलाखण्ड ल्याइदिएकाले उनी मेरो धन्यवादका पात्र छन्। गुरु नयराज पन्तले अभिलेख-संग्रह १ भागको २८ पृष्ठमा छपाउनुभएको यो अभिलेखलाई पेकिङमा छँदै मैले अत्यन्त गर्वपूर्वक तथा दङ्ग परी पढिसकेको थिएँ।

अभिलेख–संग्रहका सम्पादकहरूको भनाइबमोजिम माथिको अभिलेख भएको यो शिलाखण्ड-लाई गुरु नयराज पन्तले अंशुवर्माका दुइटा नामूद शिलापत्र (गुप्ताक्षरी नेपाली अभिलेख ३५ र ३६ संख्या) को बीचमा डबलीनजीकै देख्नुभएको थियो र उहाँले वि. सं. १९९७ तिर

१. रमझमको अंग्रेजी संस्करणमा यो अभिलेख छापिएको हो।

यस अभिलेखलाई एकसरो पढ्नुभएको थियो ; पछि ती अन्वेषकहरू बढी पढ्नको लागि त्यहाँ गए । तर यो अमूल्य शिलाखण्ड नजीकैको घरमा जग हाल्न भनी त्यहाँबाट लगिएको थियो । त्यसैले भारविको नाउँपछिका केही अक्षर दुर्भाग्यवश सो शिलालेख यताउति सारिदा फुटेका र लोप भएका देखिन्छन् । यो अमूल्य अभिलेख अहिले नेपाल म्यूजियमको भुइँतलाको १ नम्बरको कोठामा दर्ता नं. ०२३।७।१ मा सुरक्षापूर्वक राखिएको छ ।]

यताबाट यो अभिलेख सबभन्दा पहिले अभिलेख–संग्रह पहिलो भागमा छापिएको थियो भन्ने कुरा बुझिन्छ ।

परन्तु रेग्मीज्यूले यहाँ संशोधन–मण्डलको अभिलेख–संग्रहको नाउँ नै लिनुभएको छैन ।

संशोधन–मण्डलको अभिलेख–संग्रहमा प्रतिलिपि नछापिएको हुनाले त्यसको नाउँ नलिएको हो भनी केही मानिस भन्लान् । त्यसो हो भने भगवान्लालले प्रतिलिपि नदिई छपाएको प्रताप मल्लको अभिलेखको उल्लेख भगवान्लालको नामसाथ नहुनुपर्ने । तर श्रीडिल्लीरमण रेग्मीज्यूले सो अभिलेखको उल्लेख भगवानलालको नाउँसाथ गर्नुभएको छ (मेडिईभल् नेपाल् चौथो भाग ८६ पृ.) । श्रीसूर्यविक्रम ज्ञवालीज्यूले पनि सो अभिलेखको चर्चा भगवान्लालको नाउँसाथ गर्नुभएको छ (नेपालउपत्यकाको मध्यकालीन इतिहास ११३ पृ.) । यसरी सबै अन्वेषकहरूले पाई आएको हक संशोधन–मण्डलको मात्र खोसिनुमा के कारण छ ?

यतिसम्मका कुराबाट संशोधन–मण्डलको नामोनिशान मेट्छु भनी रेग्मीज्यूले कम्मर कस्नुभएको कुरा पाठकहरू बुझ्न सक्नुहुन्छ ।

हामीले छपाइसकेका अभिलेखलाई रेग्मीज्यूले आफ्नो मेडिईभल् नेपाल्मा अन्पब्'लिशड् (अप्रकाशित) भन्दै सार्नुभएको कुरा पूर्णिमाका पाठकहरूले बिर्सनुभएको छैन होला★ । तर ए३न'-शन्ट् नेपाल्को यस संस्करणमा चाहिं रेग्मीजीले अर्कै चाल खेल्नुभएका छ । हामीले छपाएका कति अभिलेखको विषयमा कसले कहिले कहाँ छापेको हो केही लेख्नुभएको छैन* ।

★ पूर्णिमा ११ पूर्णाङ्कका १०८–११५ पृ.

* १ इतिहास–संशोधन ४७ क्रमागत संख्यामा छापिएको लाजिम्पाटको गुणवतीको अभिलेख (ए३न 'शन्ट् नेपाल् १२४ पृ.)

२ अभिलेख–संग्रह पहिलो भागमा छापिएको सूर्यघाटको विजयवतीको अभिलेख (८३,१२०, १२४ पृ.)

३ अभिलेख–संग्रह पाँचौं भागमा छापिएको पाटन बाहालुखाको वसन्तदेवको अभिलेख (१२४ पृ.)

४ अभिलेख–संग्रह पहिलो भागमा छापिएको पाटन खपिछेको वसन्तदेवको पालाको अभिलेख (१२४ पृ.)

५ अभिलेख–संग्रह पहिलो भागमा छापिएको लेलेको शिवदेव र अंशुवर्माको अभिलेख (१५० पृ.)

६ अभिलेख–संग्रह नवौं भागमा छापिएको हाल पाटन भण्डारखालमा राखिएको अभिलेख (१६७ पृ.)

७ अभिलेख–संग्रह पहिलो भागमा छापिएको अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेख (१९४ पृ.)

८ अभिलेख–संग्रह पाँचौं भागमा छापिएको नालाको द्वितीय शिवदेवका पालाको अभिलेख (१९८ पृ.)

हामीले प्रकाश गरेका लिच्छविकालका अभिलेख हर्न रेग्मीज्यूले गर्नुभएको दाउपेचको नमूना माथि देखाइयो । यसै गरी हाम्रा निबन्धहरूबाट पनि उहाँले धेरै कुरा सुटुक्क सार्नुभएको छ। लिच्छविकालको पाञ्चाली (पञ्चायत) व्यवस्थाबारे सर्वप्रथम प्रामाणिक रूपमा हामीले 'पूर्णिमा' १२ अङ्कमा प्रकाश पारेका थियौं । रेग्मीज्यूले आफैंले नयाँ खोजी गरे जस्तै गरी ती कुरा सार्नुभयो (२५०–२५७ पृ.) । रेग्मीज्यूका यस्ता कुराबारे विस्तारपूर्वक पछि हामी लेख्नेछौं ।

रेग्मीज्यूको किताबमा निकै अशुद्धिहरू पनि परेका छन् । जस्तै—

दि अर्'लिइस्ट् रेफ्'रन्स् इज् ट सुपुष्प अभ् पाटलिपुत्र हू ल्फर्'इशड् ट्वेन्'टि–थ्री जेन'- अर्'एउशन्ज् प्रीभिअस् ट जयदेव (१)

(१२१ पृ.)

[पहिलो नामोल्लेख पाटलिपुत्रका सुपुष्पको भएको छ । उनी प्रथम जयदेवभन्दा २३ पुस्ताअघि भएका थिए ।]

यसरी द्वितीय जयदेवको पशुपतिको अभिलेखमा उल्लिखित सुपुष्प पाटलिपुत्र (पटनाका) हुन् भनी रेग्मीज्यूले लेख्नुभएको छ ।

पं. भगवान्लाल इन्द्रजीले यो अभिलेख सर्वप्रथम छपाउँदा सुपुष्पको उल्लेख भएको भागको पाठ उनले यसरी पढेका थिए–

श्रीमान्पुष्पपुरे कृतिः क्षितिपतिर्ज्जातः सुपुष्पततः

(ट्वेन्'टि–थ्री इन्स्क्रिप्'शन्ज् फ्रम् नेपालको १७ पृ.)

यो अंशका अंग्रेजी अनुवाद भगवान्लालको सो पुस्तकमा यसरी दिइएको छ—

देन् यान् इलस्'ट्रिअस् हो'लि प्रिन्स्, कउल्ड् सुपुष्प, वउज् बर्न् इन् पाटलिपुत्र ।

(१९ पृ.)

[त्यसपछि सुपुष्प नाउँ भएका प्रख्यात तथा पवित्र राजा पाटलिपुत्रमा जन्मेका थिए ।]

पाटलिपुत्रको टिप्पणीमा "पाटलिपुत्र अउर् पटना" भनी त्यहाँ लेखिएको छ ।

भगवान्लालले वि. सं. १९३७ मा प्रकाश गरेको यही पाठको आधारमा धेरैपछिसम्म पनि सुपुष्प पाटलिपुत्रका हुन् भन्ने कुरा इतिहासकारहरूले मानिरहेका थिए ।

तर वि. सं. २०१३मा रेनिइरो नोलीले सुपुष्पसम्बन्धी सो पाउलाई यसरी पढे—

श्रीमान्पुष्पशराकृतिः क्षितिपतिर्ज्जातः सुपुष्पस्ततः

(११६ पृ.)

भगवान्लालको "पुष्पपुरे कृतिः" पाठको सट्टा नोलीले "पुष्पशराकृतिः" भन्ने पाठ पढेपछि यस विषयमा निकै चर्चा चल्यो । किनभने 'पुष्पपुरे कृतिः' भन्ने पाठले पुष्पपुरका सुपुष्प भन्न

अर्थ व्यापक भइरहेको वेलामा "पुष्पशराकृति:" भन्ने पाठले कामदेव जस्ता भन्ने काव्यात्मक सामान्य अर्थ मात्र व्यक्त गरिएकोले यो चर्चा हुन गएको हो ।

यस विषयमा हामीलाई शङ्का लाग्यो र मूल शिलालेख रहेको ठाउँमा गई पढी त्यसको प्रतिलिपि पनि ल्यायौं । सो भागको प्रतिलिपि यस्तो छ—



न्पु ष्प श रा कृ ति :

यस कारण

श्रीमान्पुष्पशराकृति: क्षितिपतिर्ज्जात: सुपुष्पस्तत:

भनी नोलीले पढेको पाठ नै शुद्ध छ । यसको अर्थ 'त्यसपछि कामदेव जस्ता राम्रा राजा सुपुष्प जन्मनुभयो' भन्ने हुन्छ ।

नोलीको पाठ शुद्ध हुन्छ भनी लेख्ने रेग्मीज्यूले नोलीको पाठको वास्ता नगरी किन सुपुष्पलाई पाटलिपुत्रकै भनी लेख्नुभएको हो विचारणीय छ ।

अन्वेषकहरूले शुद्ध ठहराइसकेको पाठलाई नीच मारी रेग्मीज्यूले यसो लेखिरहनुभएबाट नेपालको इतिहासमा भारतीय प्रभाव परेको देखाउन रेग्मीज्यूले यसो गर्नुभएको त होइन भन्ने शङ्का गर्ने ठाउँ नभएको होइन ।

रेग्मीज्यूले जानाजान वा नजानी गर्नुभएका अरू अशुद्धिलाई क्रमश: हामी पछि देखाउनेछौं ।

सूचना—यो अङ्क पनि समयमा प्रेसबाट निस्कन सकेन । अहिले फागुनको दोस्रो हप्तामा मात्र यो निस्क्यो ।

## शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| १३१ | ४ | त्वा | त्वा |

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल
१०।४५२ महाबौद्ध काठमाडौं नेपाल

वि. सं. २०२६
श्रावण–भाद्र–आश्विन

वार्षिक मूल्य– रु. ८।
( डाँकखर्च अलग )
यस अङ्कको मूल्य ३।

मुद्रक—
जोरगणेश प्रेस प्रा० लि०
बालाजु औद्योगिक क्षेत्र, काठमाडौं